# लुम्बिनी साँस्कृतिक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल



# पर्यटन विकास गुरुयोजना
# २०७९

# विषय सूची


अध्याय - १: परिचय १

१.१ पृष्ठभूमि १

१.२ पर्यटन गुरुयोजनाको उद्देश्य २

१.३ पर्यटन गुरुयोजनाको अपेक्षित प्रतिफल २

१.४ अध्ययन विधि ३

१.४.१ प्रकाशित सुचना तथा तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण ३

१.४.२ पर्यटकीय क्षेत्रको स्थलगत अवलोकन ४

१.४.३ तथ्याङ्क विश्लेषण एवं प्रतिवेदन तयारी ४

१.५ अध्ययनको क्षेत्र र सिमा ५

अध्याय - २: नेपालमा पर्यटनको वर्तमान अवस्था ६

२.१ विश्वमा पर्यटनको इतिहास ६

२.२ नेपालमा पर्यटनको इतिहास र वर्तमान अवस्था ६

२.३ नेपालमा पर्यटन गुरुयोजनानको रूपरेखा ११

२.३.१ पर्यटन नीति २०६५ १२

२.३.२ पर्यटन परिलक्ष्य २०२० १४

२.३.३ राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) १५

२.४ सम्वन्धित क्षेत्रीय तथा स्थानीय पर्यटन योजना १६

२.४.१ लुम्बिनी गुरु योजना **(Lumbini Master Plan)** १६

२.४.२ ग्रेटर लुम्बिनी विकास आयोजना **(Greater Lumbini Development Project)** १७

२.५ पर्यटनको महत्त्व १८

अध्याय - ३: लुम्बिनी साँस्कृतिक नगरपालिकाका मुख्य पर्यटकीय सम्पदाहरू २२

३.१ लुम्बिनी साँस्कृतिक नगरपालिकाको संक्षिप्त चिनारी २२

३.१.१ भौगोलिक अवस्थिति २४

३.१.२ राजनैतिक तथा प्रशासनिक विवरण २५

३.१.३ जनसाङ्ख्यिक विवरण २६

३.२ नगरपालिकाको भू-उपयोग अवस्था २८

३.३ मुख्य पर्यटकीय क्षेत्रहरू, वर्तमान अवस्था र सम्भावना ३०

३.३.१ ऐतिहासिक सम्पदाहरू ३०

३.३.२ धार्मिक तथा साँस्कृतिक सम्पदाहरू ३६

३.३.३ प्राकृतिक सम्पदाहरू ५०

३.३.४ मानव निर्मित सम्पदाहरू ५९
३.४ मुख्य पर्यटकीय क्षेत्रहरूको समष्टिगत विवरण ६३
३.५ लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन विकासका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू ६४
३.५.१ सबल पक्षहरू ६४
३.५.२ कमजोर पक्षहरू ६६
३.५.३ अवसरहरू ६८
३.५.४ चुनौतिहरू ७०
३.६ प्रमुख पर्यटकीय सम्भावनाका क्षेत्रहरू ७१
३.६.१ ग्रामिण पर्यटन (घरवास पर्यटन) ७१
३.६.२ जल पर्यटन **(Water Tourism)** ७४
३.६।३ कृषि पर्यटन **(Agro Tourism)** ७६
३.६.४ शैक्षिक पर्यटन (अध्ययन अनुसन्धान पर्यटन) ७९
३.६.५ पर्या-पर्यटन ८३
३.६.६ धार्मिक पर्यटन ८३
३.६.७ खेल पर्यटन ८४
३.६.८ मनोरञ्जन पार्क तथा वनभोज स्थलहरू ८५
३.६.९ साँस्कृतिक पर्यटन ८७
३.६.१० दृष्याबलोकन तथा बर्ड वाचिंग केन्द्रहरू ९१
३.६.११ पद यात्रा र साइक्लिंग ९१
३.७ भौतिक पुर्वाधारको वर्तमान अवस्था ९१
३.७.१ सडक ९२
३.७.२ बैक तथा वित्तिय संस्था ९२
३.७.३ विद्युत ९२
३.७.४ पदमार्ग ९३
३.७.५ हवाई मार्ग ९३
३.७.६ संचार ९३
३.७.७ स्वच्छ खानेपानी र सरसफाई ९४
३.७.८ सुरक्षा र सावधानी ९४
३.७.९ पर्यटन सूचना ९४
३.७.१० हस्तकला चिनो पसल तथा बिक्री केन्द्र ९५
३.७.११ संग्रहालय तथा साँस्कृतिक केन्द्र ९५
३.७.१२ मानव संशाधन ९५
३.८ बसोबासको सुविधा ९५

३.९ पर्यटन प्रवर्धनको लागि हालसम्म भएका प्रयासहरू ९५
३.९.१ पर्यटन प्रवर्धनका लागि हुने गरेका प्रवर्धनात्मक कार्यक्रमहरू ९६
३.९.२ पर्यटन क्षेत्रमा काम गरेका संस्थाहरू ९७
अध्याय - ४: पर्यटन विकास योजना तथा कार्यक्रमहरू ९९
४.१ पर्यटन विकास गुरुयोजनाको लक्ष्य, उद्देश्य तथा रणनीति ९९
४.२ मार्गदर्शक सिद्धान्तहरू १००
४.३ योजनाका रणनीतिहरू १०२
४.४ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रमहरू १०४
४.४.१ अल्पकालीन योजना १०४
४.४.२ मध्यकालीन योजना १०५
४.४.३ दीर्घकालीन योजना १०५
४.५ विषयगत कार्य योजनाहरू १०६
४.५.१ पर्यटन विकास कार्ययोजना १०७
४.५.२ मानव संसाधन क्षमता विकास कार्ययोजना १०८
४.५.३ पर्यटन पूर्वाधार विकास कार्ययोजना १०८
४.५.४ पर्यटन रोजगारी तथा सीप विकास कार्ययोजना १०९
४.५.५ पर्यटन प्रवर्धन र बजारीकरण विकास कार्ययोजना ११०
४.५.६ पर्यटकीय तथा वातावरण सचेतना कार्यक्रम ११०
४.५.७ नविन पर्यटन उत्पादन विकास तथा पर्यटकीय क्रियाकलाप विविधिकरण कार्ययोजना १११
४.५.८ जैविक विविधता तथा भू-परिदृष्य संरक्षण तथा व्यवस्थापन कार्ययोजना १११
४.५.९ संस्थागत विकास कार्ययोजना ११२
४.६ पर्यटन विकास गुरुयोजनामा सिफारिस गरिएका कार्यक्रमहरू ११३
४.६.१ पर्यटन क्षेत्रविशेष कार्यक्रमहरू ११३
४.६.२ मानव संसाधन क्षमता विकास कार्यक्रम १३१
४.६.३ पर्यटन प्रवर्धन, बजारीकरण तथा अनुसन्धान विकास कार्ययोजना १३४
४.६.४ पर्यटकीय तथा वातावरण सचेतना कार्ययोजना १३७
४.६.५ नविन पर्यटकीय उत्पादन विकास तथा पर्यटकीय क्रियाकालाप विविधिकरण कार्य योजना १३८
४.६.६ जैविक विविधता तथा प्राकृतिक परिदृष्य संरक्षण तथा व्यवस्थापन कार्ययोजना १३९
४.६.७ संस्थागत विकास कार्ययोजना १४०
४.६.८ पर्यटन सुबिधा, पूर्वाधार तथा नया पर्यटकीय उत्पादन विकास कार्यक्रम १४१
४.७ लुम्बिनीमा पर्यटन विकासमा प्राथमिकता दिनु पर्ने कार्यक्रमहरू १४४

**अध्याय - ५: पर्यटन व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन** १४५

५.१ पर्यटन व्यवस्थापन योजना १४५

५.२ योजना कार्यान्वयन, अनुगमन तथा मुल्यांकन संयन्त्र १४९

**अध्याय - ६: निष्कर्ष र सारांश** १५२

**अनुसूचीहरू** १५४

अनुसूची १ — पर्यटन गुरू योजना तयारीको लागि छलफलमा सहभागीहरू १५४

अनुसूची २ — माइन्यूट १५८

# कार्यकारी सारांश

लुम्बिनी साँस्कृतिक नगरपालिका लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लामा पर्ने एक ऐतिहासिक, साँस्कृतिक र पुरातात्त्विक महत्त्व रहेको नगरपालिका हो । लुम्बिनी साँस्कृतिक नगरपालिका लुम्बिनी प्रदेश र नेपालको मात्र नभएर विश्वकै एक अनुपम धार्मिक तथा पर्यटकीय गन्तव्य हो ।

नेपालमा उच्च प्रविधिमा आधारित उद्योग तथा कलकारखानाबाट उत्पादित विश्वस्तरका सामग्री तथा उत्पादनहरूको बलमा विश्व पूँजी बजारमा व्यापक प्रतिस्पर्धा गरी राष्ट्रिय तथा ग्रामीण अर्थतन्त्र माथि उठाउने सम्भावना आगामी ५०औं वर्षसम्म समेत झिनो र असम्भव देखिन्छ तर प्रकृति प्रदत्त हाम्रा प्राकृतिक सम्पदाहरू र साँस्कृतिक धरोहरको उच्चतम सदुपयोग गरी एकातर्फ बृहत्तर रूपमा पर्यटनको विकास र अर्कोतर्फ प्राङ्गारिक रैथाने उपजहरूको ब्रान्डीङ गरेर भने हामी संसारमा अन्य देशहरूलाई उछिन्न सक्ने सामर्थ्य राख्दछौं । तसर्थ लुम्बिनी साँस्कृतिक नगरपालिकाको यो पर्यटन गुरुयोजना यो क्षेत्रको उच्चतम पर्यटन विकास मार्फत राष्ट्र र विश्वमै मौलिक पहिचान सहितको नमूना पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने तर्फ परिलक्षित छ ।

यस गुरुयोजनाले लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका समग्र पर्यटकीय क्षेत्रहरूको पहिचान र विकास मार्फत पर्यटकीय कृयाकलापहरूको खोजी र अभ्यास गरी व्यापक संख्यामा पर्यटकहरू भित्र्याउने उद्देश्यका साथ रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरेको छ । रणनीतिक योजनामा मूल रूपमा दुईवटा पक्षहरूलाई मुखरित गर्ने प्रयास गरिएको छ । पहिलो पर्यटक आर्कषण र दोस्रो उनीहरूको बसाई लम्ब्याउने कार्यक्रमहरूको विकास । यी दुवै उद्देश्य हासिल गर्ने कार्यनीति अन्तर्गत आवश्यक सम्पूर्ण पर्यटकीय पूर्वाधारहरू जस्तै सडक, यातायात, सञ्चार, सूचना केन्द्र, सुरक्षा, बैंक, स्वास्थ्य उपचार, बसोबासको बन्दोबस्त, परिकार, साँस्कृतिक कार्यक्रमहरू, पर्यटकीय गतिविधिहरू आदिको दिगो विकासलाई प्राथमिकता दिई पूर्ण रूपमा जनसहभागिता तथा सरोकारवालाहरूको प्रत्यक्ष संलग्नतालाई सुनिश्चित गर्ने उद्देश्यका साथ सम्पूर्ण सरोकारवालाको सहयोग र साथको अपेक्षा गरिएको छ ।

विभिन्न धार्मिक, साँस्कृतिक, एवं ऐतिहासिक स्थलहरू रहेको नगरपालिकामा पर्यटनको विस्तार गर्ने प्रचुर सम्भावना रहेको छ । राष्ट्रकै ऐतिहासिक धरोहरको रूपमा रहेको लुम्बिनी क्षेत्र, लुम्बिनी साँस्कृतिक नगरपालिकामा अवस्थित छ । लुम्बिनी विकास क्षेत्रका रूपमा परिचित उक्त स्थलले नगरपालिकाको ३, ६, ७, ८ र १० नम्बर वडाहरू समेट्छ । भगवान् शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा प्रचलित स्थल बौद्ध धर्ममा विश्वास गर्ने मानिसहरूका लागि सबैभन्दा

पवित्र स्थानहरू मध्ये एक मानिन्छ । बुद्धको जन्मस्थलको सन्दर्भमा पहिलो इपिग्राफिक प्रमाण दिने अशोक स्तम्भ, पुस्करिनी भनेर चिनिने पवित्र पोखरी, राजकुमार सिद्धार्थको जन्मस्थलको सही स्थानको पहिचान गराउने मार्कर स्टोन, वडा नं १२ को बन्जराइ र वडा नं २ को अघौंली क्षेत्र, वडा नं. १३ मा पर्ने पैसिया गाउँमा रहेको शिव मन्दिर, वडा नं १३ मा अवस्थित समाई माइ थान आदि यस नगरपालिकाको पुरातात्त्विक हिसाबले महत्त्वपूर्ण एतिहासिक सम्पदाहरूमा पर्छन् । नगरपालिकाका धार्मिक तथा साँस्कृतिक सम्पदाहरूमा वडा नं ५ मा पर्ने मायादेवी मन्दिर, प्राचिन सिद्धेश्वोर महादेव मन्दिर, वडा नं १२ को आजमामा अवस्थित रामजानकी मन्दिर, वडा नं २ को पौहारी बाबा आश्रम, वडा नं १२ को प्राचिन दुर्गा मन्दिर आदि पदर्छन् ।

# अध्याय १: परिचय

## १.१ पृष्ठभूमि

भौगोलिक विविधता, हिमालको सुन्दर शृङ्खला, मानिसको सँस्कृति र परम्परामा विविधता, हरियालीको प्रचुर उपस्थिति र संरक्षित वन्यजन्तुका कारण प्राकृतिक विविधतामा धनी भएता पनि नेपालमा पर्यटन क्षेत्र पूर्ण रूपमा फस्टाउन सकेको छैन । यसको एउटा प्रमुख कारण दीर्घकालीन योजना निर्माण भई प्रभावकारी कार्यान्वयन नहुनु हो ।

पर्यटन क्षेत्रमा लगानी, सेवा सुधार लगायतका सरकारका विभिन्न नीतिहरू कार्यान्वयनमा छन् । नेपाल सरकारले पर्यटन उद्योगको प्रवर्धन गरी मुलुकको आर्थिक विकास र विद्यमान गरिबीको स्तरलाई यथासम्भव न्यूनीकरण गर्न महत्त्वपूर्ण नीति बनाएको छ । यही अपेक्षाका साथ सरकारले आफ्नो वार्षिक योजनामा प्रत्येक सङ्घीय प्रदेशमा पर्यटकीय गन्तव्यको विकाससँगै कार्यान्वयन गर्ने विभिन्न कार्यक्रमहरू तोकेको छ ।

पर्यटनको गुरुयोजनाले विभिन्न राष्ट्रिय सरकारी निकायहरू, स्थानीय सरकारका एकाइहरू र निजी क्षेत्रसँग समन्वय गर्न र समस्याहरू पहिचान गर्न, रणनीतिक दिशा र क्षेत्रगत प्राथमिकताहरू विकास गर्न र कार्य योजना तर्जुमा गर्न मद्दत गर्दछ। पर्यटनलाई अहिले सामान्य रूपमा रोजगारीको प्रमुख स्रोतको रूपमा मात्र नभई स्थानिय सँस्कृतिको संरक्षण र अर्थतन्त्र र सामाजिक गतिशीलताको शहरी र ग्रामीण पुनर्जन्मको लागि उत्प्रेरकको रूपमा पनि हेरिन्छ। पर्यटन गुरुयोजनाले पर्यटन विकासमा व्यापक सेवाहरू विकास गर्न विस्तृत चित्र प्रदान गर्दै यस योजनाको पद्धतिमा नविनता ल्याउने गर्दछ। हालका वर्षहरूमा प्रकृति पर्यटन र समुदायमा आधारित पर्यटनको विकासमा ध्यान केन्द्रित गरिएको छ, जसमा पर्यटनले वातावरण संरक्षण, साँस्कृतिक पुनरुत्थान र सामाजिक विकासको लागि महत्त्वपूर्ण भूमिका खेल्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद ३, दफा ११, उपदफा (२) ६ को ११, १२ ले पर्यटकीय स्थलहरूको विकास, विस्तार र प्रवर्धन, योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ । स्थानीय सरकारलाई स्थानीय परम्परागत, सांस्कृतिक र पुरातात्त्विक सम्पदाको संरक्षण गर्ने अधिकार पनि दफा (११), उपदफा (२) फ मा रहेको छ । यो साँस्कृतिक पर्यटनको दायरा अन्तर्गत आउँछ जुन पर्यटन गुरुयोजनाको एक प्रमुख भाग हो। राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) ले सन् २०२५ सम्ममा २५ लाख २२ हजार पर्यटक भित्र्याउने लक्ष्य राखेको छ भने यस अवधिमा करिब नौ हजार रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ ।

## १.२ पर्यटन गुरुयोजनाको उद्देश्य

यो पर्यटन गुरुयोजनाको प्रमुख उद्देश्य लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका विभिन्न धार्मिक, साँस्कृतिक तथा प्राकृतिक पर्यटकीय सम्पदा र स्थानहरूको पहिचान, प्रवर्धन, विकास र प्रचार प्रसार गरी यहाँका बासिन्दाहरूको आय आर्जनमा टेवा पुऱ्याई उनीहरूको जीवनस्तरमा सुधार ल्याउनु विकास गर्नु नै हो । साथै पर्यटनको माध्यमद्वारा यहाँ रहेका विभिन्न स्थानीय कला, सँस्कृति, भाषा, रहनसहन, चाडपर्व, परम्परा र जीवनशैलीको प्रवर्धन, विकास र प्रचारप्रसार गर्नु पनि अर्को उद्देश्य हो । कुनै पनि विकास निर्माणका कार्यहरू स्थानीय बासिन्दाहरूको सहभागिता र स्वामित्व बिना सम्भव हुँदैनन् । तसर्थ स्थानीय स्तरमा पर्यटनको विकास समेत स्थानीय बासिन्दाहरूको सहभागिता बिना सम्भव हुँदैन । पर्यटनको विकास मार्फत स्थानीय बासिन्दा तथा नगरपालिकाको समग्र विकास गर्ने हेतुले यो पर्यटन गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने उद्देश्य लिइएको छ ।

अहिलेको विश्व परिवेशमा पर्यटन कुनै पनि देशको आर्थिक विकासको प्रमुख क्षेत्र बन्न सफल भएको छ । विज्ञान, पूँजी, सुचना, सञ्चार तथा सम्पर्कको विकास सँगै मानिसहरू विभिन्न कामको सिलसिलामा एक ठाउँबाट अर्को ठाउँमा जाने क्रमको विकास भए पश्चात पछिल्लो समयमा पर्यटन व्यवसायले ठुलो फड्को मारिसकेको छ र विभिन्न देशले पर्यटनको विकासद्वारा देश विकासमै उल्लेख्य फड्को समेत मारिसकेका छन् । पर्यटकीय स्थानहरूको पहिचान, प्रवर्धन, विकास र प्रचार प्रसारद्वारा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गरी स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुऱ्याई उनीहरूको जीवनस्तरमा सुधार गर्नु नै पर्यटन विकासको प्रमुख उद्देश्य हो । साथै पर्यटनको माध्यमद्वारा स्थानीय कला, सँस्कृति, भाषा, रहनसहन, चाडबाड, परम्परा र जीवनशैलीको प्रवर्धन, विकास र प्रचारप्रसार गर्नु समेत अर्को उद्देश्य रहेको छ ।

## १.३ पर्यटन गुरुयोजनाको अपेक्षित प्रतिफल

कुनै पनि योजनाको कार्यान्वयन पछि उक्त योजनाले राखेका उद्देश्यहरूको प्राप्ति गर्नु नै अपेक्षित प्रतिफल हो । पर्यटन विकास लगायतका सबै योजनाहरूको उद्देश्यको केन्द्रमा स्थानीय बासिन्दाहरूको जीवनशैलीमा परिवर्तन ल्याउने र उनीहरूलाई गुणस्तरीय जीवन जिउन सक्षम तुल्याउने नै हुन्छ । यो पर्यटन विकास गुरुयोजनाको कार्यान्वयन पछि स्थानीय धार्मिक, प्राकृतिक, साँस्कृतिक र पर्यटकीय स्थलहरूको पहिचान, प्रवर्धन, विकास तथा प्रचारप्रसार भई आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि हुनेछ जसले स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुऱ्याई उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक लगायतका अवस्थामा सुधार तथा

सकारात्मक परिवर्तन आउने र नगरपालिकाको समग्र विकासमै टेवा पुग्ने अपेक्षा गरिएको छ । सामान्यतया यो गुरुयोजनाको निम्नलिखित अपेक्षित प्रतिफल हुनेछन् ।

- स्थानीय धार्मिक, प्राकृतिक, साँस्कृतिक ऐतिहासिक र पर्यटकीय स्थलहरूको पहिचान, प्रवर्धन, विकास तथा प्रचारप्रसार हुनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि हुनेछ ।
- पर्यटकहरूको आगमनमा वृद्धि सँगसँगै पर्यटकीय पूर्वाधार, उद्योग, व्यापार व्यवसायमा वृद्धि हुनेछ ।
- स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुगी उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक लगायतका अवस्थामा नै सुधार तथा सकारात्मक परिवर्तन आउनेछ ।
- स्थानीय बासिन्दाहरू विश्वस्तरीय ज्ञान, विज्ञान, साहित्य र जीवनशैलीबाट लाभान्वित भई विश्व नागरिक बन्न सक्नेछन् ।
- स्थानीय कला, सँस्कृति, भाषा, रहनसहन, चाडबाड, परम्परा र जीवनशैलीको प्रवर्धन, विकास र प्रचारप्रसार हुनेछ ।
- पर्यटन विकासको माध्यमद्वारा नगरपालिकाको समग्र विकासमै टेवा पुग्नेछ ।
- कला, सँस्कृति, भाषा, रहनसहन, चाडबाड, परम्परा र जीवनशैलीको आदानप्रदान हुनेछ।

## १.४ अध्ययन विधि

यस पर्यटन गुरुयोजना नेपालको पर्यटन निति लगायतका पर्यटन सँग सम्वन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी मापदण्ड र उत्तम अभ्यासहरूमा व्यवस्था भएका प्रावधानहरूको अध्ययन र अनुसरण गरी तयार गरिएको हो । जस अनुसार प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त सुचना तथा तथ्याङ्कहरू अध्ययन तथा संकलन, पर्यटकीय क्षेत्रको स्थलगत भ्रमण तथा अवलोकन, स्थानीय जनसमुदायहरू र नगरपालिकाका पदाधिकारीहरू सँग समेत छलफल तथा अन्तरकृया गरिएको छ । स्थलगत भ्रमण तथा अवलोकनबाट पर्यटकीय सम्पदाहरूको जानकारी संकलन गरियो भने सामाजिक तथा आर्थिक जानकारी राष्ट्रिय जनगणना २०६८ वाट साभार गरिएको छ।

### १.४.१ प्रकाशित सुचना तथा तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण

#### १.४.१.१ कार्यालय अध्ययन तथा सन्दर्भ सामाग्रीहरूको पुनरावलोकन

यस अन्तर्गत पर्यटन गुरुयोजना तयार गर्न आवश्यक पर्ने द्वितीय तथ्याङ्क तथा सुचनाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । सामाजिक-आर्थिक जानकारीहरू राष्ट्रिय जनगणना २०६८ बाट समावेश गरिएको छ । सन्दर्भ सामग्रीको हकमा पर्यटन नीति, २०६५ र पर्यटन गुरुयोजना,

२०६५, पर्यटन परिलक्ष्य २०२०, राष्ट्रिय पर्यटन रणनीतिक योजना २०१६-२०२५ आदि प्रतिवेदनहरू संकलन गरि अध्ययन तथा विश्लेषण गरिएको छ ।

#### १.४.१.२ भौगोलिक तथा राजनितिक नक्शाहरूको अध्ययन

पर्यटकीय क्षेत्रको भौगोलिक तथा राजनितिक विभाजनको जानकारी र अवस्थितिका साथै अन्य धार्मिक तथा प्राकृतिक महत्त्वका स्थानहरूको जानकारी हासिल गर्नका लागि नापी विभागबाट प्राप्त गरिने टोपो नक्शा र गुगल नक्शावाट पनि उपलब्ध सन्दर्भ सामग्रीहरू अध्ययन गरी विवरणहरूको जानकारी लिईएको थियो ।

### १.४.२ पर्यटकीय क्षेत्रको स्थलगत अवलोकन

स्थलगत भ्रमण तथा अवलोकनबाट प्राप्त गर्नु पर्ने जानकारीहरू संकलन गर्नका लागि पर्यटकीय गतिविधि सँग सम्बन्धित सम्पूर्ण पक्षहरू समावेश गरी चेकलिष्ट निर्माण गरियो । सो चेकलिष्टमा पर्यटकीय क्षेत्रको भौगोलिक, भौतिक, धार्मिक तथा साँस्कृतिक, आर्थिक तथा जैविक वातावरण सँग सम्बन्धित विषयवस्तु समावेश गरियो । विशेषज्ञ टोलीले स्थलगत भ्रमण तथा अध्ययनका क्रममा नगरपालिकाका प्रतिनिधि, संस्थाका प्रतिनिधिहरू, पर्यटन तथा होटल व्यवसायीहरू, स्थानिय क्लबहरू, सामाजिक संस्थाहरू, नागरिक समाज, र पार्टीका प्रतिनिधिहरूसँग भेटघाटका साथै निश्चित प्रश्नावलीमा आधारभूत भई समूहगत छलफल गरी तथ्याङ्क संकलन कार्य गरियो ।

प्रस्ताव क्षेत्रको स्थलगत भ्रमण तथा अध्ययनका क्रममा त्यहाँको पर्यटकीय महत्त्वका प्राकृतिक वातावरण, साँस्कृतिक तथा धार्मिक सम्पदा, ताल तलैया, सिमसार क्षेत्र, नदी नाला, जङ्गल, वन्यजन्तु आदिको टिपोट गरिएको थियो। पर्यटकीय क्षेत्रको भुगोलको अवस्था, जलाधार क्षेत्र लगायतका भौतिक वातावरणका बारेमा पनि जानकारी संकलन गर्ने कार्य गरिएको थियो ।

ग्रामीण लेखाजोखा विधिको प्रयोग मार्फत विभिन्न जाती, धर्म, पेशा, वर्ग आदिको प्रतिनिधित्व हुने गरी समूहगत छलफलबाट सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण सम्बन्धी जानकारी लिइएको थियो । ऐतिहासिक सम्पदा तथा साँस्कृतिक सम्पदाहरूहरूको अवलोकन भ्रमण र जानकार ब्यक्तिहरूसँगको छलफलबाट समेत जानकारी संकलन गर्ने कार्य गरिएको थियो । यसको अतिरिक्त विभिन्न समूह समुदाय वा पेशागत समूह संघ संस्था आदि सँगको छलफल तथा अन्तरक्रिया समेत आयोजना गरिएको थियो ।

### १.४.३ तथ्याङ्क विश्लेषण एवं प्रतिवेदन तयारी

पर्यटकीय क्षेत्रहरूको विस्तृत अध्ययन तथा भ्रमणबाट प्राप्त भएका प्रथम तथा द्धितिय तथ्याङ्क तथा सुचनाहरूलाई विश्लेषण तथा संक्षिप्तिकरण गरी आवश्यकता अनुसार तालिका, नक्शा तथा

चित्रहरूमा राखी गुरुयोजनाको उपयुक्त भागमा समावेश गरिएको छ । तसर्थ प्राप्त जानकारीहरूबाट (सन्दर्भ सामाग्री, स्थलगत अध्ययन, पुनरावलोकन अध्ययनबाट प्राप्त) गुरुयोजना प्रतिवेदन कार्यान्वयन गर्दा हालै भएका पर्यटकीय स्थलको थप प्रचारप्रसार र विकास हुने तथा सम्भावित पर्यटकीय स्थलको पहिचान भई स्थानीय तह तथा देश कै आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।

## १.५ अध्ययनको क्षेत्र र सिमा

यो गुरुयोजना लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन विकास गर्ने उद्देश्यले तयार पारिएको हुनाले यस गुरुयोजनामा लुम्बिनी साँस्कृतिक नगरपालिकाका विभिन्न पर्यटकीय स्थलहरूको मात्र छनौट र अध्ययन गरिएको छ । यस अध्ययनमा लुम्बिनी साँस्कृतिक नगरपालिका भित्रका पर्यटकीय स्थलहरू तथा सम्भावित पर्यटकीय स्थलहरूको विकास गर्ने गुरुयोजना बाहेकका अन्य पक्षहरूलाई समावेश गर्न नसकिएको सन्दर्भमा यसका निम्नलिखित सिमाहरू रहेका छन।

- गुरुयोजना निर्माणको क्रममा प्रथम श्रोतबाट तथ्याङ्कहरूको सङ्कलन गर्न नसकिएको अवस्थामा द्वितीय श्रोतबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरिएको छ ।
- जिल्ला समन्वय समिति, नगरपालिका, लुम्बिनी विकास कोष, केन्द्रीय तथ्याङ्क विभाग २०११ र अन्य प्रिन्ट मिडिया एवं अनलाइन मिडियाका तथ्याङ्कहरूलाई द्वितीय श्रोतका तथ्याङ्कको रूपमा प्रयोग गरिएको छ ।
- स्थानीय साधन र श्रोतको अधिकतम उपयोग र परिचालनलाई विशेष प्राथमिकता दिई जनसहभागितामूलक योजना निर्माण प्रक्रिया र कार्यान्वयनलाई प्राथमिकता दिइएको छ।
- यस गुरुयोजनाको मुख्य क्षेत्र र सिमा भनेको स्थानीय समुदायलाई केन्द्रमा राखी उनीहरूको सहभागिता बिना यो गुरुयोजनाको कार्यान्वयन सम्भव हुँदैन भन्ने मान्यतालाई आत्मसात् गरिएकाले उनीहरूको पुर्ण सहभागिताले मात्र यसले लिएको लक्ष्य, उद्देश्य र नतिजाहरू हासिल गर्न सकिन्छ भन्ने रहेको छ ।

# अध्याय – २ः नेपालमा पर्यटनको वर्तमान अवस्था

## २.१ विश्वमा पर्यटनको इतिहास

पर्यटन क्षेत्रलाई विश्वमा नै सबैभन्दा तिव्र गतिमा विस्तार भएको क्षेत्रमध्ये एक मानिन्छ । प्राचीन कालमा मानिसहरूले आफ्नो आवश्यकता पुरा गर्ने, अध्ययन गर्ने, वरपरको कुराहरूको वस्तुस्थिति जान्ने बुझ्ने उत्सुकताबाट सुरु भएको भ्रमण कार्यले आज आएर अन्तरिक्ष पर्यटनको समेत रूप लिई सकेको छ । प्रविधिको क्षेत्रमा आएको चमत्कारिक विकाससँगै साँघुरिँदै गएको वर्तमान विश्वमा पर्यटन विकासले ठूलो फड्को मारिसकेको छ ।

संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संगठनका अनुसार २०१९को र २०२०को तुलनात्मक अध्ययन गर्दा २०१८मा आएको पर्यटकहरूको संख्या १,१७३,००० मा २.०४ प्रतिशतले वृद्धि भई ११,९७,००० पुगेको देखिन्छ भने सन् २०२०मा आई पुग्दा ८०.७ प्रतिशतले घटेर आगमन संख्या २३०००० पुगेको देखिन्छ । यस तथ्यांकलाई विश्लेशण गर्दा कोभिड-१९ले पर्यटन क्षेत्रमा विकराल असर परेको स्पष्ट हुन्छ ।

## २.२ नेपालमा पर्यटनको इतिहास र वर्तमान अवस्था

मौलिक सँस्कृति, स्वच्छ वातावरण, मनमोहक पर्वतीय श्रृङखलाहरू, साहसिक र चुनौतीपूर्ण भौगोलिक अवस्थितिले गर्दा पर्यटनको लागि नेपाल विश्वमा नै अनुपम गन्तव्य मानिन्छ । दक्षिणमा समतल तराई मध्य भागमा महाभारत पर्वत श्रृंखला र उत्तरमा मनमोहक हिमाली चुचुराहरू सहितको भौगोलिक विविधताले भरिपूर्ण प्राकृतिक वातावरणले गर्दा नेपालको पर्यटन क्षेत्र मौलिक र साहसिक पर्यटनको लागि संसारभर परिचित छ ।

पर्यटकको नेपाल आगमनको इतिहास अझै अज्ञात छ तापनि सन् १८९९ मा बौद्ध धर्मका अनुयायी जापानी नागरीक इकाई कावागुचीले अन्नपुर्ण क्षेत्रको भ्रमण गरे पश्चात् यसको प्रारम्भ भएको मानिन्छ । त्यसै गरी प्राचिनकालमा चिनियाँ यात्रीहरू हुयनसान र भारत वर्षका सम्राट अशोकको नेपाल भ्रमण पनि महत्त्वपूर्ण मानिन्छन् । नेपाल एकीकरणको समय पूर्व अर्थात् सन् १८१४ सम्म नेपाल विदेशीहरूको लागि लगभग बन्द जस्तै रह्यो । सन् १८१६ को सुगौली सन्धि पश्चात् बिदेशीहरू खासगरी ब्रिटिसरूको नेपाल भ्रमणको क्रम बढ्न थाल्यो भने सन् १८५० मा तत्कालिन श्री ३ जङ्गबहादुर राणाको बेलायत भ्रमण, १८९३ मा वीर शमशेरको भारत भ्रमण, १९०८ मा चन्द्र शमशेरको बेलायत भ्रमण तथा सन् १९११ मा बेलायतका राजा जर्ज पाँचौंको नेपाल भ्रमण उच्चस्तरीय भ्रमणका महत्त्वपूर्ण थालनी हुन् ।

नेपालको आधुनिक पर्यटन इतिहासमा भने सन् १९५० मा नेपालका केहि शहरहरू सडक सञ्जाल मार्फत् भारतीय सिमानासँग जोडिएपछि पहिलो पटक पर्यटकहरू नेपाल भित्रिएको अनुमान गर्न सकिन्छ । त्यस बेलादेखि अन्तर्राष्ट्रिय पर्यटकहरू नेपालको धनी सँस्कृति, सुरम्य हिमालयका परिदृश्यहरू अवलोकन र अन्वेषण गर्न निरन्तर आइरहेको देखिन्छ । विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न आएका जर्ज मालोरी र एन्ड्रयू स्यान्डी सन् १९२४ मा आरोहण प्रयासको क्रममा बेपत्ता भएको इतिहास भेटिन्छ । सन् १९५० मा फ्रान्सेली टोलीको नेतृत्व गर्दै मौरिस हर्जोगको सफल अन्नपूर्ण आरोहण तथा सन् १९५३ मा एडमण्ड हिलारी र तेन्जिङ्ग नोर्गे शेर्पाको सफल सगरमाथा आरोहण पश्चात् नेपाल विश्व पर्यटन बजारमा परिचित हुन गई नेपाल बारे चर्चा परिचर्चा बढ्न गयो । त्यसै गरी सन् १९५० को मध्यतिर सम्पन्न अङ्ग्रेजहरू तथा प्रायोजित विद्यार्थीहरूको समूह वैज्ञानिक अध्ययन तथा सर्वेक्षण गर्न बेलायतदेखि टर्की, इरान, अफगानिस्तान, कश्मिर, मनाली, काठमाडौं हुँदै भारतको गोवा सम्मको यात्रा गरेको प्रमाण भेटिन्छ ।

सन् १९७० को दशक सम्म आइपुग्दा यहाँको अनुकुल जलवायु, मनोरम प्राकृतिक वातावरण र अनुपम सँस्कृतिका कारणले गर्दा पश्चिमा जीवन शैली र युद्धदेखि बिरक्तिएका युवा जमातहरूको लागि नेपाल सुरक्षित पर्यटन गन्तव्यको रूपमा चर्चित हुन पुगेको थियो । तिनीहरू केवल सामान्य जीवन शैलीमा रमाउने प्रकृतिप्रेमीहरू थिए जसलाई मानिसहरू हिप्पि (Hippies or Freak) का रूपमा चिन्थे । यसैक्रममा पश्चिमा पर्यटकहरू आकर्षित गर्न होटल, रिसोर्टहरू, आधुनिक सुविधा सहितका पश्चिमा रेष्टुरेन्टहरू खुल्न थालेको पाइन्छ । हाल नेपालमा उपलब्ध आधुनिक पर्यटक गतिविधिहरूमा मौलिक नेपाली कला सँस्कृति, रीतिरिवाज, चालचलन, परम्परा र भेषभुषा, खानपान आदिको अवलोकन तथा ट्रेकिङ, र्‍याफ्टिङ्ग, हिमाल आरोहण, वन्यजन्तु अवलोकन तथा शिकार (सफारी), बन्जी जम्पिङ (Bungy Jumping), प्यारागलाइडिङ्ग, , पर्वतीय उडान (Mountain flight) लगायतका साहसिक खेलहरू पदर्छन् ।

नेपालको सन्दर्भमा बिगतका विभिन्न आन्तरिक राजनैतिक वाह्य उतारचढावहरू तथा मुख्यगरि सन् २०१५ को अप्रिल २५ मा गएको महाभूकम्पका कारणले सन् २०१५ मा अन्तर्राष्ट्रिय पर्यटक आगमनको सङ्ख्यामा धेरै नै कमि आएता पनि सन् २०१६, २०१७ र २०१८ मा भने अघिल्लो वर्षहरूको तुलनामा उल्लेखनीय रूपमा वृद्धि हुँदै आएको देखिन्छ । अध्यागमन विभागको तथ्यांक अनुसार सन् २०१९ मा कुल ११,९७,१९१ जना विदेशी पर्यटकहरू नेपाल भित्रिएका थिए। यो संख्या सन् २०१८ भित्रिएका कुल पर्यटक संख्या ११,७७,०७३ जनाको भन्दा २.०५% बढी हो भने नेपालको इतिहासमा हाल सम्मकै सबैभन्दा उच्च संख्या हो। सन्

२०२० र २०२१ मा कोभिड महामारीका कारण पर्यटकीय गतिविधि सुन्य जस्तै भयो। सन् २०२० मा जम्मा २३०,०८५ जना र सन् २०२१ मा १५०,९६२ जना पर्यटकहरू नेपाल भित्रिए जुन २०१९ को तुलनामा ९०% ले कमि हो । हाल कोभिड जोखिम कम भए पश्चात सन् २०२२ मा पर्यटकको संख्या बढेर लगभग ६००,००० माथि पुगेको छ ।

**तालिका नं. १ :** हवाईमार्ग र स्थलमार्गबाट आउने पर्यटकको सङ्ख्या

| सूचकहरू | २०१९ | २०२० | २०२१ | २०२२ |
|---|---|---|---|---|
| हवाई मार्गबाट आउने पर्यटक | ९९५८८४ | १८३१३० | १५०६२५ | |
| स्थल मार्गबाट आउने पर्यटक | २०१३०७ | ४६९५५ | ३३७ | |
| जम्मा | ११९७१९१ | २३००८५ | १५०९६२ | ~६००००० |

*Source: Tourism statistics 2021- NTB*

सन् २०२० र २०२१ मा सबैभन्दा बढी पर्यटकहरू भारतीय रहेका छन् । कुल पर्यटक आगमनमध्ये आधा भन्दा बढी हिस्सा पाँच देशको मात्र रहेको छ।

**तालिका नं. २ :** संख्याको आधारमा नेपाल भित्रिने पर्यटकहरूका पाँच प्रमुख देशहरू

| स्थान | प्रमुख पाँच देशहरू | |
|---|---|---|
| | २०२० | २०२१ |
| पहिलो स्थान | भारत | भारत |
| दोश्रो स्थान | म्यान्मार | अमेरिका |
| तेश्रो स्थान | थाइलेडं | बेलायत |
| चौथो स्थान | चीन | चीन |
| पाँचौं स्थान | अमेरिका | जर्मनी |

अध्यागमन विभागको पछिल्लो तथ्याङ्क अनुसार कोभिडका कारण सन् २०२० र २०२१ मा पर्यटकको संख्या लगभग २०१९ को तुलनामा ९० % ले घटेको छ तर २०२२ मा भने पर्यटक आगमनको संख्या पुनः बढेको छ । कोभिड महामारीका कारण लगभग २ वर्ष सम्म पर्यटक व्यवसाय क्षेत्र सुनसान नै रहयो । यहि वर्ष मात्र यस क्षेत्रमा बिस्तारै सुधार हुदै आएको छ र आज पनि पहिलेकै गति लिन केहि समय लाग्ने देखिन्छ । सन् २०१८ मा विदेशी पर्यटक आगमनको सङ्ख्यामा अघिल्लो बर्षको तुलनामा २४.७७% ले वृद्धि भएको थियो। २०१९ मा यो संख्या २.०५% ले वृद्धि भएको थियो भने २०२० र २०२१ मा आउँदा अघिल्लो वर्षको तुलनामा क्रमश ८०.७ % र ३४.३ % ले घटेको थियो । यसको मुख्य

कारण कोभिड १९ को महामारी थियो । हाल २०२० मा पर्यटक आगमनको संख्या ३००% ले बढेर लगभग ६००००० को हाराहारी पुगेको अनुमान छ । भारत र चीनको बढ्दो आर्थिक हैसियत र कूल पर्यटक आगमनमा यी दुई देशको अत्यन्तै ठुलो हिस्सा रहेबाट नेपालको भरपर्दो र दिगो पर्यटक उद्गमस्थल मध्ये भारत र चीन प्रमुख रहेको देखिन्छ । तसर्थ यी देशबाट बढी भन्दा बढी पर्यटक भित्र्याउने तर्फ हाम्रो प्रयास उन्मुख हुनु पर्दछ । साथै आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न विशेष योजना ल्याउन सकिने देखिन्छ ।

वर्तमान अवस्थामा पर्यटन नेपालको प्रमुख आर्थिक एवं रोजगारीको क्षेत्र हो । देशमा विद्यमान र भविष्यमा विस्तार हुनसक्ने आर्थिक विकासका क्षेत्रलाई विचार गर्दा नेपालको सन्दर्भमा पर्यटन नै एक यस्तो क्षेत्र हो जसको माध्यमबाट देशले द्रुत, दिगो र भरपर्दो विकास गर्न सक्छ । निजी क्षेत्रहरूको स्वःस्फुर्त सहभागिता रहेको पर्यटन क्षेत्रले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा करिब १० लाख बराबरको रोजगारका अवसरहरू सिर्जना गरेको अनुमान छ । यसका अतिरिक्त हाल तिव्र गतिमा फस्टाउँदै गएको आन्तरिक पर्यटनको माध्यमबाट स्थनिय स्तरमा स्वरोजगारका अवसरहरू पनि क्रमिक रूपमा विकसित हुँदै गैरहेका छन् । समग्रमा भन्नु पर्दा पर्यटन व्यवसाय राष्ट्रको एउटा भरपर्दो आर्थिक विकासको मेरुदण्ड हो ।

**तालिका नं. ३ :** पर्यटक आगमन तथा सरदर बसाई अवधि (सन् १९६४-२०२१)

| वर्ष | जम्मा संख्या | वृद्धि दर (%) | हवाईबाट आउने संख्या | प्रतिशत | जमिनबाट आउने संख्या | प्रतिशत | बसाईको औसत समय |
|---|---|---|---|---|---|---|---|
| १९६४ | ९,५२६ | ३०.९ | ८,४३५ | ८८.५ | १,०९१ | ११.५ | - |
| १९६५ | ९,३८८ | -१.४ | ८,३०३ | ८८.४ | १,०८५ | ११.६ | - |
| १९६६ | १२,५६७ | ३३.९ | ११,२०६ | ८९.२ | १,३६१ | १०.८ | - |
| १९६७ | १८,०९३ | ४४ | १५,०६४ | ८३.३ | ३,०२९ | १६.७ | - |
| १९६८ | २४,२०९ | ३३.८ | १९,७१७ | ८१.४ | ४,४९२ | १८.६ | - |
| १९६९ | ३४,९०१ | ४४.२ | २८,१३० | ८०.६ | ६,७७१ | १९.४ | - |
| १९७० | ४५,९७० | ३१.७ | ३६,५०८ | ७९.४ | ९,४६२ | २०.६ | - |
| १९७१ | ४९,९१४ | ८.६ | ४०,३६९ | ८०.९ | ९,५४५ | १९.१ | - |
| १९७२ | ५२,९३० | ६ | ४२,४८४ | ८०.३ | १०,४४६ | १९.७ | - |
| १९७३ | ६८,०४७ | २८.६ | ५५,७९१ | ८२ | १२,२५६ | १८ | - |
| १९७४ | ८९,८३८ | ३२ | ७४,१७० | ८२.६ | १५,६६८ | १७.४ | १३.२ |

| वर्ष | जम्मा संख्या | वृद्धि दर (%) | हवाईबाट आउने संख्या | प्रति शत | जमिनबाट आउने संख्या | प्रति शत | बसाईको औसत समय |
|---|---|---|---|---|---|---|---|
| १९७५ | ९२,४४० | २.९ | ७८,९९५ | ८५.५ | १३,४४५ | १४.५ | १३.०५ |
| १९७६ | १,०५,१०८ | १३.७ | ९०,४९८ | ८६.१ | १४,६१० | १३.९ | १२.४१ |
| १९७७ | १,२९,३२९ | २३ | १,१०,१८० | ८५.२ | १९,१४९ | १४.८ | ११.६ |
| १९७८ | १,५६,१२३ | २०.७ | १,३०,०३४ | ८३.३ | २६,०८९ | १६.७ | ११.८४ |
| १९७९ | १,६२,२७६ | ३.९ | १,३७,८६५ | ८५ | २४,४११ | १५ | १२.०२ |
| १९८० | १,६२,८९७ | ०.४ | १,३९,३८७ | ८५.६ | २३,५१० | १४.४ | ११.१८ |
| १९८१ | १,६१,६६९ | ०.८ | १४२०८४ | ८७.९ | १९५८५ | १२.१ | १०.४९ |
| १९८२ | १,७५,४४८ | ८.५ | १५३५०९ | ८७.५ | २१९३९ | १२.५ | १३.३३ |
| १९८३ | १,७९,४०५ | २.३ | १५२४७० | ८५ | २६९३५ | १५ | ११.५३ |
| १९८४ | १,७६,६३४ | १.५ | १४९९२० | ८४.९ | २६७१४ | १५.१ | ११.५५ |
| १९८५ | १,८०,९८९ | २.५ | १५१८७० | ८३.९ | २९११९ | १६.१ | ११.३ |
| १९८६ | २,२३,३३१ | २३.४ | १८२७४५ | ८१.८ | ४०५८६ | १८.२ | ११.१६ |
| १९८७ | २,४८,०८० | ११.१ | २०५६११ | ८२.९ | ४२४६९ | १७.१ | ११.९८ |
| १९८८ | २,६५,९४३ | ७.२ | २३४९४५ | ८८.३ | ३०९९८ | ११.७ | १२ |
| १९८९ | २,३९,९४५ | ५३.७ | २०७९०७ | ८६.६ | ३२०३८ | १३.४ | १२ |
| १९९० | २,५४,८८५ | ६.२ | २२६४२१ | ८८.८ | २८४६४ | ११.२ | १२ |
| १९९१ | २,९२,९९५ | १५ | २६७९३२ | ९१.४ | २५०६३ | ८.६ | ९.२५ |
| १९९२ | ३,३४,३५३ | १४.१ | ३००४९६ | ८९.९ | ३३८५७ | १०.१ | १०.१४ |
| १९९३ | २,९३,५६७ | १२.२ | २५४१४० | ८६.६ | ३९४२७ | १३.४ | ११.९४ |
| १९९४ | ३,२६,५३१ | ११.२ | २८९३८१ | ८६.६ | ३७१५० | ११.४ | १० |
| १९९५ | ३,६३,३९५ | ११.३ | ३२५०३५ | ८९.४ | ३८३६० | १०.६ | ११.२७ |
| १९९६ | ३,९३,६१३ | ८.३ | ३४३२४६ | ८७.२ | ५०३६७ | १२.८ | १३.५ |
| १९९७ | ४,२१,८५७ | ७.२ | ३७११४५ | ८८ | ५०७१२ | १२ | १०.४९ |
| १९९८ | ४,६३,६८४ | ९.९ | ३९८००८ | ८५.८ | ६५६७६ | १४.२ | १०.७६ |
| १९९९ | ४,९१,५०४ | ६ | ४२१२४३ | ८५.७ | ७०२६१ | १४.३ | १२.२८ |
| २००० | ४,६३,६४६ | ५.७ | ३७६९१४ | ८१.३ | ८६७३२ | १८.७ | ११.८८ |

| वर्ष | जम्मा संख्या | वृद्धि दर (%) | हवाईबाट आउने संख्या | प्रति शत | जमिनबाट आउने संख्या | प्रति शत | बसाईको औसत समय |
|---|---|---|---|---|---|---|---|
| २००१ | ३६१२३७ | २२.१ | २९९५१४ | ८२.९ | ६१७२३ | १७.१ | ११.९३ |
| २००२ | २७५४६८ | -२३.७ | २१८६६० | ७९.४ | ५६८०८ | २०.६ | ७.९२ |
| २००३ | ३३८१३२ | -२२.७ | २७५४३८ | ८१.५ | ६२६९४ | १८.५ | ९.६ |
| २००४ | ३८५२९७ | १३.९ | २९७३३५ | ७७.२ | ८७९६२ | २२.८ | १३.५१ |
| २००५ | ३७५३९८ | -२.६ | २७७३४६ | ७३.९ | ९८०५२ | २६.१ | ९.०९ |
| २००६ | ३८३९२६ | २.३ | २८३८१९ | ७३.९ | १००१०७ | २६.१ | १०.२ |
| २००७ | ५२६७०५ | ३७.२ | ३६०७१३ | ६८.५ | १६५९९२ | ३१.५ | ११.९६ |
| २००८ | ५००२७७ | -५ | ३७४६६१ | ७४.९ | १२५६१६ | २५.१ | ११.७८ |
| २००९ | ५०९९५६ | १.९ | ३७९३२२ | ७४.४ | १३०६३४ | २५.६ | ११३.३२ |
| २०१० | ६०२८६७ | १८.२ | ४४८८०० | ७४.४ | १५४०६७ | २५.६ | १२.६७ |
| २०११ | ७३६२१५ | २२.१ | ५४५२२१ | ७४.१ | १९०९९४ | २५.९ | १३.१२ |
| २०१२ | ८०३०९२ | ९.१ | ५९८२५८ | ७४.५ | २०४८३४ | २५.५ | १२.१६ |
| २०१३ | ७९७६१६ | -०.७ | ५९४८४८ | ७४.६ | २०२७६८ | २५.४ | १२.६ |
| २०१४ | ७९०११८ | -०.९ | ५८५९८१ | ७४.२ | २०४१३७ | २५.८ | १२.४४ |
| २०१५ | ५३८९७० | -३२ | ४०७४१२ | ७५.६ | १३१५५८ | २४.४ | १३.१६ |
| २०१६ | ७५३००२ | ४० | ५७२५६३ | ७६ | १८०४३९ | २४ | १३.४ |
| २०१७ | ९४०२१८ | २५ | ७६०५७७ | ८१ | १७९६४१ | १९ | १२.६ |
| २०१८ | ११७३०७३ | २५ | ९६९२८७ | ८२ | २०३७८५ | १८ | १२.४ |
| २०१९ | ११९७१५१ | २.०५ | ९९५८८४ | ८३.१९ | २०१३०७ | १६.९१ | १२.७ |
| २०२० | २३००८५ | -८०.७ | १८३१३० | ७९.६ | ४६९५५ | २०.४ | १५.१ |
| २०२१ | १५०९६२ | -३४.३ | १५०६२५ | ९९.७ | ३३७ | ०.३ | १५.५ |
| २०२२ | ६००००० | ३०० | | | | | |

*Source: Tourism statistics 2021- NTB*

## २.३ नेपालमा पर्यटन गुरुयोजनानको रूपरेखा

पहिलो राष्ट्रिय विकास योजना (१९५६-१९६०) को तर्जुमा सँगै नेपालमा विविध खाले पर्यटकीय सम्भावनाहरूको पहिचान र त्यसका लागी आवश्यक पूर्वाधारहरूको योजना अवधारणाको सुरुवात

सन् १९५० को दशकतिर भएको थियो । त्यसबेला देखि राष्ट्रिय स्तरमा प्रशस्त पर्यटन नीति नियम र योजनाहरू तर्जुमा भएका छन् जसलाई हालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (National Tourism Strategic Plan) मा संक्षिप्त रूपमा समेटिएको छ ।

प्रथम पटक सन् १९५९ मा फ्रान्स सरकारको सहयोगमा फ्रान्सेली नागरिक जर्ज लेब्रेचले "नेपाल पर्यटन विकास योजना" (General Plan for the Organization of Tourism in Nepal) तयार गरेका थिए । जर्ज लेब्रेचले आफ्नो योजनाको प्रारूपमा यहाँको उच्च हिमाली चुचुरा, मौलिक वनस्पति तथा जीवहरू झल्कने विविध प्रचार सामग्री, पर्यटन पुस्तिका, पोस्टर, हिमालय चित्रित गर्ने हुलाक टिकटहरू बनाउन सुझाब दिएका थिए । साथै नेपाल पर्यटन कार्यालय (Nepal Tourism Office) को निर्माण तथा पर्वतारोहण समेटिएको वृत्तचित्रहरू निर्माण गरी प्रचार प्रसार गर्न सुझाएका थिए । त्यस पश्चात उनले सन् १९६४ र १९६६ मा दुईपटक नेपाल भ्रमण गरी अन्य दुई प्रतिबेदनहरू क्रमशः "Report on the Development Tourism" / "Report on Tourism in Nepal" तयार पारेका थिए ।

नेपालको प्रथम पर्यटन विकास गुरुयोजना जर्मन सरकारको सहयोगमा सन् १९७२ मा तयार गरिएको थियो । उक्त समयमा नेपालमा पर्यटन व्यवसाय भर्खर मात्र सुरु भएकोले थोरै मात्र पर्यटकहरू नेपाल आउने गरेको अवस्था थियो । सन् १९८२ अथवा दश वर्षपछि उक्त पर्यटन विकास गुरुयोजनालाई मूल्याङ्कन गर्दा त्यस वर्ष मात्रै करीब १ लाख ७७ हजार पर्यटकहरू नेपाल आएका थिए । त्यसपछि सन् १९९० मा एसियाली विकास बैंकको सहयोगमा दोस्रो पर्यटन विकास आयोजना सञ्चालन गरिएको थियो । आ.व. २०६५-६६ को बजेट तथा कार्यक्रम अन्तर्गत देशका विभिन्न भागमा रहेका साँस्कृतिक, धार्मिक लगायतका पर्यटकीय स्थानहरूको व्यवस्थापन, निर्माण, मर्मत सम्भार तथा विकासको साथै पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत पर्यटन पूर्वाधार विकास आयोजनाको स्थापना गरिएको छ ।

### २.३.१ पर्यटन नीति २०६५

दश वर्षे लामो माओवादी जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको परिणाम स्वरूप सम्पन्न बृहत् शान्ति सम्झौता पश्चात् सुरू भएको शान्ति प्रक्रिया सँगसँगै सम्पन्न निर्वाचनद्वारा संविधान सभाको गठन पछिको अबस्थामा परिवर्तनका सकारात्मक उपलब्धि स्वरूप सन् २००७ मा पाँच लाखभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेबाट मुलुकमा पर्यटक आवागमनको सङ्ख्यामा वृद्धि मात्र नभई यस व्यवसायमा राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीकर्ताको लगानी गर्ने चाहनामा वृद्धि हुन गएका संकेतहरू देखा परेका थिए । यसै परिप्रेक्ष्यमा नेपाल सरकारले आर्थिक विकासका लागि पर्यटन प्रवर्धनको आवश्यकतालाई पहिचान गरी आ.ब. २०६५-०६६ देखि नेपालमा

पर्यटनलाई नयाँ आर्थिक विकास नीतिको उच्च प्राथमिकतामा राखी यसको विकासको लागि सम्बद्ध सबै मन्त्रालयका नीति तथा कार्यक्रमहरूलाई पर्यटन प्रवर्धनोन्मुख हुने गरी पर्यटन नीति २०५२ लाई परिमार्जन गरी नयाँ नीति ल्याउने घोषणा गरे अनुसार पर्यटन नीति २०६५ तर्जुमा गरिएको थियो । उक्त नीति को दीर्घकालीन दृष्टिकोण र लक्ष्य निम्न बमोजिम रहेको छ :

**(क) दीर्घकालीन दृष्टिकोणः** "नेपालको प्राकृतिक, साँस्कृतिक, जैविक एवं मानवनिर्मित सम्पदाहरूको संरक्षण तथा प्रवर्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यको रूपमा विकास गर्ने"

**(ख) लक्ष्यः** "राष्ट्रिय सम्पदाहरूलाई दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको योगदानलाई उल्लेख्य मात्रामा वृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउने"

उल्लेखित दीर्घकालीन दृष्टिकोण तथा लक्ष्य प्राप्तिको लागि निम्नलिखित चार उदेश्यहरू निर्धारण गरिएको छ :

(क) पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या-पर्यटन र ग्रामिण पर्यटनलाई गरीबी निवारणसँग आबद्ध गराई उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्ने ।

(ख) देशका मूर्त-अमूर्त, प्राकृतिक, साँस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरूको खोज, संरक्षण, सम्बर्धन एवम् विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तब्यको रूपमा विकास गर्ने ।

(ग) सुलभ, सुरक्षित, भरपर्दो र नियमित हवाई तथा स्थल यातायातको माध्यमद्वारा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्धन गर्ने ।

(घ) पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक श्रोत र साधनको वातावरण-मैत्री दिगो रूपमा उपयोग गर्दै स्थानिय श्रोत र साधनको दिगो रूपमा उपयोग गर्ने ।

उल्लेखित लक्ष्यहरू हासिल गर्न दस्तावेजमा २६ ओटा पर्यटन विकासका नीतिहरू तयार गरिएको छ । उल्लेखित नीतिहरूमा मूलत प्रवर्धनात्मक कार्यहरू, ग्रामिण पर्यटन विकास, आन्तरिक पर्यटन प्रवर्धन, पर्यटन विविधिकरण, विस्तार र विकास, हवाई सेवाको विकास, सरकारी तथा निजी क्षेत्रको भूमिका, मानव संसाधन विकास, पर्या-पर्यटन, सूचना प्रविधिको उपयोग, पर्यटकीय

सुरक्षा र संकट व्यवस्थापन लगायतका विषयहरू समेटिएका छन् । प्रत्येक नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि बेग्ला बेग्लै रणनीति र कार्यनीतिहरू अवलम्बन गर्ने निर्धारण गरिएको छ ।

यो पर्यटन नीति २०६५ हालसम्म पनि प्रभावकारी छ, । यद्यपि पछिल्ला वर्षहरूमा देखिएका परिवर्तित सामाजिक, आर्थिक र राजनीतिक घटनाहरूको परिप्रेक्ष्यमा यस नीतिमाथि समीक्षा गर्न आवश्यक छ । पर्यटन नीति २०६५ तर्जुमा सँगै नेपालको लागि पर्यटन गुरूयोजना २०६५ पनि सोहि समयमा विकास गरिएको थियो तर निजी क्षेत्रको विचारहरूलाई सही रूपमा प्रतिबिम्बित गर्न नसकेको गुनासो आएको कारणले यो योजना सरकारद्वारा लागु गरिएन ।

### २.३.२ पर्यटन परिलक्ष्य २०२०

सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले निजी क्षेत्रहरू सँगको साझेदारिमा पर्यटन क्षेत्रको समग्र विकासलाई मार्गदर्शन गर्न र सन् २०२० सम्म हासिल गर्ने लक्ष्य निर्धारण गर्नका लागि पर्यटन परिलक्ष्य २०२० (Tourism Vision 2020) को तर्जुमा गरेको थियो । यसको दीर्घकालीन दृष्टिकोण (Vision) तथा लक्ष्य (Goal) यस प्रकार रहेको थियो :

दीर्घकालीन दृष्टिकोण : "*Tourism is valued as the major contributor to sustainable Nepalese economy, having developed as an attractive, safe, exciting and unique destination through conservation and promotion, leading to equitable distribution of tourism benefits and greater harmony in society*."

नेपालको दिगो आर्थिक विकासका लागि पर्यटन एक महत्त्वपूर्ण क्षेत्रको रूपमा लिइएको छ । जसलाई आकर्षक, सुरक्षित र मनोरम गन्तव्य स्थलको रूपमा विकसित गरी यसबाट प्राप्त प्रतिफललाई समान ढंगले वितरण गरी सामाजिक सौहार्दता प्रवर्धन गर्ने दृष्टिकोण लिइएको छ। यसका दुई मुख्य लक्ष्यहरू यसप्रकार छन् :

१. सन् २०२० सम्म २० लाख अन्तर्राष्ट्रिय पर्यटकलाई नेपाल भित्र्याउने,
२. आर्थिक अवसरहरू वृद्धि गर्ने र पर्यटन सम्बद्ध रोजगारिको अवसर १० लाख पुऱ्याउने,

पर्यटन लक्ष्य २०२० मा निम्न बमोजिमका मुख्य उद्देश्यहरू रहेका छन् जसमा प्रत्येक उद्देश्यसँग सम्बन्धित रणनीतिहरू पनि समावेश गरिएको छ ।

१. महिला तथा सिमान्तकृत समुदायहरूलाई केन्द्रमा राखी एकीकृत पर्यटन पूर्वाधार विकास, पर्यटन गतिबिधि तथा उत्पादनमा वृद्धि मार्फत् ग्रामीण क्षेत्रहरूमा रोजगारी सिर्जना गरी आम जनताको जिवनस्तर उकास्न टेवा पुऱ्याउने,

२. सहज र सक्षम संस्थागत वातावरण तयार गरी पर्यटन विकासलाई नेपालको सामाजिक तथा आर्थिक विकासको मुलधारमा ल्याएर पर्यटन विकासलाई व्यापक आधारभूत विकासको क्षेत्रको रूपमा विकास गर्ने,

३. पर्यटकीय गतिविधिहरूमा सहभागी हुनसक्ने गरी समुदायको क्षमता अभिवृद्धि गरी पर्यटन उत्पादन तथा सेवा विस्तारका नयाँ र सम्भावित क्षेत्रहरूको पहिचान गर्ने,

४. अन्तर्राष्ट्रिय पर्यटन बजारमा रहेको नेपालको पर्यटनको सुन्दर छविको बारेमा प्रकाशन तथा प्रचार-प्रसार गर्ने ।

५. उड्डयन सुरक्षा अभिवृद्धि गर्दै विभिन्न शहर, देश तथा क्षेत्रहरूसँग हवाई सम्बन्ध (air connectivity) विस्तार गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता र सुविधाहरू विस्तार र सुधार गर्ने,

६. नयाँ पर्यटकीय पूर्वाधार, सुविधा उत्पादन र सेवाहरू सिर्जना गर्न थप लगानी आकर्षित गर्ने ।

यस दस्तावेजमा उल्लेखित उद्देश्यहरू हासिल गर्न ३६ ओटा रणनीतिहरूका साथै २० ओटा अल्पकालीन र ११ ओटा दीर्घकालीन कार्ययोजनाहरूको एउटा सूची पनि प्रस्तुत गरिएको छ। ति मध्ये अधिकांश बुँदाहरू पर्यटन गन्तव्य क्षेत्र योजनामा केन्द्रित छन् । विशेष गरी देशभित्र विशेष पर्यटकीय केन्द्रहरू विकास गर्नु यसको उद्देश्य हो । समग्रमा पर्यटन लक्ष्य २०२० ले नेपालमा पर्यटन विकासको लागी सन् २०२० भित्र अवलम्बन गर्ने रणनीतिक उद्देश्य तथा रणनीतिहरू संक्षिप्त र स्पष्ट रूपमा समेटेको थियो । तथापी उक्त योजना कार्यान्वयन गर्न आवश्यक एक विस्तृत कार्य योजना तर्जुमा गर्न नसक्नु यस दस्तावेजको सबैभन्दा ठूलो कमजोरी हो ।

पर्यटन परिलक्ष्य २०२० मा उल्लेखित पहिलो उद्देश्य परिपूर्ति गर्नका लागि अबलम्बन गरिने रणनीतिमा पर्यटकीय गन्तब्यहरू, पर्यटकीय क्रीयाकलापहरू तथा उपलब्ध पूर्वाधारहरूको आधारमा प्रत्येक साविकका विकास क्षेत्रका सबै इकोलोजीकल जोनहरू हिमाल, पहाड र तराईका एक एक जिल्लाहरू छनौट गरि पर्यटन केन्द्रको (Tourism Hub) को रूपममा विकास गर्ने रणनीति रहेको थियो ।

### २.३.३ राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५)

सन् २०१३ अघि देखि नै कुनै पनि पर्यटन नीति, रणनीति तथा योजनाहरू तर्जुमा गर्दा उक्त नीति, रणनीति तथा योजनाहरूलाई सहयोग पुग्ने गरी विस्तृत विवरण सहितको कार्यान्वयन कार्य योजनाहरू तयार गरिएको छैन जसले सरकार तथा यसका सहभागीहरूबाट यस क्षेत्रको विकास

गर्न गरीएका प्रयासहरूलाई निर्देशित गर्न सकोस् । यसै सन्दर्भमा भूकम्प र नाकाबन्दीले थला परेको पर्यटन क्षेत्रको बारेमा सकारात्मक सन्देश प्रवाह गर्दै नेपाली पर्यटनलाई विश्वव्यापीकरण गर्ने उद्देश्यले सरकारले १० वर्षे रणनितिक योजना अघि बढाएको थियो । उक्त योजना कार्यान्वयनको लागि साढे ६ अर्बको बजेट प्रस्ताव गरिएको थियो । साथै आ.व. २०७५/२०७६ को बजेट वक्तव्यमा नेपाल सरकारले पर्यटन विकास तर्फ ५ अर्व २० करोड ३४ लाख बजेट विनियोजन गर्नुले बजेट प्राथमिकताका १० मध्ये एक पर्यटन रहेको स्पष्ट हुन्छ । यस राष्ट्रिय पर्यटन रणनितिक कार्य योजना (२०१५-२०२४) (पछि अद्यावधिक गरिएको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) को मूल लक्ष्य “प्राविधिक तथा वित्तीय सहयोगको माध्यमबाट तीव्र आर्थिक वृद्धि तथा रोजगार सिर्जनाको लागि पर्यटन उद्योगलाई एक प्रमुख उत्प्रेरकको रूपमा विकास गर्न सरकार र सरोकारवालाहरूको लागि आर्थिक विकासको दीर्घकालीन दृष्टिकोण सहितको एक मार्गनिर्देशक ढाँचा निर्माण गर्नु” हो ।

यस रणनीतिक योजनामा समावेश ६ वटा विशिष्ट उद्देश्यहरू निम्न बमोजिम छन् :

१. पर्यटन मार्फत् राजस्व तथा रोजगारीका अवसरहरूको वृद्धि गरी प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन (GDP) वृद्धिमा योगदान पुऱ्याउने ।
२. देशको पर्यटन व्यवसायप्रतिको आकर्षण बढाउने र सेवाहरूको विकास तथा विविधिकरण गर्ने,
३. देशको स्थिरता, पर्यावरण र सँस्कृतिलाई हानी नपुऱ्याई पर्यटक आगमनमा वृद्धि गर्ने,
४. प्रमुख पर्यटन बस्तु उत्पादन बजारमा नेपाली उत्पादनका ब्रान्डहरू स्थापना गर्ने,
५. पर्यटन सम्बद्ध मानव संसाधन तथा उत्पादनको गुणस्तर सुधार गर्ने,
६. सामुदायिक सहभागितालाई प्रोत्साहित गर्ने र गरीबी कम गर्ने

## २.४ सम्वन्धित क्षेत्रीय तथा स्थानीय पर्यटन योजना

लुम्बिनी साँस्कृतिक नगरपालिका ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं प्राकृतिक हिसाबले अपार पर्यटकीय सम्भावना भएको क्षेत्र हो । यसलाईलाई मध्यनजर गरि यस क्षेत्रको पर्यटन विकास तथा प्रवर्धनको लागि प्रदेश सरकारले केहि बजेट बिनियोजन गरेको छ ।

### २.४.१ लुम्बिनी गुरु योजना (Lumbini Master Plan)

तत्कालीन संयुक्त राष्ट्र संघका महासचिव यु थान्टको सन् १९६७ मा लुम्बिनीको तीर्थयात्रा लुम्बिनीको पछिल्लो इतिहासमा अर्को कोसेढुङ्गा थियो। लुम्बिनीको पवित्रताबाट गहिरो प्रभावित भएर महासचिवले तत्कालीन राजा महेन्द्रसँग यस विषयमा छलफल गरी लुम्बिनीलाई अन्तर्राष्ट्रिय तीर्थस्थल र पर्यटकीय केन्द्रका रूपमा विकास गर्न नेपाल सरकारलाई सुझाव दिएका थिए ।

प्रख्यात जापानी वास्तुविद् प्रा केन्जो टांगेलाई लुम्बिनीको व्यवस्थित विकासका लागि गुरुयोजना बनाउने जिम्मा दिइएको थियो । नेपाल सरकारले सन् १९७८ मा लुम्बिनी विकास गुरुयोजना स्वीकृत गरेको थियो । ४२ वर्षअघि परिकल्पना गरिएको लुम्बिनी गुरुयोजना एकमात्र महत्वाकांक्षाका साथ विकसित गरिएको थियोः देशको समतल क्षेत्रमा तीन वर्ग माइलमा फैलिएको ऐतिहासिक स्थल लुम्बिनीको विकास गर्ने। लुम्बिनी गुरुयोजना, १×३ वर्ग माइल क्षेत्रफलमा फैलिएको, उत्तर-दक्षिण अक्षमा केन्द्रित, तीन क्षेत्रहरू (१) पवित्र बगैंचा, (२) मठ क्षेत्र र (३) नयाँ लुम्बिनी गाउँ, ज्ञानको मार्गको धारणामा आधारित। प्रत्येक क्षेत्रले एक वर्ग माइलको क्षेत्र ओगटेको छ।

चार दशकपछि २०१९ को अन्तिम चरणमा पनि यस योजनाको ८५ प्रतिशत मात्र काम पूरा भएको छ जसले गर्दा सरकार र ट्रस्टको सबै पक्षबाट आलोचना भैरहेको छ । कछुवाको कामको गतिले लुम्बिनीको पहिचान र वैभवमा असर गरेको धेरैले बताएका छन् ।

### २.४.२ ग्रेटर लुम्बिनी विकास आयोजना (Greater Lumbini Development Project)

सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले लुम्बिनीलाई तीर्थस्थलका रूपमा विकास गर्न १० वर्षे गुरुयोजनाको अध्ययन गरिरहेको छ । योजनाको उद्देश्य पर्यटकहरूको बसाइ र खर्च बढाउनु र स्थानीय समुदायको जीविकोपार्जनमा सम्भावित प्रभावहरू सिर्जना गर्नु हो। योजनाले बुद्धको जन्मस्थल लुम्बिनीलाई एकीकृत गर्ने परिकल्पना गरेको छ। तिलौराकोट, उनको बाल्यकालको घर; देवदह, उनको मामा र ससुरा गृह सहर र नवलपरासीको रामग्राम, जसमा बुद्धका अवशेषहरू मध्ये एक छ, बृहत्तर लुम्बिनी विकास क्षेत्रमा १५७ वर्ग किलोमिटर हुनेछ। योजना अनुसार यी सबै क्षेत्र जोड्ने सडकलाई चार लेनमा फराकिलो बनाइ पवित्र रुखहरू लगाइनेछ । प्रतिवेदनमा बृहत्तर लुम्बिनी विकास आयोजना सम्पन्न गर्न रु ३ अर्ब ७२ करोड लगानीको प्रस्ताव गरिएको छ । लागतमा सडक पूर्वाधार समावेश छैन। यो योजना कार्यान्वयनमा आइसकेको र सन् २०२४ सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ ।

दिगो योजनामा लुम्बिनीलाई धार्मिक, साँस्कृतिक र मनोरञ्जन गन्तव्यका रूपमा छुट्टाछुट्टै प्रवर्धन गर्ने समावेश छ। योजना अन्तर्गत तिलौराकोट, देवदह र रामग्रामलाई साँस्कृतिक सम्पदा पर्यटनका रूपमा प्रवर्धन गरिनेछ। पाल्पा, बुटवल, भैरहवा र बेलहियालाई मनोरञ्जन, खेलकुद र किनमेल गन्तव्यका रूपमा प्रवर्धन गरिनेछ। लुम्बिनी घुम्न आउने पर्यटकलाई पोखरा, पाल्पा, चितवन, मुस्ताङ, जोमसोम, ढोरपाटन, स्वर्गद्वारी, बर्दिया, रारा ताल र कैलाश मानसरोवरलगायतका गन्तव्यमा भ्रमण प्याकेज उपलब्ध गराउने योजना उक्त योजनामा समावेश गरिएको छ । योजनामा उल्लेखित कार्यक्रमहरू यस क्षेत्रको पर्यटन प्रवर्धन तथा विकासको लागि कोशे ढुंगा सावित हुने देखिए पनि हाल सम्म कार्यान्वयनको लागि कुनै ठोस पहल भएको देखिदैन ।

## २.५ पर्यटनको महत्त्व

आर्थिक रूपमा पर्यटनको महत्त्व सर्वाधिक रूपमा बढिरहेको छ । नेपालमा सन् १९६० को दशक अगाडि पर्यटन उद्योग वा व्यवसायबाट हुने आम्दानीलाई त्यति महत्त्व दिइएको थिएन । त्यसपछि प्राय : सबैजसो देशहरूले यसलाई वैदेशिक मुद्रा आर्जन गर्ने मुख्य माध्यम ठानी त्यसै अनुसारका रणनीति र योजनाहरू बनाए । त्यसपछि क्रमशः देशीय र अन्तराष्ट्रिय पर्यटन गतिविधिहरू तीव्ररूपमा अगाडि बढे । तब यसले आन्तरिक विकास, देशको गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय तथा राष्ट्रिय आय बढाउनुका साथै ठूला तथा घरेलु उद्योग र उत्पादनमा वृद्धि गराएको, बेरोजगारी समस्या कम गराएको, शोधानान्तर स्थिति सुध्रिएको जस्ता प्रत्यक्ष आर्थिक क्रियाकलापहरूमा प्रभाव पारेकाले पर्यटन क्षेत्र आर्थिक महत्त्वको विषय बन्न गएको छ । विशेषगरी एसियामा पर्यटन व्यवसायबाट चीन, भारत, जापान लगायतका देशहरूले आफ्नो स्थितिलाई मजबुत पारेका छन् । बिगतमा नेपालको गतिविधि पर्यटन विकासको अनुकुल नरहे पनि पर्यटन क्षेत्रले राष्ट्रिय आम्दानीमा वृद्धि गरीरहेको छ । अहिले नेपालको आन्तरिक गतिविधि पनि पर्यटन विकासको अनुकुल देखिएबाट यसको आर्थिक महत्त्व झन् बढेको छ ।

पर्यटनको आर्थिक महत्त्वलाई दृष्टिगत गरी सन् १९६३ मा रोममा भएको अन्तर्राष्ट्रिय पर्यटन सम्मेलन, सन् १९८० को मनिला सम्मेलन लगायत पाटा (PATA- Pacific Asia Travel Association), संयुक्त राष्ट्रसंघ, विश्व बैंक आदिले आर्थिक गतिविधिको सफल पक्ष भनी स्वीकारी पर्यटनको विस्तार र यसको विकासलाई प्राथमिकताको सूचीमा राखेका छन् । त्यसैगरी कुनै पनि राष्ट्रको विकासलाई औद्योगिकीकरणले विशेष भूमिका निर्वाह गरेको हुन्छ । यद्यपी पर्यटनलाई पनि एउटा उद्योगकै रूपमा हेरी पर्यटन सेवामुखी उद्योग भन्ने गरिन्छ । तर पनि कुनै देश वा स्थान विशेषमा भएको पर्यटन प्रवर्धन एवं विकासले त्यस क्षेत्रमा प्रयोग हुने अन्य वस्तुहरूको उत्पादन र उद्योग कलकारखानाहरूको वृद्धि समेत गराउँदछ । जस्तै : उपभोग्य उत्पादन, लत्ता कपडा उद्योग, होटेल, रेष्टुरा, लज र पर्यटकीय क्षेत्रमा आवश्यक पर्ने उत्पादनहरू, स्थानीय कलाका उपहार योग्य वस्तु, क्युरियो एवं सजावटका सामान लगायत विभिन्न सामानहरू उत्पादन गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय उद्योगधन्दा लगायत स्थानीय घरेलु उद्योग धन्दाहरूको वृद्धि गराउने काम पनि पर्यटनले गर्दछ ।

पर्यटन विकासका लागि नेपाल सरकारले उच्च प्राथमिकताका साथ नीति तथा कार्यक्रमहरू सञ्चालन गरेता पनि नेपालमा पर्यटनको सङ्ख्यामा खासै सुधार आउन सकेको छैन । सर्वप्रथम त सरकारले बजेट विनियोजनमा यथेष्ट प्राथमिकता र महत्त्व दिएको देखिँदैन । यद्यपी यो सुधारोन्मुख छ । आर्थिक वर्ष २०७५-०७६ को बजेट विनियोजनमा पर्यटन विकासका लागि

जम्मा ५ अर्ब ९२ करोड मात्र छुट्याइएको छ । त्यसै कारणले गर्दा यस क्षेत्रको विकास न्यून रहेको भन्न सकिन्छ । सन् २०१८ मा कुल ११ लाख ७३ हजार ७२ जना पर्यटकमात्र नेपाल भित्रिए । हाम्रो प्राकृतिक, सामाजिक, भौगोलिक र साँस्कृतिक सम्भावनाको आधारमा यो सङ्ख्या ज्यादै न्यून हो । खासै भन्ने हो भने नेपाल आउने पर्यटकहरू मध्ये प्रशस्त खर्च गर्न सक्नेको सङ्ख्या पनि कम रहेको छ । धार्मिक, साँस्कृतिक उद्देश्यबाट आउने पर्यटनले अर्थतन्त्रमा खासै योगदान गर्न सक्दैनन् । पर्यटन क्षेत्रको आम्दानी पर्यटक आगमनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ। नेपाल पर्यटन तथ्यांक, २०२१ अनुरूप कोभिड १९ का कारण २०२१ मा पर्यटक आगमन ३४.३ प्रतिशतले घटेसँगै पर्यटन क्षेत्रबाट हुने आम्दानी पनि गत वर्षको तुलनामा झण्डै ४६ प्रतिशतले घटेको देखिन्छ। सन् २०२१मा, कुल विदेशी मुद्रा आय रू १३,५०१,१०० हजार थियो (लगभग ११२,५०९ हजार अमेरिकी डलर) जुन गत वर्ष भन्दा घटेको पाईन्छ जस कारण पर्यटकको प्रति दिन व्यय पनि ४८ अमेरिकी डलरमा घटेको देखिन्छ।ग्रामीण गरीबी निवारणमा आन्तरिक तथा बाह्य पर्यटनको सीमित योगदान रहेको देखिन्छ भने नेपालको पहिचान तथा सम्बन्ध विस्तारमा पनि यसले योगदान पुऱ्याउँदै आइरहेको छ ।

पर्यटकीय सम्भावना मात्र भएर हुँदैन, त्यसका लागि व्यवस्थित र योजनाबद्ध क्रियाकलापहरू पनि आवश्यक रहन्छन् । नेपाल एक गरीब राष्ट्र भएका कारण पर्यटन क्षेत्रमा विशेष महत्त्व दिन सकिरहेको छैन । पर्यटकहरूको सङ्ख्या दिन प्रतिदिन न्यून हुनुको मुख्य कारण पूर्वाधार विकासमा कमी हो भने अर्को कारण सुरक्षाको कमीलाई पनि मान्न सकिन्छ किनभने विदेशी पर्यटकहरू ठगिने, लुटिने र मारिने पनि गरिन्छन् । यस्तो हुँदा विदेशमा नेपालको नराम्रो छवि बन्दछ र अरू पर्यटकहरू पनि नेपाल आउनबाट निरुत्साहित हुन्छन् । जबसम्म समुदाय र राज्यले उनीहरूको सुरक्षामा चासो दिँदैनन् तबसम्म पर्यटकहरू नेपाल आउन हिच्किचाउँछन् । अर्को कुरा अन्य पर्यटकहरूले भन्दा युरोपियन राष्ट्रका पर्यटकहरूले बढी खर्च गर्ने हुँदा नेपालको ती राष्ट्रसँग हवाई सम्झौता नभएकोले पर्याप्त पर्यटकहरू भित्र्याउन सकिएको छैन र पर्यटन क्षेत्रमा अपेक्षित सफलता हासिल गर्न सकिएको छैन । जसले गर्दा पर्यटन क्षेत्रमा ह्रास आएको छ । यस्ता चुनौतीपूर्ण समस्याहरूको समाधान गर्न विनियोजित रकम अपर्याप्त छ जुन विषय राज्यले समाधानको पहल गर्नुपर्दछ भने सेवा क्षेत्रको विकासका लागि विभिन्न प्रकारका समाधान तथा सुधारका नयाँ कदमहरू चाल्नु आवश्यक रहेको छ । ती समस्याहरूको समाधानका लागि सर्वप्रथम पर्यटकको सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ र नेपाललाई एक सुरक्षित पर्यटन गन्तव्यका रूपमा विकास गर्नुपर्छ । नेपालका पर्यटन गन्तव्य स्थलहरूको राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा

प्रभावकारी प्रचारप्रसारको व्यवस्था गर्नुपर्छ । साथै विभिन्न सेवा सुविधाहरूको बन्दोवस्ती, यातायातको व्यवस्था, प्रभावकारी पर्यटक पथप्रदर्शकको व्यवस्था आदि कुरामा पनि पर्याप्त ध्यान दिनु अत्यावश्यक देखिन्छ र त्यसका लागि थप लगानी गर्नुपर्ने हुन्छ। पर्यटन विकासका लागि अब व्यापक प्रचारप्रसार, अन्तरक्षेत्रगत समन्वय, क्षमता विकास, दक्ष जनशक्तिको विकास, हवाई सम्पर्क विस्तार, सेवा सुविधाहरूको विकास, विस्तार तथा विविधीकरण आदि पक्षहरूमा तीव्र कदम चाल्नु आवश्यक देखिन्छ । यसका लागि सरकार, निजी क्षेत्र र समुदायको समन्वयित र एकिकृत प्रयासको खाँचो छ ।

पर्यटन उद्योग पूर्णरूपमा सेवामा आधारित व्यवसाय भएकोले अन्य उद्योग व्यवसायको तुलनामा यसको विकास र प्रवर्धन बढी चुनौतीपूर्ण हुनुका साथै संवेदनशील पनि छ । यसको कुनै एक पक्षमा आएको परिवर्तनले अर्को पक्षमा तुरुन्त असर पार्छ : जस्तैः यातायात व्यवसाय, हवाई उड्डयन, ट्राभल एजेन्सी, होटल व्यवसाय, पर्यटकीय स्थलसँग सम्बन्धित अन्य क्षेत्रहरूमध्ये कुनै एकमा तलमाथि भयो भने यसले पुरै पर्यटन उद्योगमै प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा असर पार्दछ। तर यसो भन्दैमा सन्तुलित रूपमा पर्यटन व्यवसायको व्यवस्थापन, विकास र प्रवर्धन गर्न नसकिने भने होइन । पर्यटन उद्योगको सन्तुलित विकास र व्यवस्थापनका लागि यस क्षेत्रका विज्ञहरूको सल्लाह र सुझाव अनुसार उपयोगी र प्रभावकारी कार्यक्रम तथा रणनीति तय गरी सरकारी र नीजि क्षेत्र एकजुट भई दृढताका साथ पर्यटन क्षेत्रको विकास र प्रवर्धनमा अघि बढ्नु आजको अनिवार्य आवश्यकता बनेको छ । निश्चित रूपमा पर्यटन उद्योगको विकास र प्रवर्धनका लागि पर्यटनसँग सम्बन्धित व्यवसायिक क्षेत्रहरू र पर्यटकीय स्थलहरूको सुधार तथा विकास र प्रवर्धन गर्नुपर्छ तर यो मात्र पर्याप्त हुँदैन । आजको कडा प्रतिस्पर्धाको युगमा सम्बन्धित क्षेत्रको विकास र प्रर्वधनका साथै तिनीहरूको प्रचारप्रसार तथा बजार प्रवर्धन, गुणस्तरमा अभिवृद्धिको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यो सत्य हो कि नेपाल जस्तो आर्थिक रूपले विपन्न र भौगोलिक रूपले विकट देशका लागि विश्वका अन्य विकसित र सम्पन्न देशहरूसँग प्रतिस्पर्धा गर्नु त्यति सहज छैन । तर पर्यटकीय दृष्टिकोणले नेपाल प्राकृतिक रूपमै पूर्ण रहेको अर्थात् अतिरिक्त लगानीको आवश्यकता नपर्ने सानो मुलुक भएकोले र अर्थतन्त्र तथा जनसङ्ख्याका आधारमा दुई ठूला मुलूक भारत र चीनका बीचमा अवस्थित भएका कारण पनि नेपालका लागि पर्यटन बजार खोज्न टाढा पुग्नुपर्ने आवश्यकता पर्दैन ।

नेपाल सरकारको पन्ध्रौं योजनाले विश्व पर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने लक्ष्य राखी नेपाललाई एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्य बनाउने सोच राखेको छ । पाँच वर्षे योजनाले पर्यटन क्षेत्रलाई अर्थतन्त्रको सम्वाहकको रूपमा विकास गर्न पर्यटकीय

स्थल तथा उपजमा विविधीकरण ल्याउने, छिमेकी मुलुक तथा प्रमुख पर्यटन बजारमा व्यापक प्रचार-प्रसार र प्रवर्धन गर्ने, स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै सार्वजनिक-निजी-सहकारी साझेदारीको अवधारणा अनुरूप आधुनिक पर्यटन पूर्वाधारको विकास, बजारीकरण र प्रवर्धन गर्ने, शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्र समेटेर पर्यटन विकास गर्ने, पर्यटकीय उपजलाई मूल्य शृंखलामा आबद्ध गरी स्थानीय स्तरसम्म लाभ वितरण गर्ने नीति लिएको छ। लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले (आ. व. २०७६/७७-२०८०/८१) बाह्य पर्यटकको लागि प्रमुख गन्तव्यको रूपमा विकास गरी योजनाको अन्तिम वर्ष सम्म पर्यटकको संख्या दोब्बर गराउने अपेक्षा गरेको छ। आवधिक योजनाले पर्यटन क्षेत्रको विकासलाई केन्द्रित गर्न नीतिगत कानुनी एवम् संस्थागत व्यवस्था, आवश्यक भौतिक पूर्वाधारको विकास, प्रचार-प्रसार, प्रदेश-स्थानीय तह र अन्य निकायसँग सहकार्य र पर्यटनलाई उत्पादन र रोजगारीसँग जोड्न कार्यक्रमहरू तोकेको छ।

# अध्याय – ३ : लुम्बिनी साँस्कृतिक नगरपालिकाका मुख्य पर्यटकीय सम्पदाहरू

## ३.१ लुम्बिनी साँस्कृतिक नगरपालिकाको संक्षिप्त चिनारी

लुम्बिनी साँस्कृतिक नगरपालिका लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लामा पर्ने एक ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पुरातात्त्विक महत्त्व रहेको नगरपालिका हो । लुम्बिनी साँस्कृतिक नगरपालिका लुम्बिनी प्रदेशको र नेपालको मात्र नभएर विश्वकै एक अनुपम धार्मिक तथा पर्यटकीय गन्तव्य हो । सन् १९९७ देखि लुम्बिनीलाई यूनेस्कोले विश्व सम्पदामा सुचिकृत गरेपश्चात् बुद्धको जन्मस्थल भएको कारण यो क्षेत्रको महत्त्व थप प्रमाणित भएको थियो । गौतम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्र यस नगरपालिकाको परिसरमा पर्ने भएकोले यस नगरपालिकाको नाम लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको हो । समुद्र सतहबाट ९६ देखि १०० मिटर उचाईमा रहेको यस नगरपालिकाको कुल क्षेत्रफल १२१.२१ वर्ग कि.मि क्षेत्रमा फैलिएको छ । केन्द्रिय तथ्यांक विभागले हालै सार्वजनिक गरेको २०७८ को प्रारम्भिक जनसांख्यिक प्रतिवेदनको नतिजा अनुसार यहाँको कुल जनसंख्या ८८,०९० मध्ये ४३,७०६ पुरुष र ४४,३८४ महिला रहेका छन भने नगरपालिकाको परिवार संख्या १३,८५४ रहेको छ भने घरधुरी संख्या १०,७३६ रहेको छ।

नगरपालिकाको आर्थिक क्षेत्रको अवस्था र सम्भावनालाई हेर्दा खेतीयोग्य जमिनको उपलब्धता भएकोले सिँचाइको उचित प्रबन्ध हुनसके कृषिको वैज्ञानिकीकरण र व्यावसायिकरण मार्फत आर्थिक समृद्धि हासिल गर्न सकिन्छ । नगरपालिकामा उत्पादन हुने प्रमुख बालीहरूमा धान र गहुँ हुन् भने नगदे बालीहरूमा तोरी, बदाम, दलहन बालीमा मसुरो, केराउ, रहर, मास तरकारीमा प्रायसबै प्रकारका तरकारीहरू उत्पादन हुने गरेका छन् । फलफुलमा विशेषगरी आँप, कटहर, लिची, केरा, मेवा, कागती र अम्बा उत्पादन हुने गरेका छन् । यी बाहेक यस नगरपालिकामा जडिबुटीहरूमा निम, तुलसी, घिउकुमारी, पुदिना रहेका छन् । नगरपालिकामा धेरै साना उद्योग, कल कारखानाहरू रहेपनि ठूला स्तरका उद्योगहरूको स्थापना हुन सकेको छैन । विषेशगरी कृषिमा आधारित प्रशोधन उद्योगहरूको राम्रो सम्भावना रहेको छ । हालका वडा केन्द्रहरू रहेका र अन्य केही विकसित भैरहेका मुख्य व्यापारीक बजार केन्द्रहरू जस्तै वडा नं. १ मा खुनगाई, वडा नं. २ मुजाहाना, वडा नं.३ को पडरिया, वडा ४ को अमारी, वडा नं. ५ को मोगलाह चोक, वडा नं. ६ को पर्सा चोक, वडा नं. ७, ८, ९, १० को भैसहीया चोक, महजिदिया, वडा नं. ११ मोगलहवा चोक, वडा नं. १२ को बनजरही चोक, वडा नं. १३ का खुनगाई, गौतम बुद्ध नगर जस्ता ग्रामिण बजार वाहेक ठुला स्तरका उपभोक्ता बजारहरूको विकास भने भएको छैन । नगरपालिकामा ग्लोबल आई.एम.इ. बैङ्क , प्रभु बैङ्क, एन.आइ.सि एसिया, सिद्धार्थ बैङ्क, एभरेस्ट बैङ्क, एन. सि. सि र कृषि विकास बैङ्क सँगै साधना लघुवित्त, मेरो माइक्रो फाइनानन्स,

उत्थान लघुवित्त, सबैको लघुवित्त जस्ता बित्तिय संस्थाहरू, आई. एम. ई र थुप्रै बचत तथा ऋण सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् ।

अर्कोतर्फ यस नगरपालिकामा पर्यटनको समेत राम्रो सम्भावना रहेको छ । विशेषगरी धार्मिक, साँस्कृतिक, पुरातात्त्विक पर्यटनका साथै कृषि पर्यटनको प्रमुख सम्भावना रहेको पाइन्छ । हाल विशेषगरी यहाँको रैथाने प्रजातिका कृषि उत्पादनहरूमा काला निमक धान, बासमती, मन्सुली, अनदी, कनक जिरा, भृकुटी गृहधान, धनिया, लसुन, खुर्सानी, तोरी, आलु (लोकल) हुन् । त्यसैगरी वडा नं. १ मा धान बालीमा व्यवसायिक कृषि उत्पादन केन्द्र, वडा नं. ९ मा स्मार्ट कृषि कार्यक्रम अन्तर्गत तरकारी खेती र साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम अन्तर्गत तरकारी खेती, वडा नं. १० मा साना व्यवसायिक उत्पादन केन्द्र विकास कार्यक्रम अन्तर्गत धान पकेट कार्यक्रम, तरकारी (महिलवारी), केरा खेती (लक्ष्मी पुर), वडा नं. ११ मा तोरी, काला निमक उन्नत धान, आँप, केरा, तोरी, कृषि पकेट क्षेत्रहरू छन् । साथै मिश्रित र अन्तरबाली प्रणाली विकास भैरहेकोले नगरपालिकालाई नमुना कृषि क्षेत्रको रूपमा विकास गर्न सके कृषि पर्यटनको समेत राम्रो सम्भावना रहेको छ ।

यस नगरपालिकामा रहेको मायादेवीको मन्दिर, काली मन्दिर, रामजानकी मन्दिर, मस्जिद, समय माई स्थान, सिद्धेश्वर महादेव, कालीथान, दुर्गा मन्दिर, समय स्थान, लक्ष्मी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, नाला, पोखरी, ताल, पार्क, पिकनीक स्थल, खेलकुद मैदान, संग्रहालय तथा पर्यटकीय यस्ता थुप्रै धार्मिक स्थानहरू रहेका कारण लुम्बिनी सँग जोडेर यस नगरपालिकामा धार्मिक पर्यटनको विस्तार गर्न सकिन्छ । यस्ता थुप्रै पर्यटकीय र धार्मिक स्थलहरू मात्र नभएर यहाँको लोकप्रिय सँस्कृति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, रिसोर्ट, होम स्टेका लागि उपयुक्त स्थान विद्यमान रहेको साथै कृषि ग्रामको रूपमा विकास गर्न सके कृषि पर्यटनको समेत व्यापक सम्भावना रहेकोले पर्यटन क्षेत्र यो नगरपालिकाको समृद्धिको तेश्रो मुख्य संवाहक हो । यसका अलावासबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म, सँस्कृति र चालचलनहरू छन् । यहाँ दशैं, दिपावली, छठ, इद, बकर इद, होली, माघी, तीज, गाईजात्रा, शिवरात्री, गौरा, लोसार, बुद्धजयन्ती, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, मोहरम, क्रिसमस जस्ता विभिन्न चाड पर्व, आजमाको पूर्णिमा नुहाउने मेला (कार्तिक पूर्णिमा) एवं साँस्कृतिक उत्सवहरू मनाइने गरिन्छ। सामुहिक मनोरञ्जनमा नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच, पचरा नाच, झाँक्री प्रर्दशनी आदि प्रचलनमा छन् भने वाद्यवादन तथा बाजाहरूमा ब्रमदेव नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी बेण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झाँज, डफला, बाँसुरी विशेष समय/ अवसरहरूमा बजाइन्छ । सोहर, साउने गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता स्थानीय लोक गीत, लोकगाथाहरू जोडेर साँस्कृतिक पर्यटनको विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको छ । त्यसैगरी विभिन्न जाति, धर्म सम्प्रदाय र समुदाय

बसोबास गर्ने यो नगरपालिका बाढी, डुबान, कटान आदिको अध्ययन गर्ने विद्यार्थी, अनुसन्धानकर्ता, इन्जिनियर लगायत यहाँ बसोबास गर्ने जातजाति तथा सँस्कृतिका बारेमा समाजशात्र तथा मानवशात्र अध्ययन गर्ने विद्यार्थी तथा अनुसन्धानकर्तालाई एक महत्त्वपूर्ण शैक्षिक गन्तव्य समेत हुन सक्दछ ।

### ३.१.१ भौगोलिक अवस्थिति

लुम्बिनी साँस्कृतिक नगरपालिका रुपन्देही जिल्ला सदरमुकाम भैरहवादेखि पश्चिम तर्फ १८ कि.मी. को दुरीमा अवस्थित छ । नगरपालिकाको पूर्वमा कोटहीमाई मायादेवी नगरपालिका, पश्चिममा कपिलबस्तु जिल्ला, उत्तरमा गैडहवा गाँउपालिका र दक्षिणमा समरीमाइ नगरपालिका र भारत पर्दछन् । भौगोलिक हिसाबले ८३ डिग्री १३ मिनेट देखि ८३ डिग्री २० मिनेट पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ४० सेकेण्ड देखि २७ डिग्री ३२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित लुम्बिनी साँस्कृतिक नगरपालिका लुम्बिनी प्रदेशको र नेपालको मात्र नभएर विश्वकै एक अनुपम धार्मिक, ऐतिहासिक तथा पर्यटकीय गन्तव्य हो ।




नक्सा नं. १: नगरपालिकाको अवस्थिती नक्शा

### ३.१.२ राजनैतिक तथा प्रशासनिक विवरण

नेपाल सरकारको २०७३ साल फागुन २२ गतेको निर्णय अनुसार साविकका लुम्बिनी साँस्कृतिक नगरपालिकाको २१ वटा वडाहरूलाई समावेश गरी १३ वटा वडा कायम गरि गठन भएको हो। नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निर्णय अनुसार यस नगरपालिकामा साविकका भगवानपुर, लुम्बिनी आदर्श, तेनुहवा, एकला, खुदाबगर, मधुवनी र मसिना गा.वि.स. समावेश गरी जम्मा १८ वडाहरू रहेका थिए भने मिति २०७२ पुष २१ गते साविकको आमा गा.वि.स. समावेश गरि जम्मा २१ वडा कायम गरिएको थियो । नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित नगरपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननिय संघिय मामिला तथा स्थानिय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका २१ वडालाई समावेश गरि १३ वटा वडाहरू कायम गरिएको छ । लुम्बिनी साँस्कृतिक नगरपलिकाको संरचना तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४ : राजनैतिक तथा प्रशासनिक विवरण

| कायम गएिका वडाहरू | समावेश भएका साविकका गा.वि.स.र न.पा. हरू | साविकको वडा नं. |
|---|---|---|
| १ | भगवानपुर | १-४ |
| २ | भगवानपुर | ५-९ |
| ३ | लुम्बिनी आदर्श | २-५ |
| ४ | लुम्बिनी आदर्श | १, ६-९ |
| ५ | तेनुहवा | २, ३, ५, ९ |
| ६ | तेनुहवा | १, ४, ६-८ |
| ७ | एकला | ४, ५,८,९ |
| ८ | एकला | १-३ |
| ९ | खुदाबगर | १-९ |
| १० | मधुवनी | १-९ |
| ११ | एकला | ६,७ |
| ११ | मसिना | १-९ |
| १२ | आमा | १-६ |
| १३ | आमा | ७-९ |

### ३.१.३ जनसाङ्ख्यिक विवरण

केन्द्रिय तथ्यांक विभागले हालै सार्वजनिक गरेको २०७८ को प्रारम्भिक प्रतिवेदनको नतिजा अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकाको कुल जनसंख्या ८८,०९० मध्ये ४३,७०६ पुरुष र ४४,३८४ महिला रहेका छन भने नगरपालिकाको परिवार संख्या १३,८५४ रहेको छ ।

नगरपालिकाद्धारा प्रकाशित पार्श्वचित्रमा राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकामा रहेका कुल ९,९६४ घरपरिवारमा अक्सर बसोबास गर्ने ३६,१३७ पुरुष र ३६,३६० महिला गरी जनसंख्या ७२,४९७ रहेको थियो । नगरपालिकामा अनुपस्थित र अक्सर बसोबास गर्नेहरूको कुल जनसंख्या ४०२९७ रहेको देखिन्छ ।सोही अनुसार लैंगिक अनुपात प्रति १०० महिलामा पुरुषको संख्या ९९.३९ रहेको छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ६४६ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५०.९७ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४१.३२ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ७.७१ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन् ।यस नगरपालिकामा प्रति परिवार औषत ७.२९ जना सदस्य रहेको देखिन्छ ।

| विवरण | वि.सं. २०७८ |
|---|---|
| जम्मा जनसंख्या | ८८,०९० |
| पुरुष | ४३,७०६ |
| महिला | ४४,३८४ |
| अनुपस्थित जनसंख्या | - |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ९८.५ |
| जम्मा घरधुरी संख्या | १०,७३६ |
| औसत परिवार आकार | ६.३६ |
| जम्मा क्षेत्रफल (वर्ग कि.मि.) | ११२.२१ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ७८५ |
| ०-१४ वर्ष उमेरसमूहका जनसंख्या (आर्थिकरूपले आश्रित जनसंख्या) | |
| १५-५९ वर्ष उमेरसमूहका जनसंख्या (आर्थिकरूपले सक्रिय जनसंख्या) | |
| ६० वर्षभन्दा बढी उमेरसमूहका जनसंख्या (आर्थिकरूपले आश्रित जनसंख्या) | |

स्रोतः राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक नतिजा

### ३.१.३.१ वडागत जनसङ्ख्याको विवरण

राष्ट्रिय जनगणना, २०६८को तथ्यांक अनुसार वडागत तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं ११ रहेको छ जसमा जम्मा जनसंख्या ८,१५५ (पुरुषको ४,००३ जना र महिलाको ४,१५२ जना) रहेको छ । यस वडाका औसत परिवार आकार ७.१९ र घरधुरी संख्या १,१३५ रहेको छ । त्यसैगरी सबैभन्दा कम जनसंख्या वडा नं. ८मा रहेको छ जसको जनसंख्या ३,५३६ ( पुरुषको १,७३३ जना र महिलाको १,८०३ जना) रहेका छ भने घरधुरी संख्या ४५४ र औसत परिवार संख्या ७.७९ रहेको छ।

### ३.१.३.२ जातजाति समुह अनुसार जनसङ्ख्याको विवरण

यस नगरपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार रुपन्देही जिल्लामा कुल ६० भन्दा बढी किसिमका जातजातिको बसोबास रहेका पाईन्छ भने २५ भन्दा बढी किसिमका मातृभाषा रहेको पाईन्छ । यस नगरपालिकामा सबैभन्दा बढी मुसलमान २३,५६८ (३२.५१ प्रतिशत), दोस्रोमा यादव ९,८१६ (१३.५४ प्रतिशत) र तेस्रोमा लोध ५,७३२ (७.९१ प्रतिशत) जातिको बसोबास रहेको पाईन्छ । त्यसैगरी चमार/हरिजन/राम ४,५६९(६.३० प्रतिशत), कहार ३,७७३ (५.२० प्रतिशत), कुर्मी २,२९३ (३.१६ प्रतिशत), ब्राम्हण पहाडी १,८३७ (२.५३ प्रतिशत), धोबी १७३३ (२.३९ प्रतिशत), दुसाध/पासवान/पासी १६८९ (२.३३ प्रतिशत), र अन्य तेली, मगर, काठवानिया, मल्लाह, थारु, बराई, लोहार, कलवार, हजाम/ठाकुर, हलुवाई, कायस्था, केवत, क्षेत्री, ब्राम्हण तराई, विदेशी, कामी, सोनार लगायतका अन्य जनजाती, दलित, र तराई मुलका जातजातीहरूका पनि यस नगरपालिकामा बसोबास रहेको पाईन्छ ।

### ३.१.३.३ मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण

जनसंख्यिक अवस्थितिका तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा सबैभन्दा बढी मुसलमान, यादव लगायतका तराई समुदायकाको बसोबास भएका हुनाले भोजपुरी भाषीहरूका बाहुल्यता रहेको छ । राष्ट्रिय जनगणना, २०६८ को तथ्यांक अनुरूप भोजपुरी भाषा प्रयोग गर्नेको संख्या सबैभन्दा बढी अर्थात ३२,८०३ (४५.२५ प्रतिशत) रहेको देखिन्छ । दास्रोमा अवधी २१,६८३ (२९.९१ प्रतिशत), तेस्रोमा उद १४,०३१ (१९.३५ प्रतिशत) भाषाको प्रयोग रहेको पाइन्छ। यसैगरी मैथिली, नेपाली, मगर भाषाहरू पनि प्रयोगमा रहेको पाइन्छ।

### ३.१.३.४ धर्म अनुसार जनसङ्ख्याको विवरण

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन् । राष्ट्रिय जनगणना, जनगणना २०६८ अनुसार यहाँको कुल जनसंख्याको ६७.२५ प्रतिशत

(४८,७५२ जना) हिन्दु, ३२.५० प्रतिशत (२३,५६४ जना) इस्लाम धर्मावलम्बीहरू, ०.१० प्रतिशत (७० जना) बौद्ध, ०.०४ प्रतिशत (३० जना) प्रकृति र अन्य धर्मावलम्बीहरू ०.०४ प्रतिशत ( २५ जना) र ०.०८ प्रतिशत (५६ जना) उल्लेख नगरिएका धर्मावलम्बीहरू रहेका पाईन्छ । यस नगरपालिकामा मधेसी समुदायका मानिसहरूका बसोबास धेरै भएता पनि यहाँ अधिकांश मानिसहरू हिन्दु धर्मावलम्बीहरू रहेका पाइन्छ ।

## ३.२ नगरपालिकाको भू-उपयोग अवस्था

प्राकृतिक सम्पदाको हिसाबले यो नगरपालिका कृषिको लागि उपयुक्त उर्वर भूमिको धनी नगरपालिका हो । लुम्बिनी साँस्कृतिक नगरपालिका विद्यमान भू-उपयोग हेर्दा करिब ९०.६१ (२०६८) प्रतिशत जमिन खेतीपातीको लागि योग्य भएको देखिन्छ । नगरपालिका चुरे पर्वत श्रङखलाभन्दा दक्षिण तर्फ समथर तराई क्षेत्रमा रहेको छ । जलवायुको हिसाबले यस नगरपालिका उष्ण प्रकारको हावापानी रहेको छ । कुल भू-भागको करिब १.६६ प्रतिशत भू-भाग बगैंचाले ढाकिएको छ । नगरपालीकाको माटोको प्रतिक्रिया समग्र रूपमा क्षारीय, नाइट्रजनको स्थिती कम, प्राङ्गारिक पदार्थको मात्र कम, फस्फोरस मध्यम र पोटासको स्थिती धेरै देखिन्छ । यो नगरपालिका समथर क्षेत्रमा अवस्थित भएकोले यहाँको जमिनमा भिरालोको मात्रा कम रहेको छ । उचाइका हिसाबले समुद्र सतहबाट करिव ९६ मिटरदेखि १०० मिटरसम्मको उचाइमा रहेको यस नगरपालिकाको जमिन विशाल गंगा नदी प्रणालीले निर्माण गरेको समथर तराईको उर्वर क्षेत्र हो । यसर्थ यो समथर भू-भाग पाँगो र बालुवा मिश्रित उर्वर भूमि अन्तर्गत पर्दछ । कुल ११२.२१ वर्ग कि.मी. क्षेत्रफल मध्ये ९०.६१ प्रतिशत जमिनमा हाल खेतीपाती भैरहेको छ । यसैगरी वस्ती क्षेत्रले ४.४९ प्रतिशत छ भने पोखरी क्षेत्र १.२० प्रतिशत रहेको छ । १.५३ प्रतिशत भू-भाग नदी/खोला किनार तथा बगर क्षेत्रले ओगटेको छ भने बगैचा क्षेत्रले १.४७ प्रतिशत भू-भाग ओगटेको छ । व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण र कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस नगरपालिकाको दीर्घकालीनसमृद्धि हासिल गर्न सकिन्छ ।

नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरबासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ । यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५ : भूउपयोगको अवस्था

| विवरण | क्षेत्रफल (वर्ग कि.मि.) ११२.२१ | प्रतिशत |
|---|---|---|
| खेतीयोग्य | १०१.१७ | ९०.६१ |
| वनजङ्गल | १.८६ | १.६६ |
| वस्ती | ५.०३ | ४.४९ |
| बगर क्षेत्र | १.७१ | १.५३ |
| बगैंचा | १.६५ | १.४७ |
| जलाशय | १.३४ | १.२० |

स्रोत-लुम्बिनी साँस्कृतिक नगरपालिकाको, नगर पार्श्वचित्र




नक्सा नं. २: नगरपालिकाको भूउपयोगको अवस्था

## ३.३ मुख्य पर्यटकीय क्षेत्रहरू, वर्तमान अवस्था र सम्भावना

लुम्बिनी साँस्कृतिक नगरपालिकामा अवस्थित ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक, तथा मानव निर्मित सम्पदाहरूको बारेमा अध्ययन, अनुसन्धान, प्रत्यक्ष अवलोकन भ्रमण तथा नगरपालिकाका जनप्रतिनिधिहरू र स्थानीय बासिन्दासँगको छलफल र अन्तरकृया मार्फत निम्न सम्पदाहरू र स्थानहरूलाई पर्यटकीय आकर्षणको केन्द्रको रूपमा विकास गरी पर्यटन विकास गर्न सकिने निष्कर्ष निकालिएको छ ।

### ३.३.१ ऐतिहासिक सम्पदाहरू

राष्ट्रकै ऐतिहासिक धरोहरको रूपमा रहेको यस लुम्बिनी क्षेत्र, लुम्बिनी साँस्कृतिक नगरपालिकामा अवस्थित छ। लुम्बिनी विकास क्षेत्रका रूपमा परिचित उक्त स्थलले नगरपालिकाको ३, ६, ७, ८ र १० नम्बर वडाहरू समेट्छ । पुरातात्त्विक प्रमाणहरू, ऐतिहासिक सन्दर्भहरू, प्रख्यात चिनियाँ तीर्थयात्रीहरू लगायत प्रसिद्ध तीर्थ यात्रीहरू र यात्रुहरूको यात्रा विवरणहरू र पवित्र बुद्ध धर्मग्रन्थहरूले लुम्बिनीलाई भगवान शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा प्रमाणित गर्दछ। भगवान् शाक्यमुनि बुद्ध यहाँ ईसापूर्व ६२३ मा जन्मेका थिए र विश्वव्यापी शान्तीको सन्देश र मानव सदभावको उपदेश दिएका थिए। त्यसैले यो बौद्ध धर्ममा विश्वास गर्ने मानिसहरूका लागि सबैभन्दा पवित्र स्थानहरू मध्ये एक मानिन्छ। भगवान शाक्यमुनि बुद्धप्रति श्रद्धाञ्जली अर्पण गर्न र भगवान शाक्यमुनि बुद्ध, बौद्ध धर्म र शान्तिसँग सम्बन्धित पवित्रता र तीर्थस्थलहरूको अवलोकन गर्न विश्वभरका बौद्ध तीर्थयात्री, शान्ति प्रेमी र आम आगन्तुकहरू लुम्बिनी आउने गर्दछन्। यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा, लुम्बिनी विकास क्षेत्र भित्र र बाहिरी भेगमा पनि ऐतिहासिक महत्त्वका सम्पदाहरू भेटिएका छन् । यस नगरपालिकामा रहेका केहि मुख्य ऐतिहासिक सम्पदाहरू निम्न अनुसार रहेका छन् ।

**मार्कर स्टोन**




मार्कर स्टोनले लुम्बिनीमा राजकुमार सिद्धार्थको जन्मस्थलको सही स्थानको पहिचान गराउँछ। मायादेवी मन्दिरको सावधानीपूर्वक उत्खनन १. मार्कर स्टोन, २. जन्म मूर्तिकला, ३. मायादेवी मन्दिर भित्र संरचनात्मक भग्नावशेष ३९ (१९९२-१९९६) ले ३ बाट इँटाका सात तहहरू भएको प्लेटफर्मको शीर्षमा मार्कर स्टोन फेला

पारेको थियो। शताब्दी ईसा पूर्व चिनियाँ पर्यटक ह्सुआन त्साङ (६३६ ईस्वी) ले पवित्र पोखरीको उत्तरमा २५ पाइलामा मार्कर स्टोनको अस्तित्वको वर्णन गर्दछ। यो ७० सेमी x ४० सेमी x १० सेमी आकारको बलौटे ढुङ्गामा आधारित समूह हो।

जन्म मूर्तिकलाले राजकुमार सिद्धार्थको जन्म दृश्य चित्रण गर्दछ। प्रजापति गौतमीले प्रसवको समयमा मायादेवीलाई रूखको हाँगा (सम्भवतः साल रूख) समातेको चित्रण गरिएको छ। भर्खरै जन्मेको बच्चालाई कमलको पेडस्टलमा उभिएको देखाइएको छ। दुई आकाशीय व्यक्तित्वहरू (ब्रह्मा र इन्द्र), नवजात राजकुमार सिद्धार्थलाई प्राप्त गर्दैछन्। रातो बलौटे ढुङ्गाको मूर्तिलाई मथुरा स्कूल अफ आर्टले चौथो शताब्दीमा कोरेको भनिन्छ। सन् १८९९ मा पी.सी. मुखर्जीले गरेको वैज्ञानिक उत्खननले जन्म मूर्तिकलाको मुख्य भाग फेला पारेको थियो।

**अशोक स्तम्भ**



अशोका स्तम्भ

भगवान शाक्यमुनि बुद्धको जन्मस्थल र लुम्बिनी भ्रमणको सम्झनामा सम्राट अशोकले २४९ ईसापूर्वमा लुम्बिनीमा अशोक स्तम्भ खडा गरेका थिए। ब्राह्मी लिपि र पाली भाषामा कुँदिएको अशोक शिलालेखले लुम्बिनीलाई शाक्यमुनि बुद्धको जन्मस्थल भएको प्रमाणितले भगवान शाक्यमुनि बुद्धको जन्मस्थलको सन्दर्भमा पहिलो इपिग्राफिक प्रमाण दिन्छ। ब्राह्मी लिपि र पाली भाषामा लेखिएको पाठ यस प्रकार अनुवाद गरिएको छः

"*भगवानका प्रिय राजा पियादसी (अशोक) आफ्नो शासनकालको बीसौं वर्षमा स्वयम् शाही भ्रमण गरेका थिए। यहाँ शाक्यमुनि बुद्धको जन्म भएको हुनाले (जन्मस्थल) मार्कर ढुङ्गाको पूजा गरी*

*ढुङ्गाको स्तम्भ खडा गरिएको थियो। भगवान यहाँ जन्मिएपछि लुम्बिनी गाउँको कर आठ भाग (मात्र) घटयो'*।

सम्राट अशोकद्वारा लुम्बिनीमा यस स्तम्भको निर्माणलाई ह्युएन त्साङ (६३६ ईस्वी) र फा-ह्सियन (३९९-४१३ ईस्वी) लगायतका प्रारम्भिक चिनियाँ यात्रुहरूले पनि वर्णन गरेका थिए। १३१२ ईस्वीमा, पश्चिम नेपालको ४० औं राजा रिपु मल्लले लुम्बिनीलाई श्रद्धाञ्जली दिए र निम्न शब्दहरू कुँदिएः स्तम्भको माथिल्लो भागको पूर्वी भागमा ओम मणि पद्मे हुँ रिपु मल्ल चिरन जयतु। रिपु मल्लको भ्रमणपछि झाडीमा हराएको स्तम्भलाई डा. ए.ए. फुहरर र जनरल खड्ग शमशेर जबराले सन् १८९६ डिसेम्बर १ गते गरेको उत्खननका क्रममा पुनः फेला पारेका थिए । भारतीय पुरातत्वविद् श्रीमती देबला मित्राको उत्खनन कार्यले पुष्टि गऱ्यो कि स्तम्भमा चुनार (वाराणसी, यूपी भारतको नजिक) को छेउछाउको एक खदानबाट तयार ढुङ्गाको मौर्य पोलिश विशिष्टता छ। पहिलो पटक खडा गरिएको स्तम्भ लगभग ४० फिट लामो थियो, र मूल रूपमा तीन भागहरू थिएः (i) मोनोलिथिक स्तम्भ, (ii) कमल कोष्ठक, र (iii) एक मुकुटको आकृति, जुन सम्भवतः घोडा थियो। हालको मोनोलिथिक स्तम्भ ३० फिट १०.५ इन्च (९.४१ मिटर) लामो छ। स्तम्भको बीचको भाग 'कमल कोष्ठक' हालै स्तम्भको छेउमा इँटाको मञ्चमा राखिएको छ। ह्युएन त्साङले उल्लेख गरे अनुसार, स्तम्भको मुकुटको भाग घोडाको छवि थियो, जुन दुर्भाग्यवश अझै हराइरहेको छ।

**पवित्र पोखरी**

मार्कर स्टोनबाट २५ पेस दक्षिण-पश्चिममा पवित्र पोखरी अवस्थित छ, जसलाई पुस्करिनी भनेर चिनिन्छ, जहाँ मायादेवीले राजकुमार सिद्धार्थलाई जन्म दिनु अघि स्नान गरेको विश्वास गरिन्छ। शिशु राजकुमारलाई पनि यहाँ पहिलो शुद्धिकरण स्नान दिइएको थियो।४१ प्रारम्भिक चिनियाँ यात्रुहरू फा-सिएन (३९९-४१३ ईस्वी) र ह्युएन त्साङ (६३६ ईस्वी) ले पनि आफ्नो यात्रा विवरणमा पवित्र पोखरी र यस पोखरीमा नवजात राजकुमार सिद्धार्थको पवित्र स्नानको वर्णन गरेका छन्। यो पोखरी राजकुमार सिद्धार्थको जन्म भन्दा पहिले नै अवस्थित थियो, सम्भवतः अंडाकार आकारमा। केशर शमशेर जेबीआर द्वारा सन् १९३३-१९३९ ईस्वी उत्खननमा इँटाको तटबन्धसहित यसलाई पुनर्निर्माण गरिएको थियो। हालको पोखरी २४.९०m × २४.८५m × ४.८३m आकारको छ। सन् १९९६ मा पोखरी सरसफाई गर्दा पोखरीको उत्तरपूर्व र दक्षिणपश्चिम कुनामा दुईवटा इनार भेटिए । सन् १९७२ मा पुरातत्वविद् श्रीमती डी. मित्रा र सन् १९८३ मा श्री बीके रिजालले आफ्नो उत्खनन प्रतिवेदनमा पनि पवित्र पोखरीको उल्लेख र वर्णन गरेका थिए।

**तीर्थ स्तूप**

लुम्बिनीको पवित्र (सेक्रेड) गार्डनमा हालसम्म ३ वटा विभिन्न वर्गका ३१ वटा स्तूपको उत्खनन गरिएको छ । तीमध्ये २९ भोटिभ स्तूप, १ अवशेष स्तूप र १ धम्म स्तूप छन्। वरपरका प्राचीन स्तूपहरूको ठूलो संख्याले भगवान शाक्यमुनि बुद्धको महापरिनिर्वाण पछि लुम्बिनीको सबैभन्दा पवित्र तीर्थस्थलको रूपमा यसको महत्त्वलाई जनाउँछ। यहाँ स्तुपहरू ईसापूर्व तेस्रो शताब्दीदेखि ८ औं वा ९ औं शताब्दीसम्म मौर्य, सुङ्ग, कुषाण र गुप्त कालहरूमा निर्माण भएका थिए। लुम्बिनी पवित्र बगैंचामा बनाइएका स्तूपहरू विभिन्न प्रकारका, डिजाइन र शैलीका हुन्छन्, जसमा मुख्यतया वर्गाकार, आयताकार र गोलाकार आधारहरू छन्। सेक्रेड गार्डेनमा भेटिएका स्तूपहरू निम्न छन्।

ठूलो स्क्वायर स्तूपः

यो स्तूप सुङ्ग काल (२ शताब्दी ईसा पूर्व) मा निर्माण भएको थियो। तर पुरातत्वविद् टी.एन. मिश्राले यो अशोक समय (ई.पू. तेस्रो शताब्दी) भएको अनुमान गरेका छन् ।

मठ समूह ए (पूर्व):

मठहरूको यो समूह भिक्षुहरूका लागि बस्ने कोठा, एउटा बैठक हल, दुईवटा इट्टाको स्तूप (एउटा वर्ग र अर्को गोलाकार), र विहारको आँगनमा एउटा इनार रहेको आवासीय ब्लक थियो। मठहरूको यो समूह ईसापूर्व दोस्रो शताब्दीदेखि दोस्रो शताब्दी ईस्वी सम्म सुङ्ग र कुसान कालहरूमा निर्माण भएको थियो।

मठ समूह बी (पश्चिम):

मठहरूको यो समूह मायादेवी मन्दिरको दक्षिणपूर्वमा अवस्थित दुई उपसमूहहरूलाई समावेश गर्दछ, जसमा कुल ३१ कोठाहरू छन्। मठहरूको यो समूह प्रारम्भमा मौर्य काल (ई.पू. तेस्रो शताब्दी) मा निर्माण गरिएको थियो र कुसान (पहिलो देखि दोस्रो शताब्दी ईस्वी) र गुप्त (चौथो शताब्दी ईस्वी) अवधिमा पुनर्निर्माण गरिएको थियो। उपसमूह १ (पूर्व) मा रहेका गुम्बाहरूमा चारै दिशामा बस्ने कोठा, केन्द्रमा ध्यानस्थल र पश्चिमतर्फ एउटा बरामदा रहेको छ भने उपसमूह २ (पश्चिम) मा दुईवटा पानी भण्डारण ट्याङ्की र एउटा सानो कोठा रहेको छ। (सम्भवतः एउटा भान्छा)।

**गुम्बा**

पवित्र बगैंचामा रहेको मायादेवी मन्दिरको दक्षिणी र दक्षिणपूर्वी भागमा हालसम्म दुईवटा गुम्बाको उत्खनन भइसकेको छ । यी गुम्बाहरूको निर्माण ईसापूर्व तेस्रो शताब्दीमा सुरु भएको

थियो र मौर्य, कुषाण र गुप्त कालसम्म ९ औं शताब्दीसम्म जारी रह्यो। ओभरल्याप र भीडभाड भएका यी संरचनाहरू भगवान शाक्यमुनि बुद्धको पवित्र जन्मस्थल नजिकै राख्ने मानिसहरूको उत्सुकताको प्रमाण हुन्।

### बन्जराइ क्षेत्र

लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं १२ को बन्जराइ भन्ने स्थानमा केहि पुरातात्त्विक अवशेषहरू पनि भेटिएका छन् । यहाँका स्थानीय अनुसार केहि इनारका अवशेषहरू र थुप्रै बहुमुल्य सामग्री पनि भेटिएको थियो । सो क्षेत्रलाई समयमै संरक्षण गर्नुपर्ने र त्यसो गर्न सकेमा पर्यटक आकर्षणको केन्द्र हुन सक्ने सम्भावना रहेको छ । हाल सो क्षेत्र दानव नदीले कटान गर्दै लगिरहेको हुँदा यथाशिघ्र तटबन्ध निर्माण गरि त्यसको संरक्षण गर्न जरुरी छ । यो क्षेत्र पहिले पम्फापुर रहेको स्थानीयको भनाइ छ । महाभारतको हस्तिनापुर क्षेत्र भएको पनि केहि स्थानीयको कथन रहेको छ ।

### अघौंली क्षेत्र

बन्जराइमा जस्तै लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं २ को अघौंली भन्ने स्थानमा पनि केहि पुरातात्त्विक अवशेषहरू भेटिएका थिए । दानव नदीको किनारमा रहेको सो क्षेत्र समयमा संरक्षण नहुँदा ति अवशेषहरू नदी संगै बगेर गएका छन् । स्थानीयका अनुसार सो क्षेत्रमा उत्खनन गर्नेहो भने अजि पनि त्यस्ता प्राचिन सामग्री भेटिन सक्छ । हाल सो क्षेत्र दानव नदीले कटान गर्दै लागिरहेको हुँदा यथाशिघ्र तटबन्ध निर्माण गरि त्यसको संरक्षण गर्न जरुरी छ । सो क्षेत्रलाइ संरक्षण गर्न सकेमा पर्यटक आकर्षणको केन्द्र हुन सक्छ।

### समाई माइ थान



कालीदह समाई माइ थान

लुम्बिनी साँस्कृतिक नगरपालिकाको धेरै जसो वडामा समाई माइ थान रहेका छन् । यिनीहरूका आफ्नै धार्मिक महत्त्व छन् । ति मध्ये पनि वडा नं १३ मा अवस्थित समाई माइ थानको दुबै धार्मिक एवं एतिहासिक महत्त्व रहेको छ । वडा कार्यालयबाट करिब ४०० मि दुरीमा रहेको यस थानमा लुम्बिनी र तिलौराकोटमा जस्तै लामा र चाक्ला इट्टाहरू भेट्न सकिन्छ । पुरातत्त्व विभाग स्वयंले यसको निरिक्षण गरि पुरातात्त्विक स्थलका रूपमा घोषणा गरेको छ ।

**पैसियाको शिव मन्दिर**



पैसिया शिव मन्दिर

लुम्बिनी साँस्कृतिक नगरपालिकाको वडा नं. १३ मा पर्ने पैसिया गाउँमा रहेको शिव मन्दिरको धार्मिक महत्त्व हुनुका साथै यो मन्दिरको परिसर पुरातात्त्विक हिसाबले पनि निकै महत्त्वपूर्ण रहेको छ । १३ नं. वडा कार्यालय कालिदहबाट लगभग ३ कि.मि. दुरीमा रहेको यस स्थानमा नेपाल पुरातत्त्व विभागले अध्ययन अनुसन्धान गर्दा यस मन्दिर परिसर वरिपरी निकै पुराना इट्टाका संरचना भेटेको छ । यो स्थान नजिकै दुइवटा साना पोखरी पनि रहेका छन् । यहाँ समाई माइको थान हुनुका साथै आँपको बगैंचा पनि रहेको छ । पर्यटकीय दृष्टिकोणले हेर्दा यहाँ धार्मिक एवं शैक्षिक पर्यटकका लागि ठुलो सम्भावना रहेको छ । उचित संरक्षण र प्रचार प्रसार गर्ने सकेमा यस क्षेत्रमा ठुलो संख्यामा पर्यटकहरू भित्र्याउन सकिन्छ ।

### ३.३.२ धार्मिक तथा साँस्कृतिक सम्पदाहरू

बौद्ध धर्मको आस्थाको केन्द्र रहेको पवित्र स्थल रहेको कारण नगर क्षेत्रमा राष्ट्रिय अन्तराष्ट्रिय बौद्ध धर्मालम्बी एंव आन्तरिक एवं वाह्य पर्यटकहरूको अत्यधिक आगमन हुने गरेको छ। यस नगरपालिकामा रहेको कालि मन्दिर, रामजानकी मन्दिर, आमा बन बाटिका, पून्यहवा र बगाहवा ताल, मस्जिद, समय माई स्थान, सिद्धेश्वर महादेव, कालीथान, श्री नवदुर्गा मन्दिर महादेवा, समय स्थान, लक्ष्मी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, नाला, पोखरी, ताल, पार्क, पिकनीक स्थल, खेलकुद मैदान, संग्रहालय, यस्ता जस्ता पर्यटकीय र धार्मिक स्थानहरू रहेकाकारण साँस्कृतिक विकास लुम्बिनी सँग जोडेर यस नगरपालिकामा सम्पदा र धार्मिक पर्यटनको विस्तार गर्न सकिन्छ। लुम्बिनी साँस्कृतिक नगरपालिकाका अधिकांश स्थानीय बासिन्दाहरू मधेसी वा तराईवासी भनेर चिनिन्छन् र उनीहरू थारु, बाहुन, क्षेत्री, यादव, कोहार, लोहार, हरिजन, केवट, तेली, आदि मिश्रित जातजातिका छन् । विगत ५० वर्षदेखि पहाड र अन्य छिमेकी क्षेत्रबाट पनि लुम्बिनीमा ठूलो संख्यामा जनसङ्ख्या बसाई सराई गरी आएको छ ।



रामजानकी हनुमान मन्दिर, वडा नं. १

यहाँ जातजाती अनुसारका विविध किसिमका सँस्कृति तथा परम्पराहरू अवलोकन गर्न सकिन्छ । जातियतामा विविधता सँगै धर्म र सँस्कृतिमा पनि विविधता रहेको पाइन्छ । लुम्बिनी वरपरको बहुसंख्यक जनसंख्या हिन्दु हो, मुस्लिम समुदायको सानो जनसंख्या यस क्षेत्रको पश्चिममा र कपिलवस्तु जिल्लामा केन्द्रित छ। वौद्ध र क्रिश्चियन तथा अन्य धर्म मान्ने धर्मावलम्बीहरू पनि रहेका छन्। विशाल साँस्कृतिक र जातीय विविधताको बावजुद, विभिन्न जाति र सामाजिक समूहहरू बीचको सद्भावको ठूलो भावना छ। गाउँलेहरू आफ्नो खेत खेती गर्न एक अर्कालाई मद्दत गर्छन् र वर्षाको पानी र अन्य स्रोतहरू बाँड्न एकसाथ काम गर्छन्। स्थानीय मुस्लिम र हिन्दु समुदायहरू बीच एक उदाहरणीय सद्भाव छ र तिनीहरूले आफ्नो साँस्कृतिक चाडहरू मनाउन र उपहार आदानप्रदान गर्न एक अर्कालाई मद्दत गर्छन्।

यहाँको लोकप्रिय सँस्कृति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, प्रर्वद्धन गर्दै यी क्षेत्रको विकास गर्न सके व्यापक सम्भावना रहेकोले पर्यटन क्षेत्र यो नगरपालिकाको समृद्धिको मुख्य संवाहक

हो । यस पालिकामा सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म, सँस्कृति र चालचलनहरू छन् । यहाँ बडादशैं, तिहार, रामनवमी, हरितालिका, महिशवरात्री, श्रीपञ्चमी, विवाह पञ्चमी, चैत दशैं, साउने-माघे सङ्क्रान्ति, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन, कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध जितीया, सिरुवा (विशेषगरी थारु-खवास), कूल-थानी पूजा, ग्रामथान पूजा, करवा चौथ, कर्कट सङ्क्रान्ति, भुर्की पूजन, संकट पूजा, ल्होसार पर्वहरू, बाराරවि अवल, सुवरात, मोहरम, ग्यारही सरिफ, इदुलफितर, गौरा, आइतबारी, जेष्ठ पूर्णिमा धुरिया पूजा, भूतुवा पूजा, पुसे १५, ओल्के, असारे १५, विसु तिहारे, छठ, इद, बकर इद, होली, माघी, तीज, गाईजात्रा, शिवरात्री, गौरा, बुद्धजयन्ती, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, क्रिसमस, आजमाको पूर्णिमा नुहाउने मेला कार्तिक पूर्णिमा एवं साँस्कृतिक उत्सवहरू मनाइने गरिन्छ । नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच, पचरा नाच, झाँक्री प्रर्दशनी आदि यहाँको परिवेशलाई जैविक तुल्याएका छन् भने वाद्यवादन तथा बाजाहरूमा ब्रमदेव नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी बेण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झाँज, डफला, बाँसुरी विशेष समयर अवसरहरूमा बजाइन्छ । सोहर, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता स्थानीय लोक गीत यहाँको लोकगाथाहरू हुन् । डिकटी, घोङ्गी सेवई, बाख्राको मासु, खिंचडी, पुरी, मिठाई जस्ता विषेश नगरवासीको खानपानमा पर्दछन। भुइँकला, वेदी, नाग, अष्टदल, ज्योति कला, टोटमवादी कला, गौरा (मूर्ति कला), गाँज (पुत्ला, देवीको प्रतीक पुत्ला), विजय सालको गिलाँस, काष्ठ कला, तेल हाल्ने चाडी, पाल्लो, कोशी, छाप्रा, ढकिया, डोको, नाम्लो, ढकिया, ढेरी, गिलाँस लगायत विभिन्न किसिमका कला, सँस्कृतिहरू प्रचलनमा रहेका छन् । यो नगरपालिकामा विभिन्न धार्मिक, साँस्कृतिक, संग्रहालय एवं ऐतिहासिक स्थलहरू - जस्तै राम जानकी मन्दिर, निपनिया धर्मशाला, थारु संग्रहालय आदि जोडेर साँस्कृतिक पर्यटनको विस्तार गर्ने प्रचुर सम्भावना रहेको छ ।

यस नगरपालिकामा रहेका केहि मुख्य धार्मिक तथा साँस्कृतिक सम्पदाहरू निम्न अनुसार रहेका छन् ।

**मायादेवी मन्दिर**

लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं ५ मा पर्ने मायादेवी मन्दिर वडा कार्यालयबाट २ कि. मि. को दुरीमा अवस्थित छ । यसमा रहेका मार्कर स्टोन, जन्म मूर्तिकला र संरचनात्मक भग्नावशेषहरू सबै भगवान शाक्यमुनि बुद्धको जन्मसँग सम्बन्धित छन्। मार्कर स्टोनले सही जन्मस्थललाई इंगित गर्दछ र जन्म मूर्तिकलाले राजकुमार सिद्धार्थको जन्म दृश्य चित्रण गर्दछ। पुरातात्त्विक उत्खननले यी संरचनात्मक भग्नावशेषहरू मायादेवी मन्दिरको निर्माण र जीर्णोद्धार

शताब्दीयौंदेखि भएका विभिन्न चरणहरूमा भएको खुलासा गरेको छ। इस्वी संवत् २४९ शताब्दीमा सम्राट अशोकले लुम्बिनी भ्रमणको क्रममा मायादेवीले राजकुमार सिद्धार्थलाई जन्म दिएका मार्कर स्टोन र नेटिभिटी ट्रीलाई जोगाउन जलेको इँटा प्रयोग गरेर एउटा मञ्च निर्माण गरेका थिए। मायादेवी मन्दिर १८९६ मा जनरल खड्ग शमशेर र डा एन्टोन फुहरर द्वारा पुनः पत्ता लगाइएको थियो, र अशोक स्तम्भको सन्दर्भ सँग लुम्बिनी भगवान शाक्यमुनि बुद्धको जन्मस्थान भएको विषयसँग जोडिन्छ। पछि, केशरशमशेरले प्रारम्भिक मायादेवी मन्दिरको ढिस्को उत्खनन गरी १९३९ मा पुनर्निर्माण गरे। हालको मायादेवी मन्दिर लुम्बिनी विकास कोषले २००३ मा पुनर्निर्माण गरेको थियो। मायादेवी मन्दिर भित्रका संरचनात्मक भग्नावशेषहरू ईसापूर्व छैठौं शताब्दीदेखि १५औं शताब्दीसम्मका छन्। यसले पूर्व-पश्चिममा ५ पङ्क्ति र उत्तर-दक्षिण दिशामा ३ पङ्क्तिहरूमा व्यवस्थित १५ बक्स कक्षहरू साथै बाहिरी पर्खालले घेरिएको परिक्रमा मार्ग समावेश गर्दछ। पुरातत्व विभाग, लुम्बिनी विकास कोष र डरहम विश्वविद्यालय (युके) द्वारा २०१०-२०१३ ईस्वीमा गरिएको पुरातात्त्विक उत्खननले ईसापूर्व छैठौं शताब्दीको काठको मन्दिर फेला पारेको थियो। उत्खननका क्रममा मौर्यपूर्वको इँटाको संरचना, ४९×३६×७ सेमी आकारको र २० किलोग्राम तौलको प्रत्येक इँटाको भग्नावशेषको वर्तमान दृश्यात्मक तहहरू पनि फेला परेको थियो। यी प्रमाणहरूले लुम्बिनीमा भगवान शाक्यमुनि बुद्धको महापरिनिर्वाण पछि तुरुन्तै पहिलो मायादेवी मन्दिर निर्माण भएको बताउँछ जुन प्रमुख ऐतिहासिक अवधिहरूमा विभिन्न जीर्णोद्धार र पुनर्निर्माणको साक्षी थियो।



मायादेवी मन्दिर

## प्राचिन सिद्धेश्वोर महादेव मन्दिर



लुम्बिनी साँस्कृतिक नगरपालिकाको वडा ५ को मोह्साड भन्ने स्थानमा अवस्थित यो मन्दिर पनि भक्तजनको अत्यन्तै ठुलो धार्मिक आस्था रहेको छ । मन्दिर वरपरका विभिन्न गाउहरू, विभिन्न वडा एवं अन्य गाउँहरूबाट पनि यहाँ भक्तजनहरू दर्शन गर्न आउने गर्दछन ।मन्दिर भित्र रहेको शिव लिंग निकै पुरानो रहेको यहाँका स्थानियहरूको दाबि छ ।यहाँ शिव रात्रीको दिन विशेष मेला लाग्ने गर्दछ र सो मेला अवलोकन गर्न वरपरका विभिन्न गाउँहरूबाट दर्शनार्थीहरू आउने गर्दछन् । यस मन्दिरमा समय-समयमा विभिन्न पुजा आजा, भण्डारा, यज्ञ एवं अन्य धार्मिक क्रियाकलाप हुने गर्दछ ।

## रामजानकी मन्दिर

लुम्बिनी साँस्कृतिक नगरपालिकाको वडा नं १२ को आजमामा अवस्थित यस राम जानकी मन्दिर को निकै ठुलो महत्त्व रहेको देखिन्छ ।सोनवल बजार देखि ३ कि.मि. को दुरीमा रहेको यस मन्दिर परिसर भित्र आश्रम, अखण्ड धुनी, र यज्ञ शाला पनि रहेका छन् । पाल्पाको अर्घलिबाट मुक्तिदास जी महाराज यस रामजानकी मन्दिरमा आएर बस्दा केवल दुध र जल पिएर तपस्यामा लिन भएका कारण यस आश्रमको नाम पौहारी बाबा आश्रम रहेको यहाँका सन्तहरूको भनाइ छ । वि. सं. २००१ मा पौहारी बाबाको देहान्त पश्चात उहाकै सन्ततिले यहाँ पुजा आजा गर्दै आइरहेका छन् । कुनै समय मन्दिर परिसरलाई नदीले कटान गर्न लागेको अवस्थामा पौहारी बाबाले भगवान सँग प्राथना गरेका कारणले नदीले आफ्नो दिशा बदलेर मन्दिर सुरक्षित बनेको भन्ने पनि भनाइ छ । हाल यहाँ रहेको पौहारी बाबाको खराउ पनि पुजिने गरिन्छ । यहाँ विशेष गरि असोज पुर्णिमा, कार्तिक पुर्णिमा र राम नवमीमा भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ ।

## पौहारी बाबा आश्रम

लुम्बिनी साँस्कृतिक नगरपालिकाको वडा नं २ को केवटलियामा अवस्थित यस पौहारी बाबा आश्रमको निकै ठुलो महत्त्व रहेको देखिन्छ ।यस मन्दिर परिसर भित्र आश्रम, अखण्ड धुनी, समाई माइ थान, पोखरी र यज्ञ कुण्ड पनि रहेका छन् । यहाँ हप्तामा एक पटक भण्डारा पनि लाग्ने गर्दछ। यहाँ पौहारी बाबाको समाधि पनि रहेको छ ।




वडा नं. २ मा रहेको पौहारी बाबा आश्रम

## प्राचिन दुर्गा मन्दिर

लुम्बिनी साँस्कृतिक नगरपालिका, वडा नं १२ को भबइमा यो प्राचिन दुर्गा मन्दिर अवस्थित छ। डुंगा तार्ने क्रममा डुंगा अड्किदा खोलाको बिचमा दुर्गा माताको मुर्ति भेटिए पश्चात सोहि ठाउँमा नदीले आफ्नो दिशा बदलेपछि त्यहाँ मन्दिर निर्माण भएको स्थानियहरूको भनाई छ।यहाँ विभिन्न अवसरमा पुजा आजा हुने गर्दछ । मानिसहरू विभिन्न स्थानबाट यहाँ माताको दर्शन गर्न आउछन । यस क्षेत्रलाइ मर्मत संभार गरि समय समयमा धार्मिक कार्यक्रम संचालन गर्न सकेमा पर्यटकहरू आकर्षित गर्न सकिन्छ ।

## बिराहा साँस्कृतिक नृत्य

बिराहा लुम्बिनी क्षेत्रमा तीन शताब्दीभन्दा लामो समयदेखि प्रचलित लोकगीत हो। यस लोकगितको विषयवस्तु परिवारका सदस्यहरू, विशेष गरी प्रेमी र प्रेमिकाको बिछोडले उत्पन्न हुने पिडाको वरिपरि घुमेको छ। लुम्बिनीका स्थानीयले बिराहा सँस्कृतिलाई शाक्यमुनि बुद्धको इतिहास र जीवनसँग जोडेका छन् । कलाकारहरूले राजकुमारी यशोधरासँग उनका पति राजकुमार सिद्धार्थ र राजा शुद्धोधनसँग आफ्नो प्यारो छोरा सिद्धार्थले मोक्षको खोजीमा त्याग गरेको बिछोडको दुःखद गीत पनि गाउँछन्। परम्परागत रूपमा, लुम्बिनी क्षेत्रका स्थानीयहरूले गाउँमा आयोजित प्रमुख अनुष्ठान र कार्यक्रमहरूमा बिरहा गाउँछन् र नाच्छन्। केही दशकयता

बुद्ध बिराहा कल्चरल ग्रुप लुम्बिनीले शाक्यमुनि बुद्ध र मायादेवीको जीवनी र इतिहासमा बिरहा गाउँदै आएको छ । यस समूहले यस क्षेत्रका प्रमुख उत्सव, चाडपर्व र मेलाहरूमा बिरहा गीत र नृत्य प्रस्तुत गर्दछ। लुम्बिनीका होटलहरूले हालै महिलवार गाउँको सामुदायिक केन्द्रमा इच्छुक पर्यटकका लागि बिराहा साँस्कृतिक कार्यक्रम सञ्चालन गरेका थिए।

तालिका नं. ६ : लुम्बिनी साँस्कृतिक नगरपालिकामा अवस्थित विभिन्न धार्मिक स्थलहरूको विवरण

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्त्व | वडा केन्द्रदेखि दुरी (कि.मी. / घण्टा) |
|---|---|---|---|---|
| १ | मायाँदेवी मन्दिर | वडा नं. ५ | धार्मीक, पर्यटकीय | २ किमी |
| २ | दुर्गा मन्दिर - ३ | वडा नं. १, खुनगाई | धार्मिक | ,, |
| ३ | कालि मन्दिर- १ | ,, | धार्मिक | ,, |
| ४ | समय स्थान | ,, | धार्मीक | ,, |
| ५ | शिव मन्दिर | ,, | धार्मीक | ,, |
| ६ | ओवा थान | ,, | धार्मिक | |
| ७ | मस्जिद - ३ | ,, | धार्मिक | |
| ८ | शिव मन्दिर | वडा नं. १, नन्द नगर | धार्मिक | १.५ |
| ९ | राम जानकी | ,, | धार्मिक | |
| १० | कालि मन्दिर | ,, | धार्मिक | |
| ११ | रामजानकी हनुमान मन्दिर | वडा नं. १, भगवानपुर | हरेक मंगलबार विशेष पुजा, बडा दशैंमा मेला, शिव रात्री र माघि मा नि:शुल्क भोजन हुन्छ | २ |

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्त्व | वडा केन्द्रदेखि दुरी (कि.मी. / घण्टा) |
|---|---|---|---|---|
| १२ | कालि मन्दिर- २ | ,, | धार्मिक | |
| १३ | शिव मन्दिर | ,, | धार्मिक | |
| १४ | दिउहार बाबा | ,, | धार्मिक | |
| १५ | मस्जिद - २ | ,, | धार्मिक | |
| १६ | मस्जिद - १ | वडा नं. १, किर्तीपुर | धार्मिक | ५ |
| १७ | दुर्गा मन्दिर - २ | | | |
| १८ | कालिका मन्दिर | वडा नं. २, अदौंला ठुलो | धार्मिक | २० मिनेट |
| १९ | समय स्थान -५ | ,, अदौंला ठुला, अदौंला सानो, केवटलिया सानो, केवटलीया ठूलो | | |
| २० | कालि मन्दिर - | वडा नं. २, अदौंला सानो | धार्मिक | |
| २१ | शिव मन्दिर | अदौंली | धार्मिक | २५ मिनेट |
| २२ | कालि मन्दिर | ,, | धार्मिक | |
| २३ | बगाह बाब स्थान | ,, | धार्मिक | |
| २४ | पहारी बाबा | वडा नं. २ केवटलिया सानो | धार्मिक | ३० मिनेट |
| २५ | कालि मन्दिर | ,, | धार्मिक | ३५ मिनेट |
| २६ | शिव मन्दिर | ,, | धार्मिक | |
| २७ | हनुमान मन्दिर | ,, | धार्मिक | |
| २८ | मस्जिद | ,, | धार्मिक | |
| २९ | कालि मन्दिर | ,, केवटलीया ठूलो | धार्मिक | ३५ मिनेट |
| ३० | राम जानकी मन्दिर | ,, भर्थापुर | धार्मिक | ३० मिनेट |

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्त्व | वडा केन्द्रदेखि दुरी (कि.मी. / घण्टा) |
|---|---|---|---|---|
| ३१ | शिव मन्दिर | ,, ,, | धार्मिक | |
| ३२ | कालि मन्दिर | ,, ,, | धार्मिक | ३० मिनेट |
| ३३ | काली मन्दिर - ४ | ,, लम्तिहवा, मुजहाना, ,, भगतपुरवा, कचरीहवा | | |
| ३४ | दुर्गा मन्दिर- २ | ,, लम्तिहवा, भुजहिंया | | |
| ३५ | शिव मन्दिर -२ | ,, लम्तिहवा, भुजहिंया | | |
| ३६ | राम जानकी मन्दिर - २ | ,, मुजहाना, कचरीहवा | | |
| ३७ | लक्ष्मी मन्दिर | ,, कचरीहवा | | |
| ३८ | राम जानकी मन्दिर | वडा नं. ३ ठुलो पडरीया | धार्मिक | |
| ३९ | शिव मन्दिर | ,, | धार्मिक | |
| ४० | कालि मन्दिर | ,, | धार्मिक | |
| ४१ | दिउहार बाबा थान | ,, | धार्मिक | |
| ४२ | चमरईमाइ | ,, | धार्मिक | |
| ४३ | ब्रमदेव थान | ,, | धार्मिक | |
| ४४ | मस्जिद - ४ | ,, | धार्मिक | |
| ४५ | मस्जिद - ३ | | धार्मिक | |
| ४६ | इदगाहा - १ | ,, सानो पडरिया | धार्मिक | |
| ४७ | रामजानकी - १ | ,, लंकापुर | धार्मिक | |
| ४८ | शिव मन्दिर -२ | ,, ,, | धार्मिक | |
| ४९ | दुर्गा मन्दिर | ,, ,, | धार्मिक | |
| ५० | काली मन्दिर | ,, ,, | धार्मिक | |
| ५१ | शिव मन्दिर -२ | वडा नं. ४ अमारी | धार्मिक | |

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्त्व | वडा केन्द्रदेखि दुरी (कि.मी. / घण्टा) |
|---|---|---|---|---|
| ५२ | कालि मन्दिर | | धार्मिक | |
| ५३ | दिउहार बाबा थान | | धार्मिक | |
| ५४ | मस्जिद | ,, शिवलहवा | धार्मिक | |
| ५५ | कालि मन्दिर | | धार्मिक | |
| ५६ | शिव मन्दिर | | धार्मिक | |
| ५७ | शिव मन्दिर | ,, खम्भे | धार्मिक | |
| ५८ | कालि मन्दिर | ,, खम्भे | धार्मिक | |
| ५९ | मस्जिद | ,, खम्भे | धार्मिक | |
| ६० | वासुदेव थान | ,, खम्भे | धार्मिक | |
| ६१ | राम जानकी | ,, मनौरा | धार्मिक | |
| ६२ | शिव मन्दिर | ,, मनौरा | धार्मिक | |
| ६३ | कालि मन्दिर | ,, मनौरा | धार्मिक | |
| ६४ | कोटही माई | ,, मनौरा | धार्मिक | |
| ६५ | मस्जिद | ,, मनौरा | धार्मिक | |
| ६६ | हिउहार बाबा | ,, मनौरा | धार्मिक | |
| ६७ | ब्रम स्थान | ,, मनौरा | धार्मिक | |
| ६८ | सिद्धेश्वर महादेव | ,, मनौरा | धार्मिक | |
| ६९ | शिव मन्दिर | ,, मनौरा | धार्मिक | |
| ७० | कालि मन्दिर | ,, मनौरा | धार्मिक | |
| ७१ | कालीथान | वडा नं. ५, तेनहवपूर्व गाउँ | धार्मिक | |
| ७२ | मस्जिद | ,, | धार्मिक | |
| ७३ | शिव मन्दिर | ,, मोहसङ | धार्मिक | |

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्त्व | वडा केन्द्रदेखि दुरी (कि.मी. / घण्टा) |
|---|---|---|---|---|
| ७४ | कालि माइथान | ,, ,, | धार्मिक | |
| ७५ | मस्जिद | ,, लोखडिया | धार्मिक | |
| ७६ | मस्जिद | | धार्मिक | |
| ७७ | मस्जिद | ,, हन्नामपुर | धार्मिक | |
| ७८ | कालिथान | ,, तेनुहवा पश्चिम | धार्मिक | |
| ७९ | मस्जिद | ,, तेनुहवा पश्चिम, पिपराहवाँ, मोहम्मद नगर, भोगलाहा चौक पूर्व र दक्षिण | धार्मिक | |
| ८० | | | धार्मिक | |
| ८१ | शिव मन्दिर | वडा नं. ५ , बेलाहाडिह | धार्मिक | |
| ८२ | रामजानकी शिव मन्दिर | ,, ढोडहवाँ | धार्मिक | |
| ८३ | शिव मन्दिर | ,, ,, | धार्मिक | |
| ८४ | कालि थान | ,, ,, | धार्मिक | |
| ८५ | मस्जिद | ,, ढोडहवाँ, मनोहरपुर | धार्मिक | |
| ८६ | शिव मन्दिर | ,, मनोहरपुर | धार्मिक | |
| ८७ | कालिथान | ,, ,, | धार्मिक | |
| ८८ | कालि मन्दिर | वडा नं. ६, तेनहवा बिचगाउँ, महिजिदिया ढाला, | धार्मिक | |
| ८९ | मस्जिद | वडा नं. ६, तेनहवा बिचगाउँ, महिजिदिया ढाला, तर्कुलाह, मोहम्मदपुर, रमवापुर, पर्सा | धार्मिक | |

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्त्व | वडा केन्द्रदेखि दुरी (कि.मी. / घण्टा) |
|---|---|---|---|---|
| ९० | दुर्गा मन्दिर | वडा नं. ६, तर्कुलाह, | धार्मिक | |
| ९१ | शिव मन्दिर | ,, ,, | धार्मिक | |
| ९२ | कृष्ण मन्दिर | ,, रमवापुर | | |
| ९३ | कालि थान | ,, रमवापुर, पर्सा | | |
| ९४ | समयमाइ थान | ,, ,, | | |
| ९५ | कारणमाइ थान | ,, ,, | | |
| ९६ | लक्ष्मी मन्दिर | वडा नं. ७ पकरीहवा | धार्मिक | २ कि.मी |
| ९७ | दुर्गा मन्दिर | ,, ,, | धार्मिक | |
| ९८ | काली मन्दिर | ,, पकरीहवा, कर्महवा | धार्मिक | |
| ९९ | दुर्गा मन्दिर - २ | ,, बनरहवा, भैसहीया | धार्मिक | २ कि.मी |
| १०० | शिव मन्दिर | ,, सानो बनरहवा , कर्महवा, भैसहीया | धार्मिक | २ कि.मी |
| १०१ | राम जानकी मन्दिर | ,, भैसहीया | धार्मिक | |
| १०२ | शिव मन्दिर | ,, अँधियारी पासी टोल, अँधियारी | धार्मिक | २.५ कि.मी |
| १०३ | कोटही माइ थान | ,, अँधियारी | धार्मिक | २.५ कि.मी |
| १०४ | दुर्गा मन्दिर | ,, ,, | धार्मिक | |
| १०५ | समय स्थान | ,, शेखुवा | धार्मिक | ८ कि.मी |
| १०६ | शिव मन्दिर | ,, औरहिया | धार्मिक | ४ कि.मी |
| १०७ | मस्जिद - ४ | ,, बनरहवा, भैंसिहिया | धार्मिक | २ कि.मी |
| १०८ | मस्जिद | ,, कर्महवा, पश्चिम शिवगोडिया, पूर्व शिव गोडिया | धार्मिक | ३ कि.मी |

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्त्व | वडा केन्द्रदेखि दुरी (कि.मी. / घण्टा) |
|---|---|---|---|---|
| १०९ | काली मन्दिर | वडा नं. ८, उत्तर भरवलिया | धार्मिक | ५०० मिटर |
| ११० | मस्जिद | ,, ,, | धार्मिक | ५०० मिटर |
| १११ | ब्रम बाबा थान | ,, ,, | | ५०० मिटर |
| ११२ | कालि मन्दिर | वडा नं. ८,पूर्व भरवलिया | धार्मिक | |
| ११३ | शिव मन्दिर | ,, ,, | धार्मिक | |
| ११४ | दुर्गा मन्दिर | ,, ,, | धार्मिक | |
| ११५ | समय माई स्थान | ,, ,, | | |
| ११६ | मस्जिद | ,, ,, | | |
| ११७ | काली मन्दिर | ,, पश्चिम भरवलिया | | ५०० मिटर |
| ११८ | शिव मन्दिर - २ | ,, ,, | | |
| ११९ | काली मन्दिर | ,, ठूलो एकता | | १ कि.मी |
| १२० | शिव मन्दिर - २ | ,, ,, | | |
| १२१ | मस्जिद - २ | ,, ,, | | |
| १२२ | समय माई | ,, सानो एकता | | १ कि.मी |
| १२३ | ओबही माई | ,, ,, | | |
| १२४ | दुर्गा मन्दिर | ,, ,, | | |
| १२५ | लक्ष्मी मन्दिर | ,, ,, | | |
| १२६ | दुर्गा मन्दिर | ,, भगतपुर | | २ कि.मी |
| १२७ | शिव मन्दिर -२ | ,, ,, | | |
| १२८ | कारडी माइ | ,, ,, | | |
| १२९ | काली मन्दिर | ,, ,, | | |
| १३० | दुर्गा मन्दिर | वडा नं. ९, सोनबर्षा | | १०० मि |

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्त्व | वडा केन्द्रदेखि दुरी (कि.मी. / घण्टा) |
|---|---|---|---|---|
| १३१ | शिव मन्दिर | ,, ,, | | |
| १३२ | दुर्गा मन्दिर | ,, सोनवर्षा | | २ किमी |
| १३३ | काली मन्दिर | ,, सोनवर्षा | | |
| १३४ | लक्ष्मी मन्दीर | ,, सोनवर्षा | | |
| १३५ | समय मन्दिर | ,, सोनवर्षा | | |
| १३६ | शिव मन्दिर | ,, लकडीगढ | | |
| १३७ | लक्ष्मी मन्दिर | ,, ,, | | १ कि.मी |
| १३८ | मस्जिद - २ | ,, पिपरा | | ३ कि.मी |
| १३९ | शिव मन्दिर | ,, ,, | | |
| १४० | मस्जिद | ,, रमवापुर | | २ कि.मी |
| १४१ | दुर्गा मन्दिर | ,, ,, | | |
| १४२ | शिव मन्दिर | ,, बेलभरीया | | ४ कि.मी |
| १४३ | कालीका स्थान | ,, ,,, | | |
| १४४ | मस्जिद -२ | ,, सोनवर्षा | | २ कि.मी |
| १४५ | मस्जिद | ,, चैनपुरवा | | २ कि.मी |
| १४६ | पिपरपतिया मस्जिद | ,, पिपरपतिया | | ५ कि.मी |
| १४७ | रामजानकी मन्दिर | वडा नं. १०, पिपरपतिया | | २० मी. |
| १४८ | समय स्थान | ,, महिलवार | | २०मी. |
| १४९ | मस्जिद | ,, पिपरपतिया | | २० मी. |
| १५० | दुर्गा मन्दिर | ,, महिलवार | | २० मी. |
| १५१ | हनुमान मन्दिर | ,, महिलबार | | २० मी. |
| १५२ | दुर्गा मन्दिर | ,, मधुबनी | | ५ मी. |

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्त्व | वडा केन्द्रदेखि दुरी (कि.मी. / घण्टा) |
|---|---|---|---|---|
| १५३ | महजिदिया मस्जिद | ,, महजिदिया | | २० मी. |
| १५४ | दुर्गा मन्दिर | ,, लक्ष्मीपुर | | १ घण्टा |
| १५५ | कालि मन्दिर | ,, महिलबारी लगायत सबै गाउ | | |
| १५६ | दुर्गा मन्दिर | ,, बधुनीपुर | | २० मि |
| १५७ | समय स्थान | ,, ,, | | ,, |
| १५८ | महादेवा श्री नवदुर्गा मन्दिर | वडा नं. ११, महादेवा चोक | लुम्बिनी साँ. न पा मा सबै भन्दा पहिलो ठुलो मन्दिर | ३ कि मी |
| १५९ | महादेवा राम जानकी मन्दिर | वडा नं. ११ कोठी नदी किनार | | ३ कि.मी |
| १६० | शिव मन्दिर | ,, मनिकपुर | | १ कि.मी |
| १६१ | नुरुलहोदा मस्जिद | ,, विचवापुर चोक | | १ कि.मी |
| १६२ | अनवारुलओ लुम मस्जिद | ,, गनवरिया | | २ कि.मी |
| १६३ | मस्जिद - ३ | ,, धनश्यामपुर, मनिकापुर, महादेवा | | |
| १६४ | शिव मन्दिर | ,, जितवापुर | | ४ कि.मी |
| १६५ | ब्रम्हदेव मन्दिर | ,, मसिना | | १ कि.मी |
| १६६ | दुर्गा मन्दिर- २ | ,, महादेवा, धपही | | |
| १६७ | शिव मन्दिर -३ | वडा नं. १२ आमा | | |
| १६८ | काली मन्दिर -१३ | ,, आमा, सुनवल, आमी, भभई दक्षिण, भभई उत्तर, भभई बिच टोल, अमहवा, बनजरही, बरगदवा, | | |

| क्र.सं. | नाम | ठेगाना | पर्यटकीय महत्त्व | वडा केन्द्रदेखि दुरी (कि.मी. / घण्टा) |
|---|---|---|---|---|
| | | बभनी, आजमा, निपनिया | | |
| १६९ | मस्जिद | वडा नं. १२, आमा | | |
| १७० | शिव मन्दिर | ,, सुनवल | | |
| १७१ | दुर्गा मन्दिर | ,, भभइ दक्षिण | | |
| १७२ | मस्जिद | ,, भभई उत्तर | | |
| १७३ | समय माईस्थान | ,, बरगदवा | | |
| १७४ | राम जानकी मन्दिर | ,, आजमा | | |
| १७५ | मस्जिद - ४ | वडा नं. १३ कालीदह | वडा कार्यलय | |
| १७६ | शिव मन्दिर | ,, कालिदह | वडा कार्यलय | |
| १७७ | दुर्गा मन्दिर - २ | ,, कालिदह | | |
| १७८ | मस्जिद | ,, पैसिया | | |
| १७९ | शिव मन्दिर | ,, ,, | | |
| १८० | दुर्गा मन्दिर | ,, सानो वडवलिया | | |
| १८१ | नरसिंह | ,, ,, | | |
| १८२ | मस्जिद- २ | ,, ,, | | |
| १८३ | रामजानकी मन्दिर | ,, मुडिला | | |
| १८४ | समय माई | ,, सुकरौली | | |
| १८५ | शिव मन्दिर | ,, ,, | | |

### ३.३.३ प्राकृतिक सम्पदाहरू

यहाँको लोकप्रिय सँस्कृति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, प्रर्वद्धन गर्दै कृषि ग्रामको रूपमा विकास गर्न सके कृषि पर्यटनको समेत व्यापक सम्भावना रहेकोले पर्यटन क्षेत्र यो नगरपालिकाको समृद्धिको मुख्य संवाहक हो । शान्ति, चिन्तनशील मूल्य र आध्यात्मिकतालाई

आत्मसात गर्नुका साथै लुम्बिनीले प्राकृतिक जैविक विविधताले प्रकृतिविद्, वनस्पतिविद् र प्राणीशास्त्रीहरूलाई पनि आकर्षित गर्छ। वरपरका गाउँहरू र प्राकृतिक स्थलहरूको भ्रमणले आगन्तुकहरूलाई भगवान शाक्यमुनि बुद्धका सबैभन्दा मनपर्ने चराहरू, सरस क्रेन, सबैभन्दा मनपर्ने बोटबिरुवाहरू (अशोक, साल, आँप र पिपल आदि) देख्ने र रमाउने अवसर पनि दिन्छ। धान, मटर, सुनको चना, तिल जस्ता बालीहरू यहाँका मुख्य बाली रहेका छन् । नगरपालिकामा ठूलो वन जंगल नभए पनि साना बगैँचाहरू रहेका छन् । कुल भू-भागको करिब १.६६ प्रतिशत भू-भाग बगैँचाले ढाकिएको छ । यो क्षेत्रलाई बगैँचा क्षेत्र नै कायम राखी स्याहार संभार गरी पूर्णरूपमा उत्पादन र प्रतिफलमुखी बनाई नगरपालिकाको दिगो विकास र समृद्धिमा सदुपयोग गर्नु उपयुक्त हुन्छ ।

नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्रमा फैलिएर रहेका नदी नाला तथा खोलाहरू यहाँ जल सम्पदाहरू रहेकोले विभिन्न किसिमका जलचर, चरा, माछा, उभयचर, सरीसृप तथा स्थल जनावरहरूलाई बासस्थान तथा पर्यावरणीय प्रणालीको अभिन्न अंगको रूपमा आश्रय दिइरहेको पाइन्छ । नगरपालीकामा प्रमुख नदीहरू तेलार नदी, दानव नदी, कोठि नदी, कोइलीहवा खोला र काली दह हुन् । यी नदीले नगरपालिकाका केही वडाहरूलाई छोएर बग्ने हुँदा खेतीयोग्य जमिनमा सिँचाई पुऱ्याउने क्षमता राखे तापनि सो अनुसारको सुविधा लिन सकिएको छैन । यसका साथै नगरपालिकाका विभिन्न वडाहरूमा ताल र थुप्रै पोखरीहरू रहेका छन् । यस्ता नदी तथा खोलाहरूबाट किसानहरूले सिँचाईको लागि पानीको प्रयोग गरी जिविकोपार्जन गर्ने गरेका छन् । जंगलहरूमा पाइने विभिन्न वनस्पती, चराचुरुङ्गी तथा वन्य जन्तुहरू पर्यटन विकासका थप सहयोगी सम्पदाहरू हुन् ।

समृद्ध जैविक विविधता र सयौं क्रेन र अन्य चराहरू भएको अद्वितीय पारिस्थितिक प्रणालीका कारण लुम्बिनी क्रेन अभयारण्य (LCS) सँग सम्बन्धित खेतबारीलाई अन्तर्राष्ट्रिय पंक्षी क्षेत्र (IBA) को रूपमा पहिचान गरिएको छ। यस क्षेत्रमा २७ प्रजातिका स्तनपायी, ४४ प्रकारका माछा र नीलो साँढेका बथान छन्। लुम्बिनी र वरपरका महत्त्वपूर्ण प्राकृतिक परिदृश्य र जैविक विविधतामा पवित्र बगैँचा र मठ क्षेत्र भित्रको शान्त प्राकृतिक वातावरण, नयाँ लुम्बिनी गाउँमा अवस्थित लुम्बिनी क्रेन अभयारण्य, कर्बला ताल (कर्महवा गाउँ नजिकै), बाँदरको रूख र पुनिहवा लगायत धेरै प्राकृतिक सिमसार क्षेत्रहरू समावेश छन्। चैनपुरवा (खुदाबगर) ताल, महिलवारी गाउँको थारुनिका ताल, लखिमपुरको चट्टान र हटिहवा ताल, मजहना गाउँको बलरामपुर ताल आदि त्यस्तै चरा अवलोकनका लागि महत्त्वपूर्ण नदीहरू तेलार, दानो र कोठी नदीहरू छन्। गैडहवा ताल (विष्णुपुरा) गिद्ध र निलो साँढेका लागि प्रख्यात छ भने गजेडी कमलको फूल फुल्ने सुन्दर तालका लागि प्रख्यात छ।

यस क्षेत्रमा विश्वको सबैभन्दा अग्लो उड्ने चरा सारुस क्रेन, लोपोन्मुख चराहरू जस्तै कम एडजुटेन्ट, पेन्टेड स्टर्क, स्लिन्डर बिल्ड गिद्ध, रातो टाउके गिद्ध, सेतो रम्पड गिद्ध लगायतका २५० भन्दा बढी प्रजातिका चराहरू छन्। लुम्बिनी र वरपर नीलो बुल (बोसेलाफस ट्रागोकामेलस), बेङ्गाल फक्स, जंगली बिरालो, जङ्गली बँदेल आदि पनि पाइन्छ। तेलार र दानो बाढी मैदानहरू चराहरूको लागि महत्त्वपूर्ण बासस्थानका रूपमा चिनिन्छन्।

## पुर्निहावा ताल

विगत लामो समय देखि प्राकृतिक रूपमा अवस्थित पुर्निहावा ताल लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.९ को चैनपुरा भन्ने स्थानमा अवस्थित छ । वडा कार्यालयबाट १.५ कि.मि. को दुरीमा रहेको पुर्निहावा ताल सम्म करिब १ कि.मि. बाटो ढलान र कालोपत्रे भएको छ भने बाँकी ग्राभेल भएको छ । वडा कार्यालयबाट केवल १० मिनेटको समयमा सवारी साधन मार्फत सो स्थान सम्म सहजै पुग्न सकिन्छ। शान्त, सुन्दर र हरियाली वातावरण रहेको सो तालमा वर्षेनी छठ मेलाको अवसरमा धेरै भक्तजनको घुइंचो हुनेगरेको स्थानीयको भनाइ छ। वर्तमान अवस्थालाई हेर्दा पुर्निहावा तालको संरक्षण एवं सौन्दर्यकरण गर्नुपर्ने देखिन्छ ।सो स्थानमा वृक्षारोपण सँगै घेराबार निर्माण, बस्नका लागि बेन्च र तालको चारै तर्फ बत्ति जडान गर्नु आवश्यक देखिन्छ । सूचना प्रविधि एवं सुरक्षाको हिसाबले राम्रो रहेको यस तालमा पर्यटक आकर्षण गर्न विभिन्न बोटिंग, फिसिंग, जस्ता क्रियाकलापहरू संचालन गर्न सकिन्छ।

## खम्मे गाउँ पोखरी

लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. ४ को खुनगाई बजारबाट करिब १ कि. मि. को दुरीमा रहेको खम्मे गाउँमा अवस्थित खम्मे गाउँ पोखरी यस पालिकाको एक उपयुक्त पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ । कालोपत्रे सडकको पहुँच रहेको उक्त स्थानमा खुनगाई बजारबाट केबल पाँच मिनेटको समयमा सो स्थानमा पुग्न सकिन्छ । उक्त पोखरीमा पुरानो बुद्धको मुर्ति पनि रहेको छ । नजिकको गाउँ भ्रमण गर्न र दृश्यावलोकन गर्दै आनन्द लिनका लागि खम्मे गाउँ पोखरी उत्तम स्थान हो ।यहाँ छठका बेला पूजा हुने गरेको र धेरै भक्तजनहरू यहाँ आउने गरेको स्थानीयले बताएका छन् ।

## नौखानिया ताल/पोखरी

लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. २ को बलरामपुर मा. वि. अगाडि रहेको नौखानिया ताल एक आकर्षक पर्यटकीय गन्तव्य बन्न सक्दछ ।यो ताल निकै समय अगाडि देखि यहाँ रहेको स्थानीयहरूको भनाइ छ । विभिन्न प्रयोजनको लागि यहाँबाट माटो खन्ने निकै लामो क्रम

चल्दा यो तालको निर्माण भएको हो । वर्षातको पानी जम्मा हुने यस तालमा धेरै किसिमका पर्यटकीय गतिविधिहरू संचालन गर्न सकिन्छ । पर्यटक लक्षित बोटिंग, फिसिंग, जस्ता कार्यक्रम संचालन गरि स्थानीयको आय आर्जनमा पनि सुधार ल्याउन सकिन्छ । पर्यटकीय हिसाबले प्रवल सम्भावना भएको यस क्षेत्रलाइ सौन्दर्यकरण गरि पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिन्छ ।

### थारुनीका ताल

लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. १० को मुसेडीमा अवस्थित यस थारुनी ताल महिलवार बजारबाट २ कि.मि. को दुरीमा अवस्थित छ । उच्च स्तरीय ग्राभेल बाटोको पहुँच भएकाले बजार केन्द्रबाट हरेक किसिमका सवारी साधनहरू सहजै यस ताल सम्म पुग्न सक्दछन् । सो ताल करिब ३ बिघाहा क्षेत्रफलमा फैलिएको छ । भौतिक संरचना निर्माण गरि यसको सौन्दर्यकरण गर्न सकेमा पर्यटक आकर्षणको केन्द्रबिन्दु पनि बन्न सक्छ । यस तालमा पर्यटकहरूले विभिन्न मनोरन्जनात्मक क्रियाकलापहरू जस्तै बोटिंग, बर्ड वाचिंग, फिसिंग, र दृश्यावलोकन गर्न सक्दछन् ।

### कर्बला ताल (कर्महवा गाउँ नजिकै)



वडा नं. ७ मा रहेका विभिन्न प्राकृतिक सम्पदाहरूमध्ये कर्महावा गाउँमा रहेको कर्बाला पोखरी पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण देखिन्छ ।मुख्य बजार केन्द्र बनारहावाबाट करिब १.५ कि.मि. दुरीमा रहेको उक्त पोखरी सम्म कालोपत्रे बाटो पुगेको छ जसले गर्दा केवल १० मिनेट भित्रै सो ठाउँमा सजिलै सँग पुग्न सकिन्छ । १० मिनेटकै दुरीमा स्वास्थ्य सेवा पनि उपलब्ध छ। वर्षेनी मोहरम मेला लाग्ने गरेकाले सो पोखरीको नाम कर्बाला पोखरी रहन गएको स्थानीयको भनाइ छ। सुरक्षा एवं सूचना प्रविधिको दृष्टिकोणले पनि सो स्थान ठिक देखिन्छ । पोखरीको चारैतिर तारबार साथै बस्नका लागि पूर्वाधार निर्माण गरि प्याडल बोट, फिसिंग जस्ता क्रियाकलापहरू संचालन गर्न सकेमा सजिलै सँग पर्यटकहरू आकर्षित गर्न सकिन्छ । यसका साथै छठ र अन्य चाड पर्वहरूमा पनि उक्त स्थानमा मेला संचालन गरि पर्यटन प्रवर्धन गर्न सकिने प्रवल सम्भावना रहेको छ ।

### बाँदर पाकड़ी/बाँदर रूख

लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं ९ मा एउटा ठुलो रुख रहेको छ जसलाई बाँदर पाकड़ी वा बाँदर रुख पनि भन्ने गरिन्छ । यो रुख निकै पुरानो रहेको स्थानीयको भनाइ छ । पहिले यहाँ धेरै संख्यामा बाँदरहरू बस्ने गर्दथे जसले गर्दा यसको नाम पनि बाँदर पाकड़ी रहन गयो। यो रुख संगै समाई थान पनि रहेको छ । अहिले बढ्दो बस्ती र अन्य समस्याका कारणले बाँदरहरू यहाँबाट जंगल तर्फ र लुम्बिनी विकास क्षेत्र परिसर भित्र पलायन भैसकेका छन् । यसलाई उचित संरक्षण गरि बाँदरहरूको वासस्थानका रूपमा पुनः स्थापना गर्न सकेमा पर्यटकका लागि एक आकर्षण केन्द्र बन्न सक्दछ ।



बाँदर पाकडी

### काली दह

लुम्बिनी साँस्कृतिक नगरपालिकाको वडा नं. १३ को कालिदह भन्ने स्थानमा कालिदह अवस्थित छ। प्रचिन समयमा यस दहमा कालिको मुर्ति भेटिएको हुनाले यस दहको नाम कालिदह रहन गएको र पछि आएर उक्त स्थानको नामकरण पनि यसै दहको नामबाट हुन गएको स्थानीयहरूको भनाइ छ ।

### दानव नदी

लुम्बिनी साँस्कृतिक नगरपालिकामा बग्ने विभिन्न खोला नदीहरू मध्ये सबैभन्दा ठुलो दानव नदी हो । यो नदी पालिकाको पूर्व तर्फ पर्दछ भने उत्तर तर्फबाट बग्दै आएको छ । बुटवलबाट तिनाउ र दानव दुइ नदीमा छुट्टिएको चिडिया खोला मायादेवी गाउँपालिकामा पुनः मिलन भइ दानव नदीको रूपमा अगाडि बग्दछ । लुम्बिनी साँस्कृतिक नगरपालिकाको केहि वडा हुदै दानव नदी भारत तर्फ बगेको छ । दानव नदी बग्नुका दुवै सबल एवं दुर्बल पक्षहरू रहेका छन् ।यस नदीका किनारमा केहि पुरातात्त्विक अवशेषहरू पनि भेटिएका छन् । यी क्षेत्रहरूको संरक्षण गरि प्रचार प्रसार गर्न सकेमा आन्तरिक एवं बाहिय पर्यटकहरूको आकर्षण बन्न सक्छ । वर्षेनी नदी कटानले ति अवशेषहरू बगाउँदै लागेको छ । त्यसकारण बेलैमा तटबन्ध निर्माण हुन नसके सम्पूर्ण पुरातात्त्विक अवशेषहरू नदीमा विलिन भएर जानेछन । यसका साथै निदमा रहेका झोलुंगे पुलहरू अर्को आकर्षणको केन्द्र हुन सक्छन् । त्यस्तै दानव नदीमा पर्यटक आकर्षित गर्नका लागि मोटर बोट संचालन गरि जलयात्र गर्न सकिन्छ । यहाँ फिसिंग, बर्ड वाचिंग जस्ता अन्य क्रियाकलापहरू पनि संचालन गर्न सकिन्छ ।



दानव नदी

## कोठी नदी

कोठी नदी लुम्बिनी साँस्कृतिक नगरपालिकाको एक मुख्य जलश्रोत हो । यो नदी वडा नं. ११ मा रुपन्देही र कपिलवस्तुको सिमा नदीका रूपमा रहेको छ । वर्षायाममा भरपुर पानी हुने यस नदीमा भने हिउँदको समयमा निकै कम पानी हुने गर्दछ । लुम्बिनीमा सिँचाईका लागि कोठी नदीको महत्त्वपूर्ण भूमिका रहेको छ । यस कोठी नदीको किनारमा छठ पर्वको अवसरमा विभिन्न स्थानमा पुजा आजा हुने गर्दछ । पर्यटकीय हिसाबले यस कोठी नदीको सरसफाई एवं व्यवस्थापन गरि विभिन्न मनोरन्जनात्मक क्रियाकलाप आयोजना गर्न सकिन्छ । यहाँ मोटर बोट, फिसिंग जस्ता क्रियाकलापहरू आयोजना गरि पर्यटकहरू भित्र्याउन सकिन्छ ।

## तेलार नदी

दानव र कोठी नदीका साथै यस नगरपालिकामा तेलार नदीको अर्को जलश्रोतका रूपमा रहेको छ । पालिकाको मध्य भागबाट विभिन्न वडा हुँदै तेलार नदी बग्ने गर्दछ । विभिन्न स्थानमा यस तेलार नदीको किनारमा छठ पुजा गरिन्छ । यस नदीलाई पनि सरसफाई र सौन्दर्यकरण गरेर पर्यटकीय आकर्षणको केन्द्रबिन्दु बनाउन सकिन्छ । अरु नदीमा जस्तै पर्याप्त पानी भएको खण्डमा मोटर बोट संचालन गरि पर्यटकहरूलाई जल यात्राको आनन्द दिलाउन सकिन्छ ।

## बडौला खोला

लुम्बिनी साँस्कृतिक नगरपालिका, वडा नं. १० को मधुवनीमा अवस्थित बडौला खोलाको ऐतिहासिक, प्राकृतिक एवं धार्मिक महत्त्व रहेको छ । यस खोलाको क्षेत्रफल् ०.३७६ हेक्टर

रहेको छ भने ८ फिट गहिराई रहेको छ । यस खोलाको पानी एकातिर सिँचाईलाई प्रयोग गरिन्छ भने अर्कोतर्फ मृत पितृहरूलाई जल अर्पण पनि गरिन्छ । यहाँ फूलपाती बिसर्जन पनि गरिन्छ । यसको सिमसार क्षेत्रको रूपमा पनि निकै ठुलो महत्त्व छ । यस क्षेत्रमा धेरै किसिमका चराहरू पाइन्छ । पर्यटकीय हिसाबले यसलाई संरक्षण गरि बर्ड वाचिंग सेन्टरको रूपमा विकास गर्न सकिन्छ ।

**अन्य ताल/पोखरी**

लुम्बिनी साँस्कृतिक नगरपालिकाका हरेक वडामा कम्तिमा २-३ वटा साना तथा ठुला ताल/ पोखरीहरू रहेका छन् । बाटोको सहज पहुँच भएको र बजार केन्द्रबाट नजिकको दुरीमा रहेका यस्ता पोखरीहरूलाई संरक्षण र सौन्दर्यकरण गरि विभिन्न साँस्कृतिक एवं मनोरन्जनात्मक गतिविधिहरू संचालन गर्न सकेमा स्थानीय एवं अन्य पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । यी ताल/ पोखरीहरूलाई सिमसार क्षेत्रको रूपमा विकास गरि बर्ड वाचिंग सेन्टर बनाउन पनि सकिन्छ ।

| क्र. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| १ | तेलार नदी | वडा नं. १ |
| २ | सोड्र्या नाला | ,, ,, |
| ३ | भगवानपुर पूर्वको नाला | ,, ,, |
| ४ | भगवानपुर पश्चिमको नाला | ,, ,, |
| ५ | भगवानपुरमा ९ पोखरी | ,, ,, |
| ६ | नन्दनगरमा २ पोखरी | ,, ,, |
| ७ | खुनगाइमा ५ पोखरी | ,, ,, |
| ८ | कर्तिपुरमा १ पोखरी | ,, ,, |
| ९ | शिवलवामा १ पोखरी र १ नाला | ,, ,, |
| १० | तेलार नदी, दानव नदी, नरौवा नाला, नौखनीया कुलो | वडा नं. २ |
| ११ | भर्थापुरको कुलौवा | ,, ,, |
| १२ | नौखनिया ताल | ,, ,, |

| क्र. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| १३ | चिकवी पोखरी, मुजहाना ३ पोखरी, भगतपुरवा २ पोखरी, भुजहिंया ३ पोखरी, अधौंला -२ पोखरी, अधौंला २ पोखरी, अधौंली ३ पोखरी | ,, ,, |
| १४ | तेलार नदी | वडा नं. ३, लंकापुर-पडेरिया जोड्ने |
| १५ | घोडहवा नाला | ,, ,, ठूलो पडरिया उत्तर |
| १६ | हरनवा ताल | ,, ,, ,, |
| १७ | भौरहिया पोखरी | ,, ,, ठूलो पडरिया पश्चिम |
| १८ | सौरहिया पोखरी | ,, ,, ठूलो पडरिया पूर्व सडक |
| १९ | कालि मन्दिर छेउको पोखरी | ,, ,, ,, |
| २० | राम जानकी मन्दिर अगाडि पोखरी | ,, ,, ,, |
| २१ | चमार टोल ताल | ,, ,, चमारटोल पश्चिम |
| २२ | कोठि नदी | वडा नं. ४ कपिलबस्तु, रुपन्देही सिमा नदी |
| २३ | तेलार नदी | ,, |
| २४ | आमारी बिच नाला | ,, ,, अमारी |
| २५ | भुताहा नाला | ,, ,, मनौरा |
| २६ | हग्नी नाला | ,, ,, मनौरा उत्तर |
| २७ | वेलाहाडिहको पोखरी, ढोढहवाको पोखरी, मनोहरपुरको पोखरी (ठूलो) र सानो मुरधैया पोखरी, पोतनी पोखरी (ढोढहवाँमा), धोविया पोखरी (ढोढहवाँ), पडरिया ताल, धोविघाट-२ पोखरी मोहसड, खुखुडिहवा पोखरी (ताल), तर्कुलहिया ताल, करबलहिया ताल, चिकनी पोखरी | वडा नं. ५ |
| २८ | कोठी नदी, हडहवा नाला | |

| क्र. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| २९ | पुन्नीहवा ताल (डेड विगाह) | वडा नं. ६, पुन्नीहवा |
| ३० | महजिदिया ताल (१० कठ्ठा | ,, महजिदिया |
| ३१ | बनरहवा पोखरी - ३ | वडा नं. ७ बनरहवा |
| ३२ | पोखरी सानो बनरहवा (विचौवापुर) १ | ,, ,, |
| ३३ | भैंसहिया पोखरी | ,, ,, |
| ३४ | अधिंयारीमा पोखरी -२ | ,, अधियारी |
| ३५ | पूर्व शिवगढीया -१, पश्चिम शिवगढीया -१ | |
| ३६ | तेलार नदी | वडा नं. ८ र ९ को सिमा |
| ३७ | एकता पोखरी | वडा नं. ८ एकला |
| ३८ | भगतपुर पोखरी | ,, भगतपुर |
| ३९ | तेलार नाला | वडा नं. ९ |
| ४० | सोइया नाला | ,, |
| ४१ | कोइलवा नाला | ,, |
| ४२ | मटखनवा ताल | ,, लकडीगढ |
| ४३ | कोरचहवा ताल | ,, बेलभरिया |
| ४४ | ५ ठीहवा ताल | ,, चैनपुरवा |
| ४५ | करबलव ताल | ,, लकडीगढ |
| ४६ | कोइलीहवा खोला | वडा नं. १० महजिदिय, मधुबनी |
| ४७ | मर्चहवा ताल | ,, ,, महिलवारी |
| ४८ | हथिहवा ताल | ,, ,, लक्ष्मीपुर |
| ४९ | थरुनिया ताल | ,, ,, महिलवारी |
| ५० | कोठि नदी | वडा नं. ११, सिमा नदी (रुपेन्देही कपिलबस्तु) |

| क्र. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| ५१ | छिरकहवा नाला | ,, ,, |
| ५२ | घनश्यामपुर नाला | ,, ,, घनश्यामपुर |
| ५३ | नौखनिया ताल | ,, ,, नौखनिया |
| ५४ | धुपही ताल | ,, ,, धपही |
| ५५ | तेलार नदी | वडा नं. १३ वडा भएर बग्छ |
| ५६ | कोठरी नदी | ,, ,, ,, |
| ५७ | पुन्नीहवा पोखरी, सिधरहवागडा पोखरी कालीदह | ,, ,, |
| ५८ | पैसियामा रहेको कुस्मैया पोखरी | ,, ,, पैसिया |
| ५९ | मोहियार पोखरी करिब २ विगाह | ,, ,, पैसिया पूर्व पट्टी |

### ३.३.४ मानव निर्मित सम्पदाहरू

लुम्बिनी साँस्कृतिक नगरपालिकामा पर्यटन विकासको लागी हालसम्म थुप्रै संरचनाहरू समेत निर्माण भैसकेका छन् । विभिन्न पर्यटकीय स्थल प्रवर्धन गर्नको लागी पूर्वाधारहरू निर्माण गरिएका छन् । नगरपालिकामा रहेका प्रमुख मानव निर्मित सम्पदाहरूको विवरण तल उल्लेख गरिएको छ ।

**सर्कुलर लेभी/ गोलाकार लेभी**

सर्कुलर लेभी एक उन्नत गोलाकार मार्ग हो जसले मायादेवी मन्दिर परिसर, बगैंचा र गोलाकार पोखरीलाई घेरेको छ, जसले पवित्र बगैंचालाई डुबानबाट बचाउँछ। यसको केन्द्रमा अशोक स्तम्भ भएको ४०० मिटरको त्रिज्या छ। लेभि एक इट्टाले बनेको पक्की पैदल मार्ग हो जुन भगवान शाक्यमुनि बुद्धलाई श्रद्धांजलि अर्पण गर्दा परिक्रमा मार्गको रूपमा प्रयोग गर्न सकिन्छ। यो सर्कुलर लेभी एक मानव निर्मित सम्पदा हो जुन लुम्बिनी विकास योजना अन्तर्गत निर्माण भएको हो ।

**गुम्बा**

हाल लुम्बिनी गुरुयोजना क्षेत्रमा ३२ वटा बौद्ध गुम्बा रहेका छन् । एउटा नयाँ लुम्बिनी गाउँमा, २९ मोनास्टिक जोनमा र दुईवटा सेक्रेड गार्डनमा अवस्थित छन् । जापानको विश्व शान्ति प्यागोडा नयाँ लुम्बिनी गाउँमा अवस्थित छ भने राजकिया बुद्ध विहार, नेपाल र धर्मस्वामी महाराजा बुद्ध विहार, नेपाल गुरुयोजना क्षेत्रको सेक्रेड गार्डनमा छन्। लुम्बिनीका यी बौद्ध

प्रतिष्ठानहरूले वर्षभरि धार्मिक र आध्यात्मिक कार्यक्रमहरू आयोजना गर्छन् जहाँ दैनिक, कहिलेकाहीं वा वार्षिक रूपमा कार्यक्रमहरू आयोजना गरिन्छ। लुम्बिनीमा रहेका प्रत्येक गुम्बाको आ-आफ्नै अद्वितीय साँस्कृतिक परम्परा र वास्तुकलाका विशेषताहरू छन् जसले विश्वभरका पर्यटकहरूलाई लुम्बिनीमा आकर्षित गर्दछ।

### ग्लोबल पिस पार्क

लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. १३ मा ग्लोबल पिस पार्क निर्माणको लागि वडाले १५ बिघा जग्गा उपलब्ध गराउने भएको छ ।हाल यो पार्क निर्माण भैसकेको छैन तर भविष्यमा यो पार्क निर्माण पश्चात थुप्रै पर्यटकहरूलाई आकर्षित गर्न निकै महत्त्वपूर्ण साबित हुनेछ ।

### ओशो जेतवन

नेपालको विभिन्न ठाउँहरूमा ओशो तपोवन रहेका छन् । त्यसैगरी लुम्बिनीको वडा नं १० महिलवारमा पनि ओशो जेतवन आध्यात्मिक ग्राम रहेको छ । विशेषगरी ओशो जेतवनमा मानिसहरू ध्यान (Meditation) गर्न आउने गर्दछन । यहाँ मानिसले शान्त र रमणीय वातावरणमा विभिन्न प्रकारका ध्यान गर्न सक्छन ।

### बुद्धग्राम रोबोटिक थिएटर




बुद्धग्राम रोबोटिक थिएटर

लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं १० को मुख्य बजार र ५ नं. गेट अगाडि रहेको बुद्धग्राम रोबोटिक थिएटरले एक नया खालको अनुभव पर्यटकहरूलाई दिलाउने गर्दछ ।कोभिड अगाडि सन् २०१९ मा मात्र संचालनमा आएको उक्त थिएटर २ वर्ष सम्म कोभिडकै कारणले निरन्तरता पाउन सकेन र हालसालै मात्र थिएटर पुनः संचालनमा आएको छ ।लुम्बिनी विकास क्षेत्र नजिकै रहेकाले यहाँ आएका सबै पर्यटकहरूले सजिलै सँग यसको अनुभव लिन सक्छन। यहाँ मानिसले भगवान गौतम बुद्ध सँग सम्बन्धित विभिन्न घटनाक्रमहरू जस्तै जन्म, बाल्यकालको अवस्था, युवा अवस्था, दरबार त्याग, ज्ञानको खोजिको कथा, बुद्ध्त्वो प्राप्तिको कथा, ज्ञान बाड्दाको कथा र अन्त्यष्टिको कथा रोबोटिक माध्यमबाट प्रत्यक्ष हेर्न र सुन्न सक्ने यस थिएटरका संचालकले जानकारी दिएका छन् । उक्त कार्यक्रम हेर्नका लागि पर्यटकले रु १०० देखि ५०० सम्म शुल्क तिर्नुपर्ने व्यवसायीले बताए ।२० जना भन्दा बढीको समूह हुदाँ रु १०० मात्र शुल्क लाग्ने छ भने कम दर्शक हुँदा शुल्क बढी लाग्ने संचालकको भनाइ छ । लुम्बिनी घुम्न आएका पर्यटकहरूका लागि बुद्धग्राम रोबोटिक थिएटर पनि एक आकर्षण केन्द्र बन्न सक्छ।

## झोलुंगे पुल



वडा नं. २ मा रहेको झोलुङ्गे पुल

लुम्बिनी साँस्कृतिक नगरपालिकाको वडा नं. २ र १२ मा दानव नदी माथि दुइ वटा झोलुंगे पुल निर्माण गरिएको छ।यी दुवै झोलुंगे पुलबाट नजिकको गाउँको दृश्यावलोकन गर्नुका साथै दानव नदीको बहाव संगै रमणीय प्रकृतिको आनन्द लिन सकिन्छ । गर्मीको मौसममा साँझको समयमा पुलमा आएर चिसो हावाको अनुभूति लिंदाको आनन्द नै बेग्लै हुने गर्दछ । यी दुवै झोलुंगे पुललाइ झिलिमिली बत्ति (lighting system) लगाई सौन्दर्यकरण गर्न सक्यो भने पर्यटक आकर्षणको अर्को केन्द्र बन्न सक्छ ।

## मानव निर्मित नौखानिया पोखरी

नगरपालिकाको विभिन्न वडाहरूमा थुप्रै ताल तथा पोखरी रहेका छन् ।यी मध्ये केहि मानव निर्मित पोखरीहरू पनि रहेका छन् ।पुस्तौं देखि विभिन्न प्रयोजन जस्तै माटोको घर बनाउन, माटोका भाँडा बनाउन, घर लिपपोत गर्नका लागि स्थानीय वासीहरूले माटो उत्खनन गर्ने क्रम चल्दै जाँदा केहि ठाउँहरूमा पोखरी निर्माण भएका हुन्। अहिले ति पोखरीहरू माछा पालन र सिँचाईका लागि प्रयोगमा आइरहेका छन् । यी पोखरीहरूलाई सौन्दर्यकरण गरि प्रचार प्रसार गर्न सकेमा पनि पर्यटन प्रवर्धनका लागि टेवा पुग्नेछ ।

## मधुवनी गाउँ

महिलवार बजारदेखि महिलावार गाउँ, खेतबारी र सिमसार क्षेत्रहरूमा भ्रमण गर्न सकिन्छ । यस क्षेत्रमा थारु, यादव, हरिजन, ब्राह्मण, क्षेत्री र मुस्लिम जातजातिहरू हिन्दु र मुस्लिम (९०:१०) ले बसोबास गरेको छ। धार्मिक स्थल र मन्दिरहरू (दुर्गा, शिव, कालिकास्थान र समाईस्थान), कृषिमा आधारित गाउँहरू (परालको झुपडी, माटोको मोर्टार ईंटहाउस, काठको शिल्प र विशेष छानाका टाईलहरूले सजाइएको), परम्परागत पोशाक र प्रामाणिक विशेषताहरूका हस्तशिल्प र विशिष्ट जीवन शैलीहरू मानव सभ्यतामा अध्ययन गर्नेहरूलाई चाखलाग्दो छन्। महिलवार गाउँमा परम्परागत बिराहा नाच हेर्न पाइन्छ । चराचुरुङ्गी हेर्नेहरू हथिहवा र थरुनिका ताल गरी दुईवटा तालमा जान सक्छन्। सफा दिनमा पहेंलो नीलो आकाशको पृष्ठभूमि र अग्रभूमिमा हरियो परिदृश्यको साथ हिमालयको सुन्दर दृश्य देख्न सकिन्छ।

## लुम्बिनी आदर्श गाउँ

यसले यादव, मल्लाह, श्रीवास्तव, कोहर, मुराउ, मुस्लिम र गोसामी जातिको पुरानो गाउँ पडरिया, मनौरी र खुनगाईलाई समेट्छ । छरिएका पुरातात्त्विक स्थलहरू (इसवी ४ र ५ औं शताब्दीका), शिव मन्दिरहरू र मन्दिरहरू, परम्परागत पोशाकहरू, स्थानीय अर्गोमा आधारित गाउँको जीवनशैली र सँस्कृतिहरू, स्थानीयहरूसँगको अन्तरक्रिया यी गाउँहरूमा रोचक आकर्षणहरू हुन्।

### तेनुहवा गाउँ

सामान्य सँस्कृति र पहिरनका साथ परम्परागत मुस्लिम बस्तीहरूमा फुर्सदमा हिंड्न करिब डेढ घण्टा लाग्छ। स्थानीय महिलाहरूले हस्तशिल्प उत्पादन गर्ने तरिका; मस्जिद (मस्जिद) र मदरसा यहाँ अवलोकन गर्न रोचक छन्। गाउँको उत्तरपश्चिममा अवस्थित कर्बला ताल थप आकर्षण हो ।

### एकला गाउँ

लुम्बिनीबाट करिब ३ किलोमिटर उत्तरपूर्वमा भैसिया, एकला र भगतपुरा गाउँहरू पर्दछन्। यी बस्तीहरूमा हिन्दु र मुस्लिम (८०:२०) रहेका छन् भने यादव, हरिजन, चमार, गुप्ता आदि जातिहरू सँगै मिलेर बसेका छन् । विभिन्न जातजातिको भएतापनि उनीहरू बीच सामाजिक सद्भाव कायम छ। उनीहरूको जीविकोपार्जनको मुख्य स्रोत कृषि हो । यहाँका धार्मिक स्थलहरू शिव मन्दिर, कालीमाइस्थान, मस्जिद (मस्जिद) र कर्बोल्हा पोखरी हुन्। हिन्दु धर्मावलम्बीहरूले रामलीला, ताजिया-मेला, होली आदि चाडपर्व मनाउने गर्छन्। स्थानीय महिलाहरूले उत्पादन गरेका स्थानीय हस्तकलाहरू यस गाउँका उत्कृष्ट कलाहरू हुन्। कर्बोलाहा ताल गाउँ नजिकैको लोकप्रिय क्रेन अभयारण्य हो।

### खुदाबगर गाउँ

खुदाबगर, चैनपुरुवा, सोनवर्ष र बेलवरिया गाउँहरू यसमा पर्दछन । हिन्दु (थारु, यादव, लोध, हरिजन, कुर्मी, गुप्ता) र मुस्लिम जाति (७०:३०) को विशिष्ट बस्ती यहाँका विशेषता हुन्, जसको आफ्नै विशिष्ट पोशाक र अतिथि सत्कारको सँस्कृति छ। नागपञ्चमी, होली, दशैं र तिहार श्रद्धा र उत्साहका साथ मनाइने प्रमुख चाड हुन् । पुन्निहवा ताल गाउँको सिमसार क्षेत्र हो।

## ३.४ मुख्य पर्यटकीय क्षेत्रहरूको समष्टिगत विवरण

लुम्बिनी साँस्कृतिक नगरपालिका बहुजाति तथा बहुधार्मिक क्षेत्र हो । भौगोलिक हिसाबले तराइको समथर भूभाग यो क्षेत्र मुख्य सहर बुटवल, भैरहवा, तौलिहवा र भारतिय सिमाना देखि पनि निकै नजिक पर्दछ सडकको सहज सुबिधा भएको यस नगरपालिकामा पर्यटन र कृषि क्षेत्रको प्रचुर सम्भावनाहरू भैकन पनि यो क्षेत्र विकास निर्माणका हिसाबबाट पछाडी रहेको देखिन्छ । अनुपम प्राकृतिक सौन्दर्यता, बहुजातीय, बहुभाषीय, बहुधार्मीक र सामाजिक विविधतायुक्त यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा विविध प्राकृतिक, भौगोलिक, ऐतिहासिक तथा साँस्कृतिक महत्त्वका क्षेत्रहरू गहनाको रूपमा रहेका छन् । यो क्षेत्र स्थानीय पदमार्ग, साइकल ट्रेल, जल विहार, र साँस्कृतिक पर्यटन लगायतका विविध पर्यटकीय सम्पदाको लागि पनि उपयुक्त स्थानको रूपमा रहेको छ ।

## ३.५ लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन विकासका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू

लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन विकासका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू निम्न अनुसार रहेका छन् ।

### ३.५.१ सबल पक्षहरू

१. पर्यटन श्रोत र सम्पदाहरूको सशक्त संयोजनको अवस्था : लुम्बिनी साँस्कृतिक नगरपालिका प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक हिसाबले धनी हुनुका साथै जलसम्पदा कारणले पर्यटनको सम्भावना पनि प्रचुर भएको स्थान हो । मलिलो उब्जाउ युक्त जमिन, पोखरी नै पोखरीले समेटेको जलाधर क्षेत्र, नदी, सार्वजनिक तथा निजी तवरमा लगाइएका बगैंचा तथा हरित क्षेत्र यहाँको मुख्य प्राकृतिक सम्पदाहरू हुन् । यहाँ पर्यटकले पदयात्रा, बोटिङ्, बर्ड वाचिंग, दृश्यअवलोकन, ध्यान लगायतका विभिन्न क्रियाकलापहरू गर्न सक्छन् ।

२. पर्यटन बजारको सम्भावना : नेपालको उत्तर र दक्षिणतर्फ ठूलो जनसङ्ख्या र पर्यटन बजारको सम्भावना भएका दुई मुलूकहरू चीन र भारत रहेका छन् । साथै अन्य छिमेकी मुलुकबाट पनि धेरै पर्यटकहरू विभिन्न पर्यटकीय गतिविधीका लागि नेपाल आउने कारण यहाँ राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटन बजारको समेत सम्भावना अत्यधिक छ । यसका साथै बौद्ध मार्गीहरू रहेका देशहरू श्रीलंका, चीन, कम्बोडिया, भियतनाम, लाओस, थाइल्यान्ड, जापान, कोरिया, म्यानमार लगायतका देशहरूबाट यहाँ प्रशस्त पर्यटकहरू आउने गर्दछन् ।

३. यातायातको सम्पर्कले जोडिँदै : लुम्बिनी साँस्कृतिक नगरपालिका सडकमार्गबाट बुटवल, भैरहवा, तौलिहवा, गैडहावा, कपिलवस्तु, नवलपरासी, भारत लगायत अन्य स्थान सँग समेत जोडिएको छ । रुपन्देही जिल्ला सदरमुकाम भैरहवादेखि १८ कि.मी. दूरीमा हुनु, कालोपत्रे समेत भएको सडकको सहज र छोटो दुरीको पहुँच राष्ट्रिय राजमार्ग प्रणालीमा हुनु र भारतको सुनौली भन्सारसँगको निकटताले यहाँको पर्यटन विकासलाई गति थप्ने निश्चित छ । भौगोलिक हिसाबले यो नगरपालिका तराई क्षेत्रमा भएको हुनाले सडक तथा यातायात विस्तारका लागि पनि निकै सहज रहेको छ । यद्यपी यस नगरपालिकाका सबै क्षेत्रमा भने फराकिला कालोपत्रे सडकहरूको निर्माण हुन सकेका छैनन् ।

४. धार्मिक, साँस्कृतिक र जलसम्पदामा आधारित पर्यटकीय क्रियाकलापहरूको व्यापक सम्भावना भएको : यो नगरपालिकामा सबैभन्दा धेरै जनसङख्या हिन्दु तथा मुसलमानहरूको

छ । यहाँ विभिन्न जात जातिका मानिसहरू यादव, थारु, बाहुन, धोबी, आदि रहेका छन् । गौतमबुद्धको जन्म स्थल माया देवीको मन्दिर,राष्ट्रिय अन्तराष्ट्रि बौद्ध धर्मालम्बी एंव आन्तरिक एव्म वाहय पर्यटकहरूको अत्यधिक आगमन साथै अन्य मन्दिर जस्तै कालि मन्दिर, रामजानकी मन्दिर, मस्जिद, समय माई स्थान, सिद्धेश्वर महादेव, कालीथान, दुर्गा मन्दिर, समय स्थान, लक्ष्मी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, जस्ता पवित्र स्थलहरू यहाँका अमूल्य धरोहर हुन् । विभिन्न जात जातिका रैथाने कला, सीप र ज्ञानका लागि प्रसिद्ध छन् साथै उनीहरूको सँस्कृति, रहनसहन, भेषभूषा, चाडबाड, खानपान लगायतका क्रियाकलापहरूमा निकै धनी छन् । यी सबै कारणले यो नगरपालिका सामाजिक र साँस्कृतिक पर्यटनको लागि उपयुक्त छ ।

५. लुम्बिनी विकास क्षेत्र रहेको : भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी यसै नगरपालिकामा अवस्थित छ । ३ वर्ग कि. मि. मा फैलिएको लुम्बिनी विकास क्षेत्र यसै नगरपालिकको केन्द्रमा रहेको छ । देश विदेशबाट वर्षेनी लाखौंको संख्यामा पर्यटकहरू लुम्बिनी भित्रने गर्दछन । यी पर्यटकहरूलाइ यस नगरपालिका भित्रका पर्यटकीय स्थल प्रति आकर्षित गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

६. गौतम बुद्ध अन्तर्राष्टिय विमानस्थलसँगको सन्निकटताः भैरहवा स्थित गौतम बुद्धको अन्तराष्ट्रिय विमास्थल सूचारु हुँदा अन्तराष्ट्रिय पर्यटन तथा व्यापारी, बिधार्थी लगायतको आवागमनको राष्ट्रिय केन्द्रकै रूपमा विकास हुने संम्भावनाका बीच जम्मा १८ कि.मी को दुरीमा रहेको यो विश्व सम्पदा स्थलमा उक्त विमानस्थलको सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

७. जनसांख्यिक लाभांशः नगरपालिका पाश्र्वचित्र र के.त.वि. २०६८ को नतिजा अनुसार यस नगरपालिकामा १५ देखि ५९ वर्ष सम्मका सकृय जनसंख्या ५०.९७ प्रतिशत छ। जनसांख्यिक चक्रमा यसप्रकारको जनसांख्यिक लाभ प्राप्त हुने अवसर इतिहासमा दुर्लभ हुन्छ तर्सथ युवा र सक्रिय जनसंख्याको बाहुल्यता भएको हालको अवस्था नगरपालिकाको पर्यटन विकासको लागि अति महत्त्वपूर्ण कालखण्ड हो र विकासको महत्त्वपूर्ण सहयोगी तत्व पनि हो ।

८. अन्तर्राष्ट्रिय सीमा नाकाः नगरपालिकाको तिन वटा वडाको दक्षिण सिमा भारतसँग जोडीएकोले भारतीय पर्यटक भित्र्याउन निकै सहज र सहयोगी हुने अपेक्षा छ । सिमा

नाका भएकाले नगरपालिकाको विकासमा अन्तरदेशीय व्यापार, पारवहन तथा द्विपक्षिय सहयोगका क्षेत्रको प्रर्वद्धन मार्फत व्यापक आर्थिक विकासको सम्भावना रहेको छ ।

### ३.५.२ कमजोर पक्षहरू

१. कमजोर तथा अपर्याप्त विकास निर्माण तथा पर्यटन पूर्वाधारहरू : प्रशस्त प्राकृतिक स्रोत साधनहरू भैकन पनि विगतमा केन्द्रिकृत राज्य प्रणालीको आँखा नपरेका कारणले यो नगरपालिका र समग्र जिल्लामा नै भौतिक, यातायात र पर्यटन लगायतका विकास पुर्वाधारहरूको कमी पाइन्छ । यथेष्ट लगानीयोग्य पूँजीको कमी पनि अर्को कमजोर पक्ष छ ।

२. प्राकृतिक र पर्यटकीय स्थलहरूको प्रचारप्रसार, प्रभावकारी प्रवर्धन र बजारीकरणमा कमीः पूर्वाधारहरूको विकासको कमी र भएका प्राकृतिक, जैविक र पर्यटकीय स्थलहरूको समेत यथेष्ट प्रचारप्रसार, प्रवर्धन र विकास हुन नसक्नु यहाँको अर्को कमजोर पक्ष हो ।

३. कमजोर पर्यटन सूचना : वास्तवमा कुनै ठाउँको विकासमा सूचनाको महत्त्वलाई नजरअन्दाज गर्नै सकिँदैन । लुम्बिनी साँस्कृतिक नगरपालिकामा प्रशस्त पर्यटकीय सम्पदा र स्थलहरू भए पनि पर्यटकीय गतिविधिहरूको बारेमा सुचना केन्द्रको कुनै व्यवस्था गरिएको छैन । यो यहाँको अर्को कमजोर पक्ष हो ।

४. बजार अनुसन्धान र बजारको सुचनाको कमी : नेपालमा विकास योजना लगायतका गतिविधिहरू यथेष्ट वैज्ञानिक अनुसन्धान र बजारको सम्भावनाको खोजी बिना नै सञ्चालन गरिन्छन् । त्यसकारण ति विकास योजनाहरू दिगो हुँदैनन् र तिनीहरूबाट अपेक्षित प्रतिफल पनि प्राप्त गर्न सकिँदैन । लुम्बिनी साँस्कृतिक नगरपालिका पनि यो कमजोरीबाट अछुतो छैन । यो नगरपालिकामा पनि प्राकृतिक, जैविक तथा पर्यटकीय सम्भावनाहरूको बारेमा वैज्ञानिक अनुसन्धान र खोज गरी त्यसै अनुसारका विकास योजनाहरू तर्जुमा तथा कार्यान्वयन गरेको पाइँदैन । यो यहाँको अर्को कमजोर पक्ष हो ।

५. पर्यटन विकासको लागि अन्तर पालिकास्तरमा कमजोर संस्थागत सञ्जाल र सम्बन्धहरू : विकासका पूर्वाधारहरू र सम्भावनाहरू मात्र भएर हुँदैन, ति सम्भावनाहरूको विकासका लागि सामूहिक प्रयत्न गर्नुपर्ने हुन्छ । पर्यटकीय गतिविधि र विकास त झन् एउटा नगरपालिका, क्षेत्रले मात्रै गर्न सक्दैनन् । नगरपालिकामा हालसम्म पनि पूर्वाधार विकास निर्माण तथा पर्यटकीय विकासका लागि अन्य नगरपालिका तथा क्षेत्रसँग समन्वय र

सहकार्य गरी गरेको पाइँदैन । यसले यो क्षेत्रको विकास, प्रचारप्रसार र प्रवर्धनमा बाधा सिर्जना गरेको छ । यो यहाँको अर्को कमजोर पक्ष हो ।

६. स्थानीय समुदायमा पर्यटन सम्बन्धी जनचेतनाको अभाव : अशिक्षा, गरिबी, पुराना रीतिरिवाज, पेशा व्यवसाय र जनचेतनामा कमीका कारण स्थानीय समुदायमा अझैपनि पर्यटन व्यवसाय एउटा राम्रो व्यवसाय हो र यसबाट पनि आयआर्जन गर्न सकिन्छ भन्ने कुराको कमी पाइन्छ । जसका कारण पर्यटन व्यवसायले अपेक्षित सफलता हासिल गर्न सकेको छैन ।

७. पर्यटकीय स्थलहरूमा यातायात सुविधाको अभाव : यातायातको विकास विना पर्यटकीय विकासको कल्पना पनि गर्न सकिँदैन । यथेष्ट पूँजी अभाव, दक्ष जनशक्ति अभाव, वैज्ञानिक विकास योजना र दूरदर्शितामा कमीका कारणले यातायातको पर्याप्त विकास हुन सकेको छैन । भएका पूर्वाधारहरू पनि अवैज्ञानिक र बिना योजना बनेका कारण ति योजनाहरू दिगो छैनन् । समथर भूधरातल र पर्याप्त सडक सञ्जाल हुँदा हुँदै पनि पर्यटकीय हिसाबले सडक यातायात पर्याप्त र भरपर्दो नभएका तथा अधिकांश सडकहरू कच्ची अवस्थामा रहेका छन् ।

८. पर्यटन व्यवसायसँग सम्बद्ध दक्ष जनशक्तिको कमी : नगरपालिकामा पर्यटक पथप्रदर्शक, दोभाषे, भरिया, सहयोगी लगायतका दक्ष जनशक्तिको अभाव छ । पर्यटकीय गतिविधि र पर्यटकसँग सम्बन्धित विभिन्न व्यवसायहरू जस्तैः होटल, रेष्टुरेन्ट, पसल, क्युरियो आदि सञ्चालन गर्न पनि दक्ष जनशक्तिको अभाव छ जसले समग्र पर्यटन व्यवसाय नै फस्टाउन सकेको छैन ।

९. स्थानीय उपजहरूको उत्पादन नहुनु : आधुनिकताको विकाससँगै मानिसहरू शहरी क्षेत्र तथा सुविधायुक्त स्थानमा बसाइसराई गर्छन् । साथै कला, सँस्कृति, परम्परा, चालचलन र खानपान आदिको विश्वव्यापीकरण भई स्थानीय कला, सँस्कृति, परम्परा, चालचलन, रहनसहन र खानपान आदिमा नकारात्मक असर पर्छ । हाल नगरका अधिकांश युवाहरू रोजगारीका सिलसिलामा विदेश पलायन भइरहेका छन् । फलस्वरूप नगरका उर्वर भूभागहरू बाँझो भएका छन् र स्थानीय उपजहरूको उत्पादनमा कमी आएको छ । खेतीयोग्य जमिन बाँझो हुनु एउटा चुनौतिको रूपमा रहेको छ । स्थानीय रैथाने उपजहरूको उत्पादनमार्फत् पर्यटकलाई आकर्षित गरी स्थानीय बासिन्दाहरूको आय

आर्जनमा वृद्धि गर्न सकिन्छ । तर युवाहरूको विदेश पलायन र राज्यको प्रभावकारी योजना र प्रयत्नका अभावमा स्थानीय उत्पादनहरूमा कमी आइरहेको छ ।

१०. पूर्वाधार निर्माणका लागि पर्याप्त पूँजीको कमी : नेपाल अल्पविकसित देश हो । यहाँ औद्योगिकिकरण र उद्यमशीलताको दर एकदमै न्यून छ । यसका विविध कारणमध्ये लगानीयोग्य पूँजीको अभाव प्रमुख हो । साथै राजनैतिक अस्थिरता र द्वन्द्वका कारण वैदेशिक लगानीलाई आकर्षित गर्ने वातावरण पनि तयार हुन सकेको छैन । फलस्वरूप एथेष्ट पूँजीको परिचालन गरी द्रुत विकास गर्न सकिएको छैन ।

११. उद्यमशीलताको कमी आदि : पूँजीको पर्याप्त विकास नहुनु, ज्ञान, सीप र दक्षता पनि न्यून हुनु, बजारीकरणको अभाव हुनु, निर्वाहमुखी जीवनशैली हुनु आदि कारणले स्थानीय तहमा उद्यमशीलताको विकास हुन सकेको छैन । साथै राज्य र सरकारले पनि उद्यमशीलतालाई प्रोत्साहित गरी आर्थिक विकास गर्ने कुरालाई प्राथमिकतामा नराख्नु र सोही अनुसारको नीतिगत व्यवस्था पनि नगरेका कारणले यो नगरपालिकामा उद्यमशीलताको विकास हुन सकेको छैन । यो अर्को कमजोर पक्ष हो ।

### ३.५.३ अवसरहरू

१. प्राकृतिक, धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका प्रसिद्ध स्थलहरू (हिन्दु, बौद्ध, धर्मसँग सम्बन्धित) रहेका कारण पर्यटनको गन्तब्यको रूपमा विकास गर्न सकिने : कुनै पनि व्यक्ति एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्नुका निश्चित उद्देश्यहरू हुन्छन् र सोही अनुसारका पर्यटकीय गन्तव्यहरू पनि हुन्छन् । कुनै व्यक्ति धार्मिक विश्वासका आधारमा यात्रा गर्छ भने कुनै जागिर र व्यवसायको सिलसिलामा एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्छन् । नगरपालिका धार्मिक स्थल, नदी नाला र ताल तलैयाका कारणले प्राकृतिक रूपमा अत्यन्तै रमणीय र सुरम्य छ । साथै यो क्षेत्र धार्मिक, साँस्कृतिक र जैविक रूपले धनी छ । यहाँ विभिन्न प्रकारका वन्यजन्तु, चराचुरुङगी, वनस्पति, जडिबुटी लगायतका स्रोत साधनहरू प्रशस्त छन् । त्यसकारण यहाँ धार्मिक, साँस्कृतिक र प्राकृतिक पर्यटनका प्रचुर सम्भावनाहरू छन् ।

२. कृषि, वन, सँस्कृति तथा समुदायमा आधारित गतिबिधिहरूको माध्यमबाट स्थानीयस्तरमा रोजगारी र आय वृद्धि गर्न सकिने : पर्यटन लगायतका जुनसुकै विकास कार्यक्रमको उद्देश्य स्थानीय बासिन्दाको आय आर्जनमा वृद्धि गरी उनीहरूको जीवनस्तरमा सुधार गर्ने हो । नगरपालिका जलाधार, कृषि, जडिबुटी लगायतका स्रोत साधनहरूमा धनी भएको

कारण कृषिजन्य, वन पैदावार तथा अन्य व्यवसायहरूको विकास गर्न सकिन्छ । साथै यो नगरपालिका साँस्कृतिक रूपमा समेत धनी भएका कारण विभिन्न जातजाति जस्तै मुसलमान, यादव, लोध, चमार लगायतका र समुदायका कला, परम्परा, रहनसहन, भेषभुषा, खानपानसँग सम्बन्धित व्यवसायहरूको विकास गरी पर्यटनको विकास तथा आय आर्जन गर्न सकिन्छ ।

३. प्राकृतिक, धार्मिक, जैविक, ऐतिहासिक तथा साँस्कृतिक सबै प्रकारका रुचि भएका पर्यटकहरूलाई आकर्षित गर्न सकिने : वास्तवमा सबै पर्यटकहरू एउटै उद्देश्यका लागि भ्रमण गर्दैनन् । कुनै धार्मिक उद्देश्य त कुनै, प्रकृति सँग खेल्न वा साहसिक कार्य गर्नका लागि भ्रमण गर्दछन् । यो नगरपालिकामा प्राकृतिक, धार्मिक तथा साँस्कृतिक लगायतका पर्यटकीय गतिविधीहरूको सम्भावना भएका कारण धेरै प्रकारका पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ ।

४. जनताबाट निर्वाचित स्थानीय सरकारले पर्यटन विकासका लागि विभिन्न योजनाहरू बनाई कार्यान्वयन गर्न सक्ने : नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले जनजीवन र विकास निर्माणसँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समेतको काम, कर्तव्य र अधिकार स्थानीय सरकारलाई प्रदान गरेको र स्थानीय, प्रदेश र संघीय सरकारहरू हालसालै निर्वाचित भएर आएका हुनाले स्थानीय सम्भावना र आवस्यकताको आधारमा पर्यटन विकास गर्ने राम्रो अवसर प्राप्त भएको छ ।

५. तीनै तहका सरकारहरूको समन्वयित सहकार्यको सम्भावना : संघीय तथा प्रदेश सरकारहरूले पनि पर्यटन उद्योगलाई महत्त्वपूर्ण उद्योगको रूपमा विकास गरी पर्यटनको माध्यमद्वारा जनताको आय आर्जन तथा जीवनस्तरमा सुधार ल्याउने कुरालाई प्राथमिकतामा राखेको र सोही अनुसार योजनाहरू पनि तर्जुमा गरेको हुनाले संघीय तथा प्रदेश सरकारहरूसँग सहकार्य गरी पर्यटनको विकास गर्न सकिन्छ।

६. विविधतायुक्त विकासको सम्भावना : यो नगरपालिकामा भौगोलिक, प्राकृतिक, जातिगत र जैविक विविधता भएका कारणले सानो भूभागमा पनि विविध प्रकारका प्राकृतिक, जातिगत र साँस्कृतिक जीवनहरूको अवलोकन गर्न सकिन्छ । साथै यहाँ विविध प्रकारका पर्यटकीय गतिविधीहरू समेत सञ्चालन गर्न सकिन्छ ।

### ३.५.४ चुनौतिहरू

१. धार्मिक, प्राकृतिक, ऐतिहासिक र साँस्कृतिक सम्पदाहरूको लोप हुदै जानु : विश्व पूँजी बजारको विकास सँगसँगै सबै क्रियाकलापहरूलाई पुँजी लाभका आधारमा मात्रै हेर्ने र तिनीहरूको सामाजिक, साँस्कृतिक, वातावरणीय लगायतका अन्य पक्षहरूलाई वेवास्ता गरेको पाइन्छ । फलस्वरूप यहाँका धार्मिक, प्राकृतिक, ऐतिहासिक र साँस्कृतिक सम्पदाहरू लोप हुदै गएका छन् जुन पर्यटन विकासका लागि एउटा चुनौति हो ।

२. प्राकृतिक सम्पदा र जैविक विविधतामा क्षय हुदै जानु (वन विनास, वन्यजन्तुको गैर कानुनी शिकार आदि) : बढ्दो शहरीकरण, अनियन्त्रित बसाइसराई, वायु प्रदुषण, जलवायु परिवर्तन, प्रदुषण लगायतका कारणले यो नगरपालिकाका प्राकृतिक सम्पदा र जैविक विविधतामा क्षय हुने क्रम देखिएको छ । फलस्वरूप विभिन्न प्रकारका वन्यजन्तु, वनस्पति, चराचुरूङ्गी र जडिबुटीहरू लोप हुने क्रम बढेको छ । यो पनि पर्यटन विकासका लागि अर्को चुनौति हो ।

३. जलवायू परिवर्तनको कारणले ल्याउन सक्ने विपत्ति र असरहरू : बढ्दो शहरीकरण, अनियन्त्रित बसाइसराई, योजनाबद्ध विकासमा कमी, वन जङ्गल विनास, वायु प्रदुषण, जलवायु परिवर्तन लगायतका कारणले विभिन्न प्रकारका प्राकृतिक विपत्ति र असरहरू देखा परेका छन् ।

४. युवा पुस्ताको पलायन : युवा पुस्ताहरूमा बसाईं सराइ र वैदेशिक रोजगारीप्रतिको मोह बढ्दो छ । नेपालमा बसेर केही पनि गर्न सकिँदैन र विदेशमा आयआर्जन, प्रगति र उन्नति सहज छ भन्ने विश्वासले घर गरेको छ । फलस्वरूप उनीहरू नेपालमै स्वरोजगार र उद्यमशीलताको विकास गर्नुको साटो कठिन रोजगारीका लागि विदेश जान उद्यत देखिन्छन् र यसले स्थानीय मानव संसाधन उपलब्धतामा गम्भिर असर पुऱ्याएको छ । यो पर्यटन विकासको अर्को चुनौति हो ।

५. राज्य कोषको परिचालन र पर्यटनको गतिबिधिबाट प्राप्त हुने आम्दानी स्थानीय तहमा असमानुपातिक वितरणको अवस्था : नेपालमा संघियताको कार्यान्वयन भर्खर मात्र शुरु भएको कारण स्थानीय सरकार सम्म प्रशासनिक, विकास लगायतका संयन्त्रहरू बनि सकेका छैनन् । साथै स्थानीय सरकारका काम, कर्तव्य र अधिकारका बारेमा पनि पर्याप्त कानुन, ऐन नियम र नियमावली नबनिसकेका कारण राजश्व लगायतका आयका स्रोतहरू संघीय सरकार नियन्त्रित नै छन् । स्थानीय सरकारको बलियो नियमित आर्थिक स्रोतको

व्यवस्था बनिसकेको छैन । राजश्व लगायतका स्रोतहरूको समानुपातिक वितरण नहुनु पनि अर्को चुनौति हो ।

६. पर्याप्त लगानीका लागि पूँजीको अभाव : नेपाल लामो समय द्वन्द्व र राजनीतिक अस्थिरताबाट गुज्रिएको कारण पूँजीको विकासको अवस्था कमजोर नै छ । साथै नेपाल पूँजी बजारका हिसाबले पनि सानो नै छ ।

७. स्थानीय कला, सीप, सँस्कृतिको हस्तान्तरणमा समस्या : युवाहरू आधुनिक जीवनशैलीप्रति आकर्षित भई स्थानीय परम्परागत कला, सीप, सँस्कृतिहरू भुल्दै गएका छन् । वास्तवमा हाम्रा प्राकृतिक, साँस्कृतिक र ऐतिहासिक सम्पदाहरू नै नेपालको पर्यटनको मात्र नभई समग्र विकासका खम्बाहरू हुन् तर राज्यद्वारा पनि स्थानीय परम्परागत कला, सीप, सँस्कृतिहरूको हस्तान्तरणका लागि ठोस कार्य हुन सकेको छैन । फलस्वरूप हाम्रा परम्परागत कला, सीप तथा सँस्कृतिहरूको पर्याप्त विकास हुन सकेको छैन । पर्यटन विकासका लागि यो अर्को चुनौति हो ।

८. भूमण्डलीकरणका कारणले स्थानीय सँस्कृति, कला, उपज आदिमा पारेको प्रभाव : यातायात, विज्ञान, प्रविधि, सूचना तथा सञ्चारमा आएको द्रुत विकासले जोडेको कारण अहिलेको विश्व एउटा सानो नगरको रूपमा विकास भइरहेको छ । यसले स्थानीय भाषा, कला, सीप, सँस्कृति तथा उपजहरूमा नकारात्मक असर परेको छ ।

९. तीन तहका सरकार भएको कारण समन्वयित र एकिकृत विकासमा समन्वयको कमीः लामो समयसम्म केन्द्रिकृत राज्य व्यवस्थामा अभ्यस्त नेपाल हाल संघीय गणतान्त्रिक लोकतन्त्रको अभ्यास गरे पनि विकासमा तीन तहका सरकारको समन्वयित र सहकार्यात्मक अभ्यासको कमी देखिन्छ । साथै ति प्रदेश र स्थानीय सरकार सञ्चालनका लगि आवश्यक नीति नियम, ऐन, विनियम, कार्यविधि आदि नीतिगत व्यवस्था पनि पूर्ण रूपमा संस्थागत भै-सकेको छैन ।

## ३.६ प्रमुख पर्यटकीय सम्भावनाका क्षेत्रहरू

### ३.६.१ ग्रामिण पर्यटन (घरवास पर्यटन)

नेपाल भौगोलिक, जातिय, साँस्कृतिक, भाषिक तथा धार्मिक हिसाबले विविधतापुर्ण देश हो । विभिन्न जातजातिका मानिसहरूका विविध सँस्कृति, परम्परा, भेषभुषा, खानपान लगायतका पहिचानहरू नै नेपालको पर्यटकीय विकासका अमुल्य सम्पदाहरू हुन् । नेपाल भित्रने बाह्य पर्यटकहरूका साथै आन्तरिक पर्यटकहरू समेत यहाँको यीनै सम्पदाहरूको बारेमा अध्ययन,

अवलोकन गर्न र स्थानीय ग्रामिण जीवनका बारेमा बुझ्नका लागि भ्रमण गर्ने गर्दछन् । नेपालमा हालसम्म अधिकांश जनसङ्ख्या गाम्रीण क्षेत्रमा बस्दछन् । यही ग्रामिण जनजीवनका विभिन्न पक्षहरू समेटी ग्रामिण पर्यटनलाई विकास गर्न सकेमा स्थानीय बासिन्दाहरूको आर्थिक, सामाजिक, शैक्षिक, साँस्कृतिक, राजनैतिक चेतनामा समेत वृद्धि हुन गई आयआर्जनमा र समग्र जीवनशैलीमा नै सुधार हुने निश्चित देखिन्छ ।

हाल नेपालका विभिन्न पर्यटकीय क्षेत्रहरूमा होम-स्टे अर्थात घरबास पर्यटन निकै फष्टाउँदै गएको पाईन्छ । घरबास पर्यटनमा पर्यटकहरू स्थानीय समुदायको घरमा नै बस्ने भएकोले होम स्टे अर्थात् घरबास भनिएको हो । पर्यटकहरू स्थानीय समुदायको घरमा पाहुनाको रूपमा बसी स्थानीय स्वाद अनुसारको खानपान गर्दछन् भने स्थानीय संस्कार र सँस्कृतिमा रमाउँछन् र यसबापत उनीहरूले निश्चित रकम तिर्दछन् । ठुलो लगानीको आवश्यकता नपर्ने भएकोले कुनै पनि समुदायहरूमा घरबास पर्यटन संचालन गर्न सहज रहेको छ । ग्रामिण पर्यटनको विकास मार्फत् यसको लाभ नगर टोल सम्म पुऱ्याई ग्रामिण गरिबी न्युनीकरण गर्न घरबास पर्यटन निकै सफल भएको पाईन्छ ।

घरबास पर्यटन भन्नाले पर्यटकहरू स्थानीय बासिन्दाहरूका घरमा परिवारका सदस्य जस्तै भएर बसी घरका सदस्यहरूले खाने परिकारहरू नै खाने र उनीहरूको जीवनसँग एकाकार भएर बस्ने पर्यटकीय गतिविधी हो । स्थानीय भाषा, सँस्कृति, चालचलन, परम्परा र चाडबाडका बारेमा जान्न, बुझ्न र अध्ययन गर्नका लागि यो सर्वोत्तम माध्यम पनि हो । नेपालमा विभिन्न स्थानमा घरबास पर्यटन सञ्चालन हुँदै आएकोमा हाल सम्म यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको कुनै पनि स्थानमा व्यावसायिक रूपमा घरबास पर्यटन व्यवसाय संचालन भएको छैन। मनोरम प्राकृतिक सम्पदा र साँस्कृतिक सम्पदाले भरिपुर्ण यो क्षेत्रका धेरै बस्तीहरू ग्रामिण पर्यटन प्रवर्धनका दृष्टिकोणले एकदमै सम्भावनायुक्त रहेका छन्। घरवास पर्यटनका माध्यमद्वारा स्थानीय भाषा, सँस्कृति, कला, सीप, शैली, उत्पादन तथा ज्ञानको प्रचारप्रसार गर्न सके घरवास पर्यटन लुम्बिनी साँस्कृतिक नगरपालिका विकासका लागि कोशेढुङ्गा सावित हुन सक्ने सम्भावना प्रबल देखिन्छ ।

**होमस्टे सञ्चालनका लागि सम्भावित ठाउँहरू**

हालसम्म लुम्बिनी साँस्कृतिक नगरपालिकाको कुनै पनि गाउँ वस्तीमा व्यावसायिक रूपमा घरबास पर्यटन (होम स्टे) संचालन भएको छैन तर पालिकाका विभिन्न वडाका गाउँहरूमा

त्यहिंको मौलिक सँस्कृति प्रदर्शन गरी होम स्टे प्रवर्धन गर्न सकिने सम्भावना रहेको छ । होम-स्टे सञ्चालन गर्नका लागि केहि सम्भावित स्थानहरू तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.स. | होम स्टे सञ्चालन गर्न सम्भावित ठाउँहरू | महत्त्व र विशेषता |
|---|---|---|
| १. | अदौलिया - वडा १३ | ग्लोबल पिस पार्क निर्माण |
| २. | आमा गाउँ - वडा १२ | आमा वन वाटिका र अन्य पर्यटकीय स्थल घुम्नुका साथै स्थानीय खानाको स्वाद लिदै , सँस्कृति अवलोकन गर्न सकिने |
| ३. | लंकापुर - वडा ३ | स्थानीय खाना, सँस्कृति, रहन सहन आदि अवलोकन गर्न सकिने |
| ४. | खम्मे गाउँ, ठुलो महुवारी, अमारी, मनौही - वडा ४ | स्थानीय खाना, सँस्कृति, रहन सहन आदि अवलोकन गर्न सकिने |
| ५. | तेनुहवा, पर्सा रामवापुर - वडा ६ | स्थानीय खाना, सँस्कृति, रहन सहन आदि अवलोकन गर्न सकिने |
| ६. | करमहावा गाउँ - वडा ८ | स्थानीय खाना, सँस्कृति, रहन सहन आदि अवलोकन गर्न सकिने |
| ७. | सोनवर्षी थारु - वडा ९ | स्थानीय खाना, सँस्कृति, रहन सहन आदि अवलोकन गर्न सकिने |
| ८. | महिलवार - वडा १० | स्थानीय खाना, सँस्कृति, रहन सहन आदि अवलोकन गर्न सकिने |
| ९. | गडीहावा, विचौवापुर, मसिना - वडा ११ | स्थानीय खाना, सँस्कृति, रहन सहन आदि अवलोकन गर्न सकिने |

पर्यटकीय गतिविधिहरू नभएको यस नगरमा होमस्टे सञ्चालन गर्न निम्नानुसारका पूर्वाधारहरू निर्माण गर्नुपर्ने देखिन्छ :

- घरबास पर्यटन सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू संचालन गर्ने र आवश्यक दक्ष जनशक्तिका लागि तालिम प्रदान गर्ने ।
- स्थानीय कलाकारहरूलाई तालिम प्रदान गरी नियमित साँस्कृतिक कार्यक्रमहरू आयोजना गर्ने।
- बिराहा नाच, थारु नाच तथा ढोल नाच आयोजना गर्ने ।

- थारु सँस्कृति झल्किने परम्परागत घरहरू निर्माण गर्न प्रोत्साहित गर्ने ।
- मुस्लिम सँस्कृति अनुसारको परम्परागत घरहरू निर्माण गर्न प्रोत्साहित गर्ने ।
- अन्य सँस्कृति झल्किने परम्परागत घरहरू निर्माण गर्न प्रोत्साहित गर्ने ।
- सामुदायिक भवन तथा साँस्कृतिक घर निर्माण गर्ने ।
- परम्परागत उत्पादन जस्तै ढकिया, मुढा, झोला, हस्त कला लगायतका परम्परागत वस्तुहरूको सजावट गर्ने ।
- नगरमा आन्तरिक आवत जावतको लागि सडक तथा पदमार्ग सुधार तथा फोहोरमैला व्यवस्थापन गर्ने।
- विभिन्न स्थानमा सार्वजनिक शौचालय र धारा निर्माण गर्ने ।
- परम्परागत र प्राङगारिक तर स्वच्छ खानालाई प्रोत्साहन दिने ।
- अतिथी सत्कार, खाना बनाउने, स्थानीय परिकार बनाउने कला सरसफाई आदि विषयमा तालिम दिने ।
- पाहुनाले प्राप्त गर्ने सेवा, सुविधा, सरसफाई अन्य आचार व्यव्हार सम्बन्धी प्रोटोकल निर्माण गरी कडाईकासाथ कार्यान्वयन गर्ने ।
- परम्परागत साँस्कृतिक कार्यक्रमहरू तथा झाँकीहरू प्रस्तुत गर्ने र तिनीहरूको गुणस्तरमा सुधार गर्ने।
- प्रचार प्रसारका सामग्रीहरू उत्पादन गरी प्रचार प्रसार गर्ने ।

### ३.६.२ जल पर्यटन (Water Tourism)

यस नगरपालिकाको उत्तरतर्फबाट बगेको दानव नदी, तेलहार नदी, कोठी नदी र अन्य खोलाहरू र यहाँ रहेका विभिन्न ताल तलैयाको उपस्थितिले पनि जलमा आधारित पर्यटन व्यवसाय (water tourism) को पनि राम्रो सम्भावना रहेको देखिन्छ । यस नगरपालिकामा जल पर्यटनको विकास गर्न सकिने प्रमुख पक्षहरू यस प्रकार रहेका छन् :

**जलयात्रा**

लुम्बिनी साँस्कृतिक नगरपालिकामा बग्ने दानव, कोठी र तेलार नदीमा जलयात्राको प्रचुर सम्भावना रहेको छ । दानव नदीमा अघौंली देखि बन्जराइ सम्म जलयात्रा सञ्चालन गर्न सकिन्छ। अघौंली देखि बन्जराइ सम्म नदीको किनारमा रहेका पुरातात्त्विक अवशेषहरूको दृश्यावलोकन गर्दै जलयात्रा गर्न सकिन्छ । यो भागको दानव नदीमा जलयात्राको प्रचुर सम्भावना रहेको छ । नदीमा मोटर बोटका साथै साना तथा मझौला डुंगाहरूका सञ्चालन गर्न सकिन्छ। जलयात्राका प्रमुख आकर्षणका रूपमा प्राकृतिक तथा पुरातात्त्विक दृश्यहरू रहेका

छन् । यद्दपी नगरपालिका स्तरबाट जलयात्रा पर्यटन विकास तथा विस्तारका लागि उल्लेखनीय पहलकदमी भएको पाइँदैन । दानव नदीमा मोटर बोटिङ तथा डुङ्गा संचालन गरी आयआर्जन तथा मनोरन्जन प्रदान गर्न सकिने सम्भावना रहेकाले सो सम्बन्धी कार्यहरू गर्न उपयुक्त देखिन्छ।

### बोटिङ, डुङ्गा सवार

लुम्बिनी साँस्कृतिक नगरपालिकाको विभिन्न वडामा ताल तथा पोखरी रहेका छन् । कुनै प्राकृतिक छन् भने केहि मानव निर्मित पोखरी पनि रहेका छन्। पुर्निहावा ताल, कर्बाला ताल, खम्मे पोखरी, कालिदह, नौखानिया ताल आदि यहाँका आकर्षण हुन् । यी सबै तालहरूलाई सौन्दर्यकरण गरि आवश्यक पूर्वाधार निर्माण गरि फिसिंग र बोटिंग जस्ता क्रियाकलापहरू संचालन गर्न सकिन्छ। यहाँ आधुनिक पेडल बोट र पुरानो काठको डुंगा संचालन गरि आएका पर्यटकहरूलाई मनोरन्जन दिलाउन सकिन्छ । यसो गर्न सकेमा पर्यटकीय स्थल वरपरको आर्थिक क्रियाकलापमा पनि वृद्धि हुनेछ ।केहि तालहरूमा सन्ध्याकालिन (Laser show) सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्न आवश्यक देखिन्छ ।

तालिका नं. ७ : बोटिंग तथा जलयात्राका लागि सम्भावित स्थानहरू

| क्र.स. | जल यात्रा मार्ग | दुरी | प्रमुख आकर्षणहरू | जलयात्राको प्रकार | पूर्वाधारको अवस्था |
|---|---|---|---|---|---|
| १ | दानव नदी, अर्घौलीबाट बन्जराइ सम्म | ३२ कि.मि | दृश्यावलोकन, झोलुङ्गे पुल, माछा मार्ने काम, ग्रामीण जनजीवनको अवलोकन, अर्घौली र बन्जराइ रहेका पुरातात्विक स्थलको अवलोकन | मोटर बोट, काठको डुंगा, | बाटोको सहज पहुँच , |
| २ | कोठी नदी | २ कि. मि. | परम्परागत डुङ्गा सवार, सँस्कृति अवलोकन, चरा चुरुंगी अवलोकन, माछा मार्ने काम आदि | मोटर बोट, काठको डुंगा | हालसम्म कुनै पूर्वाधार को व्यवस्था नभएको |
| ३ | तेलार नदी | | डुङ्गा सवार, सँस्कृति अवलोकन, चरा चुरुंगी अवलोकन, माछा मार्ने काम आदि | मोटर बोट, काठको डुंगा | हालसम्म कुनै पूर्वाधार को |

| क्र.स. | जल यात्रा मार्ग | दुरी | प्रमुख आकर्षणहरू | जलयात्राको प्रकार | पूर्वाधारको अवस्था |
|---|---|---|---|---|---|
| | | | | | व्यवस्था नभएको |
| ४ | नगरपालिका मा रहेका विभिन्न ताल तथा पोखरी | | प्याडल बोट, फिसिंग, बर्ड वाचिंग, पिकनिक | प्याडल बोट, काठको डुंगा | हालसम्म कुनै पूर्वाधार को व्यवस्था नभएको |

यस क्षेत्रमा जलयात्रालाई व्यवस्थित तथा बिस्तार गर्नका लागि गर्नुपर्ने सुधारका कामहरू निम्नानुसार छन् ।

- जलयात्रीलाई खान बस्नको सुबिधाका लागि नदी किनार बन्जराइ र अर्घौलीमा सुबिधा सम्पन्न होटल तथा रेस्टुरेन्टहरूको व्यवस्था गर्नका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने ।
- नदी किनारमा जलयात्रीहरू हिँड्नको लागि पदमार्गको निर्माण गर्ने ।
- नदी किनारका निश्चित स्थानहरूमा पार्क तथा बनभोज स्थलको निर्माण गर्ने ।
- नदी किनारमा निश्चित स्थानहरूमा रिसोर्ट तथा Camp Ite निर्माण गर्ने ।
- सुरक्षा तथा उद्धारका लागी आवश्यक सामग्री प्रबन्ध गर्नुपर्ने ।
- सम्भाव्य पर्यटकीय कृयाकलापहरूलाई समेटेर activity package निर्माण गर्ने ।

### ३.६.३ कृषि पर्यटन (Agro Tourism)

नेपाल कृषिप्रधान देश हुनुका साथै यहाँको ७० प्रतिशत भन्दा बढी जनसंख्याको जीवन गुजाराको प्रमुख आधार वा पेशा नै खेतीपाती भएकोले कृषिसँग सम्बन्धित गतिविधिहरूलाई पर्यटनसँग जोड्न सके ग्रामिण भेगमा बसोबास गर्ने मानिसहरूको गरिबी न्यूनीकरण गर्नका लागि कृषि पर्यटन वरदान सावित हुन सक्छ । पर्यटनका प्रकारहरू मध्ये कृषि पर्यटन पछिल्लो समय चर्चामा आएको नयाँ पर्यटकीय गतिविधि पनि हो । तसर्थ लुम्बिनी साँस्कृतिक नगरपालिकाको कृषि गतिविधिलाई पर्यटनसँग जोड्न सकेमा आर्थिक तथा सामाजिक रूपमा पिछडिएको समुदायको जीवन स्तर उकास्न कृषि पर्यटन कोशेढुंगा सावित हुन सक्ने देखिन्छ । नगरपालिकाको प्रमुख नगदे तथा दलहन बालीहरूमा आलु, मुसुरो, अरहर, तोरी आदी हुन भने अन्न बालिहरू धान, गहुँ, मकै हुन । यसका साथै यहाँ तरकारी खेतीको पनि अत्यन्त ठुलो सम्भावना रहेको छ । यी क्षेत्रहरूमा समान प्रकृतिको भू-बनोट भएकाले एकीकृतरूपमा जलवायु

अनुकूल माटोको प्रकृति अनुसार बालीनाली तथा फलफूल र तरकारीको खेती सघन रूपमा गर्नु उपयुक्त देखिन्छ । यस्ता क्षेत्रहरूलाई उपयुक्तताको आधारमा कृषि पकेट क्षेत्र घोषणा गर्न सकिन्छ । विशेषगरी वडा नं. १ मा धान पकेट (खुनगाई) र तोरीको पकेट क्षेत्र भगवानपुर, वडा नं. ९ मा स्मार्ट तरकारी खेती, स्मार्ट धान खेती, वडा नं. १० मा धान, तरकारी (महिलवारी) र केरा खेती (लक्ष्मीपुर), वडा नं. ११ मा तोरी, काला निमक उन्नत धान र तोरी, कृषि पकेट क्षेत्रका रूपमा रहेका छन । उष्ण क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरूको यहाँ प्रचुर सम्भावना रहेको छ । यद्दपी हालसम्म यहाँ कृषि पर्यटन सम्बन्धी कुनै पनि गतिविधिहरू सञ्चालन हुन सकेका छैनन् । धान, गहुँ, तोरी, तरकारी, फलफुल, माछा, दुध आदिको पकेट क्षेत्र नै बनाउन सकिने यस नगरपालिकामा उत्पादनको हिसावले अत्यन्त सम्भाव्य ठाउँहरू रहेका छन् ।

### कृषि पर्यटन सम्भाव्य स्थानहरू

### धान पकेट क्षेत्र खुनगाई

नगरपालिकाका लगभग सबै वडाहरूमा धान खेति हुने गर्दछ । काला निमक धानको उत्पादन यहाँको प्रमुख विशेषता हो । विशेषगरी वडा नं. १ को खुनगाई र वडा नं. ९, १० र ११ धान उत्पादनको हिसाबले हेर्दा निकै अगाडि रहेका क्षेत्र हुन् ।

### तोरी पकेट क्षेत्र भगवानपुर

वडा नं. १ को भगवानपुर तोरी पकेट क्षेत्रको रूपमा स्थापित भएको छ । यसका साथै नगरपालिकाका लगभग सबैजसो वडाहरूमा तोरी उत्पादन हुने गर्दछ । हालको समयमा टिकटक, युट्युब भिडियो बनाउनका लागि मानिसहरू तोरीबारी पनि घुम्न जाने गर्दछन । त्यसकारण तोरी फुल्ने मौसममा पहेंलपुर तोरी बारीले पनि ठुलो संख्यामा पर्यटक आकर्षित गर्न सक्दछ । यसका साथै कृषि पर्यटन प्रवर्धनमा पनि यसले ठिकै ठुलो सहयोग पुर्याउने देखिन्छ।

### तरकारी पकेट क्षेत्र

कृषि पर्यटनको अवस्था हेर्दा लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्र विभिन्न तरकारी काउली, बन्दा, बोडी, भिंडी, लौका आदिको पकेट क्षेत्र नै मान्न सकिन्छ । केरा खेती पनि हाल यो क्षेत्रमा फस्टाउँदै गएको छ । वडा नं. १० को महिलवार, रामवापुर, लकडीगंजमा प्रशस्त तरकारी उत्पादन हुने गरेको र यहाँको तरकारी नगरपालिका भित्र र बाहिर भैरहवा, बुटवल,

कपिलवस्तु क्षेत्रमा पनि विक्री वितरण हुने गर्दछ । त्यसैगरी वडा नं. १३ को सुक्रौली र मुदौलिमा ठुलो मुला उत्पादन हुने गर्दछ ।

**माछा पकेट क्षेत्र**

लुम्बिनी साँस्कृतिक नगरपालिकाको धेरै जसो ठाउँमा माछा उत्पादनको ठुलो सम्भावना रहेको छ । विशेष गरि वडा नं ५ को ढोडहावा र मोसेड र वडा ७ र ९ मा माछा पालनको ठुलो सम्भावना रहेको छ ।

**दुध उत्पादन क्षेत्र**

अन्नबाली, तरकारी तथा माछापालनका साथै लुम्बिनी साँस्कृतिक नगरपालिकामा दुग्ध उत्पादनको पनि ठुलो सम्भावना रहेको छ । मुख्यतया भैंसीको दुध बढी उत्पादन हुने यस नगरपालिकामा दूधका परिकारहरू विविधिकरण र बजारीकरण गर्न सकेमा पनि रोजगारी सिर्जना हुनुका साथै पर्यटकीय हिसाबले पनि प्रचार प्रसार हुने देखिन्छ ।

लुम्बिनी साँस्कृतिक नगरपालिकालाई कृषि पर्यटन गन्तब्यको रूपमा विकास गर्नका लागि निम्नानुसारका सुधारका कामहरू गर्नु पर्दछ ।

- लुम्बिनी साँस्कृतिक नगरपालिकालाई प्राङ्गारिक Organic उत्पादन हुने नगरपालिका घोषणा गर्ने रणनीति लिने र सोही अनुसार कार्यान्वयन गर्ने ।
- लुम्बिनीलाई काला निमक धान उत्पादनको सुपरजोन क्षेत्रको रूपमा विकास गर्ने ।
- नगरपालिकालाई कृषि पकेट क्षेत्र घोषणा गरी कृषि पर्यटन प्रवर्धन गर्ने ।
- कृषि फार्महरूको निर्माणको लागि नगरपालिकाबाट आवश्यक पूर्वाधारहरूको विकासको लागि पहल गर्ने ।
- कृषि सडक निर्माण गर्ने कार्यलाई पुर्णता दिने
- कृषि विकासको लागि कृषकहरूलाई बजारीकरणको सुनिश्चितता गराउने
- कृषि पर्यटन र घरवास पर्यटन (होमस्टे)लाई एकिकृत रूपमा अगाडि बढाउने ।
- कृषि फर्महरूमा पर्यटकहरूलाई बसोवासको व्यवस्था मिलाउने ।
- पर्यटक लक्षित जैविक (Organic) तथा परम्परागत खेती पद्धतिलाई प्रोत्साहित गर्ने।
- धान खेतीको प्रमुख अवसर रोपाईं तथा दाइँलाई उत्सवका रूपमा मनाउनका लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- कृषि पर्यटन तथा विकासका लागि कृषि सहकारी स्थापना गर्नका लागि प्रोत्साहन गर्ने।
- यहाँ खुलेका कृषि मिल तथा प्रशोधन उद्योगहरूलाई पनि पर्यटन विकाससँग जोड्ने ।

➢ कृषि जन्य उत्पादन, जडीबुटी तथा नगदे बालीहरू स्थानीय स्तरमा प्रशोधन गर्ने उद्योगहरू खोल्न प्रोत्साहन गर्ने ।

कृषि उत्पादनको परिमाण तथा भौगोलिक र माटो उपयुक्तताको आधारमा नगरपालिकाकामा रहेका उत्पादन क्षेत्रहरू निम्न अनुसार रहेका छन् ।

| वडा नं. | कृषियोग्य क्षेत्र | मुख्य कृषि उत्पादन |
|---|---|---|
| १ | सबै क्षेत्र | धान बाली खुनगाई र तोरीको पकेट क्षेत्र भगवानपुर |
| २ | गाउँ वरपर सबै क्षेत्र | काला निमक धान |
| ३ | गाउँ वरपर सबै क्षेत्र | धान, गहुँ |
| ४ | गाउँ वरपर सबै क्षेत्र | धान, गहुँ, मटर, आलु |
| ५ | गाउँ वरपर सबै क्षेत्र | धान, गहुँ, माछा |
| ६ | गाउँ वरपर सबै क्षेत्र | तरकारी |
| ७ | गाउँ वरपर सबै क्षेत्र | माछा |
| ८ | गाउँ वरपर सबै क्षेत्र | धान, गहुँ, माछा |
| ९ | गाउँ वरपर सबै क्षेत्र | महिलवारमा धान र गहुँ, तरकारी खेती |
| १० | गाउँ वरपर सबै क्षेत्र | धान, तरकारी (महिलवारी), केरा खेती (लक्ष्मीपुर), |
| ११ | नौखनिया पोखरी फाँट, महादैवा फाँट, वडा कार्यालय फाँट, गद्धीडिह्वा फाँट, मोगलाह फाँट लगायतका सम्पूर्ण गाउँहरूका फाटहरू | काला निमक उन्नत धान, आँप, र तोरी |
| १२ | गाउँ वरपर सबै क्षेत्र | धान, गहुँ, तरकारी (आलु, गोभी, भन्टा) |
| १३ | गाउँ वरपर सबै क्षेत्र | धान, गहुँ, तरकारी, मुला |

### ३.६.४ शैक्षिक पर्यटन (अध्ययन अनुसन्धान पर्यटन)

लुम्बिनी विकास क्षेत्र बिगत लामो समय देखि स्वयं एक खुला विश्वविधालयका रूपमा परिचित छ। विकास क्षेत्र सँग संगै नगरपालिका भित्र रहेका अन्य विभिन्न पर्यटकीय क्षेत्र, धार्मीक स्थल, ऐतिहासिक धरोहरहरू, नदी, ताल, पोखरी, जंगल र महाभारत क्षेत्र, विपद् प्रभावित क्षेत्र, प्रविधि र मानव संसाधन तथा यहाँ बसोबास गर्ने विभिन्न समुदायको सँस्कृतिको अध्ययन तथा अनुसन्धान गर्न तथा मनोरन्जन गर्न, विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीहरू/ अनुसन्धानकर्ताहरूका लागि

उपयुक्त स्थानको रूपमा रहेको पाईन्छ । यहाँ बसोबास गर्ने विविध जाति समुदायको संस्कार र सँस्कृतिको अध्ययन, अनुसन्धान र अवलोकनको लागि जो कसैलाई पनि सहजता रहेको छ। बौद्ध धर्मावलम्बीहरूको पवित्र स्थल लुम्बिनी रहेको यस नगरपालिकामा बिशेष गरि हिन्दु र मुस्लिम धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ । यहाँ विभिन्न जात जाति जस्तै ब्राह्मण, क्षेत्रि, यादव, मलला, केवट, लोध, हरिजन, धुनिया, फकिर, धोबी, खान आदिको बसोबास रहेको छ।

लुम्बिनी साँस्कृतिक नगरपालिकामा अध्ययन अनुसन्धान पर्यटनका लागि थुप्रै महत्त्वपूर्ण स्थानहरू रहेका छन् जसमध्य केहि तल उल्लेख गरिएको छ

### लुम्बिनी विकास क्षेत्र

बिगत ४ दशक भन्दा अघि देखि लुम्बिनी विकास क्षेत्र परिसरमा धेरै राष्ट्रिय एवं अन्तराष्ट्रिय खोज अनुसन्धान भइ राखेको हामी सबैमा सर्वविधितै छ । लुम्बिनी साँस्कृतिक नगरपालिकाको विभिन्न वडा सँग सम्बन्धित यस क्षेत्रमा लागु भएको लुम्बिनी विकास योजना अझै पुरा भैसकेको छैन र छिट्टै केहि वर्षमै यो पुरा हुने लुम्बिनी विकास कोषको भनाइ छ । यहाँ स्कूल, कलेज एवं विश्वविधालयमा अध्यनरत विधार्थीहरूका लागि खोज अनुसन्धान गर्ने धेरै धार्मिक, ऐतिहासिक र पुरातात्त्विक श्रोतहरू रहेका छन्।

### दानव नदी र किनारमा रहेका पुरातात्त्विक स्थल

लुम्बिनी साँस्कृतिक नगरपालिकाको पूर्वी क्षेत्रमा बगिरहेको दानव नदीको किनारमा पुरातात्त्विक अवशेष भेटिएकोले अध्ययन अनुसन्धानका लागि उपयुक्त स्थल बन्न सक्छ । वडा नं. १२ र २ मा हालसालै त्यस्ता अवशेषहरू भेटिएका थिए । अनुसन्धानकर्ताले ति अवशेषहरू कहिलेका हुन् भन्ने कुरा पत्ता लगाई विगतको समयमा त्यहाँ कस्तो खालको जनजीवन र क्रियाकलाप हुने गर्दथे भन्ने विषयमा खोज अनुसन्धान गर्न सक्छन । यसका साथै वर्षेनी यस नदीको किनार नदीले कटान गर्दै लगेकोमा त्यसको रोकथामका लागि पनि उचित अध्ययन अनुसन्धान हुन जरुरी देखिन्छ । सिंचाइका लागि पनि यहाँको पानीलाई पालिकाको विभिन्न भागमा पुऱ्याउनका लागि स्थलगत अध्ययन गर्नु जरुरी छ ।

### सिमसार क्षेत्र

लुम्बिनी साँस्कृतिक नगरपालिका लगभग सबैजसो वडामा ताल, तलैया, पोखरी, र खोलाहरू रहेका छन् । यी मध्ये धेरै ताल पोखरीहरू सिमसार क्षेत्रका रूपमा चिनिन्छन । यहाँ विभिन्न ठाउँबाट धेरै प्रजातिका पाहुना चरा चुरुंगीहरू आउने गर्दछन। केहि प्रजातिका चराहरू निकै

लामो यात्रा तय गरेर यहाँ सम्म आइपुग्ने गर्दछन र पुनः फर्केर आफ्नै स्थानमा जाने गर्दछन । यस क्षेत्रमा धेरै प्रजातीका चराचुरुंगी रहेकाले पनि यो क्षेत्र जैविक विविधता अध्ययनको लागि निकै उपयुक्त स्थल हो ।

**काला निमक धान**

लुम्बिनी साँस्कृतिक नगरपालिका कृषि उत्पादन खासगरी धान, गहुँ, तोरी, तरकारी, माछा, दुधमा निकै अगाडि देखिन्छ । विशेषगरी यहाँ उत्पादन हुने काला निमक धान यहाँको प्रमुख कृषिजन्य आकर्षण हो । यो एक बास्नादार धानको प्रकार हो । यो धानलाई तुलनात्मक रूपले धेरै पानीको आवश्यकता पर्ने हुनाले यसको उत्पादन कम हुने गर्दछ । यसको उत्पादन बढाउनका लागि सम्बन्धित अध्ययन अनुसन्धान गर्न सकिन्छ।

**साँस्कृतिक अध्ययन**

यस नगरपालिकामा विभिन्न धर्म एवं जात जातिका मानिसहरू बसोबास गर्दछन। उनीहरूका आफ्नै मौलिक कला, सँस्कृति, रिति रिवाज, चाड पर्व, नाच गानहरू रहेका छन् । यी सबै खाले कला सँस्कृतिमाथि अनुसन्धानकर्ताले खोज अनुसन्धान र अध्ययन गर्न सक्छ ।

**समाई माइ थान**

लुम्बिनी साँस्कृतिक नगरपालिकामा मात्र नभएर पश्चिम तराइका अधिकांश स्थानमा समाई माइको थान स्थापना भएको देख्न सकिन्छ।यसको आफ्नै मौलिकता र इतिहास रहेको छ।अध्ययनकर्ताले यसै सँग सम्बन्धित इतिहास र मौलिकताको खोज अनुसन्धान पनि गर्न सक्छन् ।

यी सबै प्रकारका अध्ययन अनुसन्धान सम्बन्धी प्रचारप्रसार गर्न सके लुम्बिनी क्षेत्र अध्ययन र अनुसन्धान पर्यटनको प्रमुख गन्तब्य बन्न सक्ने देखिन्छ । लुम्बिनी क्षेत्रमा शैक्षिक तथा अध्ययन र अनुसन्धान पर्यटनका दृष्टिकोणबाट उपयुक्त देखिएका क्रियाकलापहरू यस प्रकार रहेका छन्।

| क. स. | अध्ययन र अनुसन्धानका विषय क्षेत्रहरू | प्रमुख विशेषताहरू | विषयगत क्षेत्रहरू | लक्षित अनुसन्धान पर्यटकहरू |
|---|---|---|---|---|
| १ | जलवायु परिवर्तनका असर र अनुकुलनका उपायहरू | जलवायु परिवर्तनका विविध असरहरू | हावापानी तथा मौसम विज्ञान, वातावरणीय अध्ययन, सामाजिक प्रभाव अध्ययन मानवशास्त्र तथा समाजशास्त्र, | मानवशास्त्र तथा समाजशास्त्र, वातावरण विज्ञान, जलवायु परिवर्तन, जलविज्ञान, विपद् जोखिम व्यवस्थापन र विज्ञान प्रविधिमा रुचि राख्ने अनुसन्धानकर्ताहरू |
| २ | जैविक विविधता अध्ययन तथा अवलोकन | चरा चुरुंगीका प्रशस्त प्रजाती पाइने, र अन्य धेरै जीवजन्तुको बासस्थान रहेको क्षेत्र | जैविक विविधता अनुसन्धान तथा जीवजन्तु संरक्षणका प्रयास र अभ्यास | जैविक अध्ययन तथा जीवजन्तु संरक्षणमा रुचि राख्ने अनुसन्धानकर्ता तथा साधारण पर्यटक समेत |
| ३ | विपद् जोखिम व्यवस्थापन अवस्था | दानव नदी कटान क्षेत्र व्यवस्थापन, विपद् नियन्त्रण अभ्यास र प्रविधिहरू | बायो इञ्जिनिएरिङ, | विपद् नियन्त्रण तथा व्यवस्थापनका अभ्यास र प्रयासहरू जलवायु परिवर्तन, जलविज्ञान, प्राकृतिक विपद् नियन्त्रण तथा न्यूनीकरण प्रविधिमा रुचि राख्ने अनुसन्धानकर्ताहरू |
| ५ | सिंचाई प्रणाली र प्रविधि | कृषकहरू द्वारा व्यवस्थापन गरिएका पोखरी, कुलो तथा बाँधहरू | कृषि विज्ञान , प्रविधि विज्ञान, लिम्बु राई सँस्कृति | परम्परागत सिंचाइ प्रणालीमा रुचि राख्ने अनुसन्धानकर्ता तथा विद्यार्थीहरू |

| क्र. स. | अध्ययन र अनुसन्धानका विषय क्षेत्रहरू | प्रमुख विशेषताहरू | विषयगत क्षेत्रहरू | लक्षित अनुसन्धान पर्यटकहरू |
|---|---|---|---|---|
| ६ | कृषि उत्पादन र प्रणाली | परम्परागत खेती प्रणाली तथा उत्पादन | कृषि, परम्परागत खेती, बहुमुल्य कृषि उत्पादन | कृषि विज्ञानमा रुची राख्ने अनुसन्धानकर्ता, विद्यार्थीहरू तथा कृषकहरू |
| ७ | साँस्कृतिक अध्ययन | विभिन्न धर्म, जात जातिको सँस्कृति | आदिवासी जनजातिको सँस्कृति अध्ययन , | मानवशास्त्र तथा समाजशास्त्र, कला तथा सँस्कृतिका विद्यार्थीहरू तथा अनुसन्धानकर्ता |

### ३.६.५ पर्या-पर्यटन

प्रकृति र सँस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्धन बिना कुनै पनि राष्ट्रको पर्यटन व्यवसायको दिगो विकास हुन सक्दैन । तसर्थ हरेक पर्यटकीय स्थल तथा सम्भाव्य पर्यटकीय स्थलहरूमा पर्यटकीय गतिविधिहरू गर्दा प्रकृतिको संरक्षण पनि गर्नुपर्ने हुन्छ । पर्यावरण र प्रकृतिसँग सम्बन्धित पर्यटकीय क्रियाकलापहरूलाई नै पर्या-पर्यटन भनिन्छ । नेपाल पर्या-पर्यटनमा विश्वमा नै प्रसिद्ध देश पनि हो । यहाँका चाँदी जस्ता सेताम्य हिमश्रृंखलाहरू, विविध भौगोलिक र प्राकृतिक छटा र प्रकृति सँग एकाकार मानिसहरूका साँस्कृतिक जीवनशैली पर्यटकहरूका लागि आकर्षणका केन्द्रहरू हुन् । पर्या पर्यटनको सन्दर्भमा लुम्बिनी साँस्कृतिक नगरपालिका पनि नेपालकै एउटा प्रमुख गन्तव्य बन्न सक्ने देखिन्छ । दिगो पर्यटन विकासको प्रमुख आधार वातावरणमैत्री पर्या-पर्यटन नै हो । विभिन्न नदीहरू, तथा तालतलैयाहरू भएको कारणले लुम्बिनीलाइ पर्या-पर्यटन गन्तव्यको रूपमा विकास गर्न सकिन्छ।

### ३.६.६ धार्मिक पर्यटन

बहुजातिय, बहुधार्मिक तथा बहुसाँस्कृतिक देश नेपाल धार्मिक पर्यटनको दृष्टिकोणले अति नै सम्भाव्य देशको रूपमा रहेको छ । उत्तरमा विश्वको सवैभन्दा बढी जनसंख्या भएको बौद्ध धर्मावलम्वीहरूको देश चीन र दक्षिण तर्फ विश्वको दोस्रो ठूलो जनसङ्ख्या भएको हिन्दु धर्मावलम्बीहरूको देश भारत तथा वर्मा, थाईल्याण्ड, श्रीलंका, ताईवान, कोरिया, जापान, मलेसिया, सिंगापुर, भुटान आदि हिन्दु र बौद्ध धर्ममा आस्था राख्ने छिमेकी देशहरू रहेका कारण नेपाल धार्मिक पर्यटनको लागी उपयुक्त स्थानको रूपमा रहेको छ । बुद्ध धर्मका प्रवर्तक गौतम बुद्ध

जन्मेको स्थान लुम्बिनी बौद्ध मार्गीहरूका लागि जीवनमा एक पटक पुग्नै पर्ने पवित्र भूमि हो भने पशुपति क्षेत्र ज्योतिर्लिङ उत्पत्ति भएको क्षेत्र हुनाले हिन्दु धर्मावलम्बीका लागी मोक्ष प्राप्तिको विश्वकै एक मात्र पवित्र स्थल हो । यही तथ्यका आधारमा भन्न सकिन्छ कि नेपालमा पर्यटन विकासका लागि धार्मिक पर्यटन एक महत्त्वपूर्ण, भरपर्दो र ठूलो क्षेत्र हो । लुम्बिनी साँस्कृतिक नगरपालिका धार्मिक पर्यटनको दृष्टिकोणले हिन्दु र बौद्ध दुवै धर्मावलम्बीहरूको लागि एउटा महत्त्वपूर्ण गन्तव्य हुन सक्छ । लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका प्रमुख धार्मिक स्थलहरूको अवस्था सन्तोषजनक रहेको भएतापनि धार्मिक स्थलका परिसरहरू थप व्यवस्थित देखिन्छ । सयौं वर्ष पुरानो धार्मिक महत्त्व बोकेका यहाँका धार्मिक स्थलहरूलाई व्यवस्थित गरी बढी भन्दा वढी धार्मिक पर्यटक भित्र्याउन निम्न कार्यहरू गर्नुपर्ने देखिन्छ ।

- मन्दिर तथा गुम्बा परिसरमा भक्तजनहरूको सुविधाका लागि तथा व्यवस्थित पुजाआजाका लागि पाटि, पौवा, धर्मशाला तथा भजनकीर्तनका लागी आवश्यक संरचनाहरूको निर्माण गर्ने ।
- मन्दिर परिसरमा विवाह व्रतवन्ध आदि कार्यका लागि उपयुक्त संरचनाको निर्माण गर्ने ।
- मन्दिर परिसरको जग्गा व्यवस्थित गरी वाटिका तथा बिश्राम स्थलहरू वनाउने ।
- मन्दिर तथा गुम्बा परिसरको सरसफाइमा बिशेष ध्यान दिने ।
- पुजारी र मन्दिरको रेखदेख कार्यका लागि वस्ने व्यक्तिहरूको लागि सुविधायुक्त आवासको व्यवस्था गर्ने ।
- मन्दिरको नियमित पूजा,अनुष्ठान, भजन कीर्तन, सरसफाइ आदि क्रियाकलापहरूको लागि आवश्यक व्यवस्था मिलाउने र वार्षिक क्यालेन्डरको विकास गर्ने।
- मन्दिरमा चढाइने भेटी, विवाह, व्रतवन्ध तथा अन्य दान चन्दाबाट प्राप्त हुने आम्दानीको व्यवस्थित हिसाव किताव राखी आम्दानी तथा खर्चको पारदर्शी लेखा राख्ने व्यवस्था गर्ने ।
- मन्दिर तथा गुम्बा परिसरमा सार्वजनिक शौचालय निर्माण गर्ने ।
- मन्दिरमा तथा गुम्बा आउने भक्तजनहरूलाई आकस्मिक उपचारको लागि स्वास्थ्य इकाई राख्ने।
- मन्दिर तथा गुम्बा परिसरमा नियमित पानीको आपूर्ति गर्ने ।

### ३.६.७ खेल पर्यटन

वर्तमान समयमा खेल पर्यटन पनि पर्यटन विकासका लागि एकदमै महत्त्वपूर्ण माध्यमका रूपमा विकास भईरहेको पाईन्छ । खेल पर्यटनको विकास गर्न सकेमा एकातिर पर्यटकहरूलाई

आकर्षित गरी अर्थोपार्जन गर्न सकिन्छ भने अर्कोतिर यसले निरोगी र स्वस्थ नागरिक उत्पादन गर्न समेत सहयोग पुऱ्याउँछ । लुम्बिनी साँस्कृतिक नगरपालिकामा मनोरञ्जनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद मैदानहरू नभएपनि क्रिकेट तथा फुटबल मैदानहरू, खुल्ला जमिन, चौर, पोखरी, पार्कहरू, पिकनिक स्थलहरूमा यहाँका मानिसहरूले मनोरञ्जन लिने गरेको पाइन्छ तर ती खुला जमिन, चौर तथा खेलमैदान व्यवस्थित मैदानको रूपमा विकसित भईसकेका छैनन् । (प्राय सबै बिद्यालयहरूको आफ्नै चौर स्कुल कम्पाउण्ड भित्र) नगरपालिकाको वडा नं. १ को भगवानपुरमा खाली जग्गा, नन्द नगर देखि पूर्वको मैदान (३ विघामा), वडा नं. ६ मा तेनुहवा मा.वि. को खेल मैदान, तर्कुलाहको सार्वजनिक जग्गा ( ३ विगाह), तेनुहवाको स्कुल पछाडीको जमिन, स्वास्थ्य चौकि उत्तर-पूर्व तर्फको जमिन, पर्सा तेलार नदी किनारको जग्गा, जस्ता खेलमैदानहरू रहेका छन् । हालसालै वडा नं १ र ४ को सिमानामा पनि क्रिकेट स्टेडियम निर्माण हुने तयारीमा छ । त्यसैगरी वडा नं. १३ मा ग्लोबल पिस पार्क अन्तर्गत पनि एउटा क्रिकेट स्टेडीयम निर्माण हुने कुरा चलेको छ । यस्ता खाले स्टेडीयम निर्माण गरि स्थानीय, राष्ट्रिय एवं अन्तरास्ट्रिय खेल आयोजना गर्न सके धेरै संख्यामा खेल पर्यटक भित्र्याउन सकिने सम्भावना रहेको छ ।

लुम्बिनी साँस्कृतिक नगरपालिकामा खेल पर्यटनका लागि पहिचान गरिएका सम्भावनाहरू निम्न अनुसार छन् :

क्रिकेट खेल तराइ क्षेत्रमा प्रख्यात रहेको र लुम्बिनीमा पनि ठुलो सम्भावना रहेको हुँदा क्रिकेट स्टेडियम निर्माण गरी विभिन्न स्तरका प्रतियोगिताहरू सञ्चालन गर्न सकिन्छ ।

- यहाँ विभिन्न स्तरका फुटबल प्रतियोगिता पनि आयोजना गर्न सकिन्छ ।
- यस नगरपालिकाको पूर्व तर्फ रहेको दानव नदीमा पानीसँग सम्बन्धित विभिन्न खेलहरू सञ्चालन गर्न सकिन्छ जसमा डुंगा रेस र नदी किनारका बगरहरूमा विच भलिवल प्रतियोगिता सञ्चालन गर्न सक्ने सम्भाावना रहेको छ ।
- त्यसैगरी यहाँ रहेका विभिन्न तालहरूमा पनि डुंगा रेस, र अन्य मनोरन्जनात्मक खेलहरू संचालन गर्न सकिन्छ ।

### ३.६.८ मनोरञ्जन पार्क तथा वनभोज स्थलहरू

भौतिकवादी र व्यस्त जीवनशैली भएको वर्तमान आधुनिक समाजमा शहरी क्षेत्र तथा शहर उन्मुख बस्तीहरूको नजिक प्राकृतिक वातावरण सहितका खुल्ला स्थान र पार्कहरू अपरिहार्य मानिन्छन् । शहर बजारको भिडभाड, कोलाहल, धुलो र धुँवाबाट टाढा शान्त र एकान्त

स्थानहरूमा पार्कहरूको धेरै महत्त्व हुन्छ । यस्ता खुल्ला, शान्त र एकान्त स्थान तथा पार्कहरूले शहरी जीवनलाई छोटो समयका लागि भए पनि मानसिक स्फूर्ति र रमाइलो अनुभूती गराउन मद्दत पुऱ्याउँछन् । यस्ता खुल्ला स्थानहरू स्वच्छ र ताजा हावा खान तथा एकान्तमा टहलिन मात्रै नभई ठुला प्राकृतिक विपद्को समयमा विपद् व्यवस्थापनका लागि समेत उत्तिकै महत्त्वपूर्ण हुन्छन् । उदाहरणको लागि २०७२ बैशाख १२ गतेको गोरखा भूकम्पका बेला काठमाडौंमा रहेका सिमित पार्कहरूले भूकम्प पिडितहरूको लागि ठुलो आश्रय प्रदान गरेको थियो । लुम्बिनी साँस्कृतिक नगरपालिकाको विभिन्न वडामा मनोरन्जनात्मक पार्क तथा पिकनिक स्थल निर्माणका लागि सम्भावित ठाउँहरू रहेका छन् ।आमा वन वाटिका, ग्लोबल पिस पार्क, पुर्निहावा ताल, करबला ताल आदि पार्क तथा पिकनिक स्थल निर्माणका लागि सम्भावित ठाउँहरू हुन् ।

यहाँ पार्क निर्माण गर्नको लागी निम्नानुसारका संरचनाहरूको विकास गर्नु पर्ने देखिन्छ ।

- पार्कको लागि उपयुक्त जमिनको छनोट गर्ने ।
- खानेपानी र सार्वजनिक शौचालयको व्यवस्था ।
- वनभोजका लागि क्षेत्र छुट्याई आवश्यक पुर्वाधारहरू बनाउने ।
- सुविधायुक्त दूरवीन सहितको दृश्यावलोकन केन्द्र बनाउने ।
- स्थानीय सँस्कृति झल्कने रेष्टुरेन्ट र सुविधायुक्त कटेजहरू बनाउने ।
- नदी किनारको खाली भागमा वृक्षारोपण गर्ने ।
- बालबालिका पार्क तथा मनोरन्जन स्थलको व्यवस्था गर्ने ।
- आमा वन वाटिकालाई पूर्वाधार निर्माण गरि पार्कको रूपमा विकास गर्ने ।
- पार्कको वरिपरी वृक्षारोपण गर्ने ।
- पार्कमा आउने आगन्तुककहरूका लागि अत्यावश्यक पानी, चिया, नास्ता, बिस्कुट र अन्य तैयारी खाना तथा फास्टफुडका स्टलहरू सञ्चालन गर्ने ।
- पार्कमा आउने आगन्तुककहरूका लागि डुङ्गा सयरको व्यवस्था मिलाउने ।
- मनोरञ्जनका लागि साना खालका डुङ्गाहरू सञ्चालन गर्ने ।
- पोखरी, खोला वरिपरि भएका स्थानहरूमा वारि पारि गर्नका लागि स्थानीय सीप र साधन प्रयोग गरी मानिसहरू आवागमन गर्न पुल निर्माण गर्ने ।
- बौद्ध सँस्कृति झल्कने विश्रामस्थलहरू निर्माण गर्ने ।
- बालबालिकाहरूको लागि खेल सामाग्रीको निर्माण गर्ने ।
- बालबालिकाहरूलाई सम्भावित दुर्घटनाबाट जोगाउन रेलिङ् निर्माण गर्ने ।
- ताल किनारका पार्कहरूमा निम्नानुसारका संरचनाहरूको विकास गर्नु पर्ने देखिन्छ ।

- ताल क्षेत्र अतिक्रमण हुनबाट जोगाउन ताल क्षेत्र निश्चित गरी छेकवार जाली निर्माण गर्ने ।
- तालसम्म पुग्ने पहुँच मार्गको स्तरोन्नति गर्ने ।
- ताल वरपर वृक्षारोपण गरी हरियाली वातावरण निर्माण गर्ने ।
- तालको वरपर हिंड्नको लागि पैदल मार्ग बनाउने ।
- पानीको सतह निश्चित गर्ने ।
- ताल क्षेत्रलाई बहुउद्देश्यिय पर्या पार्कको रूपमा विकास गर्ने ।
- मनोरन्जनको लागि तालमा परम्परागत डुङ्गाहरू सञ्चालन गर्ने ।
- ताल संरक्षणको लागि स्थानीय सिप र सामग्रीहरूको मात्र प्रयोग गर्ने ।
- वनभोज तथा पिकनिकको लागि टहराहरूको निर्माण गर्ने ।
- परम्परागत मौलिक खाजा तथा खानाको स्टलहरू स्थापना गर्ने ।
- आय आर्जनको लागि माछा पालन व्यवसाय गर्ने ।
- खानेपानी तथा शौचालयको व्यवस्था गर्ने ।

### ३.६.९ साँस्कृतिक पर्यटन

साँस्कृतिक पर्यटनको उद्देश्य कुनै एक देश, क्षेत्र वा जातजातिको सँस्कृतिसँग जोडिएको हुन्छ। विशेष गरी उक्त भौगोलिक क्षेत्रमा बसोवास गर्ने मानिसको जीवनशैली, इतिहास, कला, वास्तुकला, धर्म, र अन्य तत्वहरू जसले उनीहरूको विशेष जीवनशैलीलाई आकार दिएको हुन्छ त्यस्ता पक्षहरूको रुची राख्ने र अन्तरकृया गर्नेहरू पर्यटकको रूपमा भित्रिन्छन् भने यो पक्षहरूसँग सम्बन्धित पर्यटकीय क्रियाकलापहरूलाई साँस्कृतिक पर्यटन भनिन्छ । साँस्कृतिक पर्यटनलाई पर्यटनको मुलको रूपमा पनि लिइएको पाईन्छ । विश्व पर्यटन संगठनका अनुसार साँस्कृतिक पर्यटनले विश्व पर्यटन बजारको सबैभन्दा ठुलो हिस्सा ओगट्ने गरेको छ । मुसलमान, यादव, लोध, मगर, ब्राम्हण, क्षेत्री, थारु/चौधरी, कामी, गुरुङ्ग,दमाइ, नेवार, लोध, चाई, चमार, श्रीवास्तव, कुर्मी, बढई, धोवि, कहार, कोहँर, भर, नाउ आदि जातिका मानिसहरूको बसोवास रहेको यो नगरपालिकामा हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको छ भने यसबाहेक इस्लाम, बौद्ध, र क्रिस्चियन लगायत अन्य धर्म मान्ने मानिसहरू पनि छन् ।

यहाँ जातजाती अनुसारका विविध किसिमका सँस्कृति तथा परम्पराहरू देख्न सकिन्छ । जातियतामा विविधता सँगै धर्म र सँस्कृतिमा पनि विविधता रहेको पाइन्छ । यहाँको लोकप्रिय सँस्कृति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, प्रर्वद्धन गर्दै साँस्कृतिक ग्रामको रूपमा विकास गर्न सके साँस्कृतिक पर्यटनको समेत व्यापक सम्भावना रहेको छ । यहाँ दशै, दिपावली, छठ, इद,

बकर इद, होली, माघी, तीज, गाईजात्रा, शिवरात्री, गौरा, लोसार, बुद्धजयन्ती, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, मोहरम, क्रिसमस जस्ता विभिन्न चाड पर्व , आजमाको पूर्णिमा नुहाउने मेला कर्तिक पूर्णिमा एवं साँस्कृतिक उत्सवहरू मनाइने गरिन्छ । नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच, पचरा नाच, झाँकी प्रर्दशनी, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत आदि जस्ता स्थानीय लोकगाथाहरूले यहाँको परिवेशलाई जैविक तुल्याएका छन् भने वाद्यवादन तथा बाजाहरूमा ब्रमदेव नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी बेण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झाँज, डफला, बाँसुरी विशेष समयर अवसरहरूमा बजाइन्छ । सोहर, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता स्थानीय लोक गीत यहाँको लोकगाथाहरू हुन् । डिकटी, घोङ्गी सेवई, बाखाको मासु, खिंचडी, पुडी, मिठाई जस्ता विषेश नगरवासीको खानपानमा पर्दछन । यहाँका बासिन्दाको भेषभुसामा कुर्ता पाइजामा, कमिज सुरुवाल, बुर्का, थारु भेष, लुङ्गी, कुर्ता सलवार, सारी ब्लाउज, चिवर (गेरु वस्त्र), आचला (सेतो धोती) हरू पर्दछ । डिक्री, घोङ्गी, सेभई, खसीको मासु, खिंचडी, पुडी, मिठाई जस्ता परिकारहरू नगरवासीको विषेश खानपानमा पर्दछन् । यो नगरपालिकामा विभिन्न धार्मिक, साँस्कृतिक, संग्रहालय एवं ऐतिहासिक स्थलहरू - जस्तै राम जानकी मन्दिर, निपनिया धर्मशाला, थारु संग्रहालय आदि जोडेर साँस्कृतिक पर्यटनको विस्तार गर्ने प्रचुर सम्भावना रहेको छ ।

### रुमिन्देही माइ मेला

गौतम बुद्धको जन्मस्थल लुम्बिनीको सबैभन्दा पुरानो र एतिहासीक मेलाको रूपमा संचालन हुदैं आएको रुमिन्देही माई मेला वैशाख पुर्णीमामा भव्यताका साथ मनाइने गर्दछ ।

### छठ मेला

छठ पर्व तराई वासीहरूको मुख्य पर्वका रूपमा मनाइन्छ। सुर्य भगवानको पुजा गरिने यो पर्व लुम्बिनी साँस्कृतिक नगरपालिकाको सबै वडाहरूमा मनाइन्छ । परम्परा अनुसार छठका दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्दै सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पुनः अर्घ दिई पूजा विसर्जन गरिन्छ ।



लकडीगढ छठ पुजा घाट वडा नं. ९

**माघी/खिचडी**

लुम्बिनीमा मनाइने अर्को महत्त्वपूर्ण चाड माघी/ खिचडी/माघे संक्रान्ति हो । यो पर्व मनाउने सबै समुदायका आफ्नै विशिष्ट तरिका छन् । विशेषगरी थारु समुदायमा माघी/ खिचडीको ठुलो महत्त्व रहेको छ । यो पर्वको अवसरमा थारु समुदायले विभिन्न कार्यक्रम आयोजना गर्ने गर्दछ । ढिकेरी, घोंगी, माछा जस्ता खानपान सहित थारु नाच नाच्ने गरिन्छ । यो पर्वका अवसरमा थारुहरूको सँस्कृति हेर्नका लागि पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ । त्यसैले यसको प्रचार प्रसार हुन पनि त्यतिकै जरुरी देखिन्छ ।

**रमजान/ इद/ बकर इद**

बहुधार्मिक, बहुसाँस्कृतिक नगरपालिका, लुम्बिनी साँस्कृतिक नगरपालिकामा मुसलमानहरूको पनि ठुलो संख्या रहेको छ । उनीहरूको आफ्नै रितिरिवाज र सँस्कृति रहेका छन् । रमजान, इद, बकर इद मुस्लिम समुदायको मुख्य चाड हुन् । यस चाडको अवसरमा विभिन्न प्रकारका मिठाइ तथा भोजन जस्तै सवै, गुजिया, बिरयानी आदि तयार गरिन्छ र एक आपसमा खुसि साटा साट गरि मनाइन्छ । साँस्कृतिक पर्यटकहरूका लागि यो अध्ययनको विषय पनि बन्न सक्छ।

### बिराहा र करावाहा नाच

बिराहा लुम्बिनी क्षेत्रमा तीन शताब्दीभन्दा लामो समयदेखि प्रचलित लोकगीत हो। यो लोकगीत मूडमा आधारित छ र आधारभूत विषयवस्तु परिवारका सदस्यहरू, विशेष गरी प्रेमी र प्रेमिकाको बिछोडले उत्पन्न हुने पिडाको वरिपरि घुमेको छ। लुम्बिनीका स्थानीयले बिराहा सँस्कृतिलाई शाक्यमुनि बुद्धको इतिहास र जीवनसँग जोडेका छन् । कलाकारहरूले राजकुमारी यशोधरासँग उनका पति राजकुमार सिद्धार्थ र राजा शुद्धोधनसँग आफ्नो प्यारो छोरा सिद्धार्थले मोक्षको खोजीमा त्याग गरेको बिछोडको दुःखद गीत पनि गाउँछन्। परम्परागत रूपमा, लुम्बिनी क्षेत्रका स्थानीयहरूले गाउँमा आयोजित प्रमुख अनुष्ठान र कार्यक्रमहरूमा बिरहा गाउँछन् र नाच्छन्। केही दशकयता बुद्ध बिराहा कल्चरल ग्रुप लुम्बिनीले शाक्यमुनि बुद्ध र मायादेवीको जीवनी र इतिहासमा बिरहा गाउँदै आएको छ । यस समूहले यस क्षेत्रका प्रमुख उत्सव, चाडपर्व र मेलाहरूमा बिरहा गीत र नृत्य प्रस्तुत गर्दछ। लुम्बिनीका होटलहरूले हालै महिलवार गाउँको सामुदायिक केन्द्रमा इच्छुक पर्यटकका लागि बिराहा साँस्कृतिक कार्यक्रम सञ्चालन गरेका छन्।

### थारु सङ्ग्रहालय

लुम्बिनी साँस्कृतिक नगरपालिकाको खुदाबगरमा थारु संग्राहलय निर्माण भएता पनि हाल संचालनमा छैन। यसलाई यथाशिघ्र संचालनमा ल्याउनका लागि आवश्यक कदम चाल्न जरुरी देखिन्छ।

साँस्कृतिक संग्रहालयको विकासका लागि गर्नुपर्ने प्रमुख कार्यहरू :

- संग्रहालय भवन परम्परागत सँस्कृति झल्कने शैलीमा निर्माण गर्ने ।
- संग्रहालय वरपरको वस्तिहरूमा पनि घरहरू निर्माण गर्दा परम्परागत शैलीमा निर्माण गर्न प्रोत्साहित गर्ने ।
- संग्रहालयमा आफ्नो सँस्कृति झल्किने परम्परागत पहिरन, गहना, भेषभूषा, रहनसहन, चाडबाड, आदि सँग सम्बन्धित वस्तु, कृषिमा प्रयोग हुने परम्परागत सामग्रीहरू राख्ने ।
- पर्यटकहरूले चिनोको रूपमा लैजाने स्थानीय परम्परा अनुसारका स्थानीय हस्तकलाका सामानहरू निर्माण गरी बिक्रि कक्ष स्थापना गर्ने ।
- साँस्कृतिक संग्रहालय वरपर स्थानीय उत्पादन र परिकारहरू बिक्रि गर्न प्रोत्साहित गर्ने ।
- बालबालिकाहरू खेल्नका लागि पार्कको व्यवस्था गर्ने ।
- स्वच्छ खानेपानी तथा शौचालयको व्यवस्था गर्ने ।
- सरसफाइको उचित व्यवस्था गर्ने ।
- स्थानीय कला सँस्कृति झल्कने होटल तथा रेस्टुरेन्टहरू निर्माण गर्ने ।

- सॉँस्कृतिक संग्रहालय वरपरको वस्तीमा होमस्टेको व्यवस्था गर्ने ।
- पहुँच मार्गको स्तरोन्नति गर्ने ।
- संग्रहालय वरपर स्थानीयहरूलाई परम्परागत पहिरन तथा भेषभूषा लगाउन प्रोत्साहित गर्ने ।
- थारु, मुस्लिम, केवट, धोबी, यादव आदि समुदायको बसोवास रहेको विभिन्न स्थानहरूलाई समेटेर सॉँस्कृतिक पदमार्ग स्थापना गर्न सकिने सम्भावना रहेको छ ।

### ३.६.१० दृष्याबलोकन तथा बर्ड वाचिंग केन्द्रहरू

यस नगरपालिकामा रहेका नदी, खोला, ताल, तलैया पोखरी लाइ सिमसार क्षेत्रका रूपमा प्रयोगमा ल्याउन सकिने प्रचुर सम्भावना रहेको छ । साथै यहाँ अवस्थित फलफुल बगैंचा र वाटिकाहरूको पनि दृश्यावलोकन गर्न सकिन्छ । निकै लामो दुरी तय गरेर धेरै ठाउबाट विभिन्न प्रजातिका पाहुना चरा चुरुंगीहरू यहाँको सिमसार क्षेत्रहरूमा आउने गर्दछन । विशेषगरी सारसका धेरै प्रजातिहरू यहाँ पाइन्छन ।यी स्थलहरूलाई बर्ड वाचिंग केन्द्रका रूपमा स्थापना गर्न सकेमा धेरै संख्यामा पर्यटकहरू भित्र्याउन सकिन्छ ।

### ३.६.११ पद यात्रा र साइक्लिंग

लुम्बिनी सॉँस्कृतिक नगरपालिका तराइको समथर भागमा रहेको हुनाले यहाँ पैदल यात्रा तथा साइक्लिंगको समेत प्रचुर मात्रामा सम्भावना रहेको छ । मुख्य लुम्बिनी परिसर एवं पालिका भित्रका अन्य पर्यटकीय स्थलहरू भ्रमण अवलोकन गर्नका लागी पैदल यात्रा एवं साइक्लिंगको पूर्ण मजा उठाउन सकिन्छ । यसका लागि मुख्य सडकहरूमा साइकल लेन निर्माण गर्नुका साथै पालिकाका विभिन्न गाउँ र पर्यटकीय स्थल सम्म पुग्ने साइकल ट्रेलको पनि निर्माण गर्नु पर्दछ । साइक्लिंग प्रवर्धनका लागि भाडामा साइकल उपलब्ध गराउने व्यवसाय (cycle rental service) को पनि संचालन गर्न जरुरी देखिन्छ ।

## ३.७ भौतिक पुर्वाधारको वर्तमान अवस्था

कुनै पनि स्थानको पर्यटन विकासमा त्यस क्षेत्रको पर्यटन पूर्वाधारहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ लुम्बिनी सॉँस्कृतिक नगरपालिका सन्दर्भमा पर्यटन विकासको चर्चा गर्दा पनि यस क्षेत्रको पुर्वाधारको अवस्था उल्लेख गर्नु जरुरी हुन्छ ।

पर्यटकहरूको लागि आधारभूत पुर्वाधार भएन भने पर्यटन विकास हुन गाह्रो पर्दछ । यो प्रतिवेदनको यस खण्डमा यस नगरपालिकामा रहेको भौतिक पूर्वाधारको हालको अवस्थाको बारेमा छोटो चर्चा गरिएको छ ।

### ३.७.१ सडक

पर्यटन विकासको मुख्य आधार मध्ये सडक महत्त्वपूर्ण र अति आवश्यक पुर्वाधार हो । सडकको पहूँच बिना पर्यटन विकास सहज हुदैन । भैरहवा र कपिलवस्तुको सदरमुकाम तौलिहवा जोडने सडकको लुम्बिनीबाट २२ कि.मी सडक दुरीमा अवस्थित यस नगरपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा स्थिती सन्तोषजनक रहेको छ । यस नगरपालिका भित्रका सबै वडाहरूमा सडक संजाल पुगेको छ । नगरपालिकाको भौतिक पूर्वाधारको क्षेत्रमा मुख्य गरी लुम्बिनी तौलिहवा लोकमार्ग, हुलाकी लोकमार्ग र अन्य सहायक मार्गहरू रहेका छन् । नगरपालिका भित्रका अधिकांश मुख्य सडकहरू कालोपत्रे छन् भने भित्री सडकहरू विस्तार तथा स्तरोन्नती तीव्र रूपमा भइरहेको छ । नगरपालिका भित्रका सहायक सडकहरू कच्चि अवस्थामा रहेका हुनाले यस्ता सडकहरूमा बर्षातमा हिलो र खाल्डाखुल्डि बढ्ने हुँदा तथा हिउँदमा धुलो हुने हुँदा आवागमनमा नै अवरुद्ध हुने समस्याहरू देखिएका कारण यस्ता भित्री सडकहरू पनि धमाधम ग्राभेल तथा स्तरोन्नतीका काम भइरहेका छन् ।

### ३.७.२ बैक तथा वित्तिय संस्था

बैकिङको अबस्था हेर्दा यस क्षेत्रमा हाल समान्य नै देखिन्छ । बैङ्किङ कारोबार चलायमान हुन स्थानीय स्तरमा व्यापक रूपमा पूँजीप्रवाह भैरहने वातावरण हुनुपर्दछ । हाल यहाँ यस नगरपालिकामा विभिन्न सहकारी, बैङ्क तथा वित्तीय संस्थाहरूले सेवा दिइरहेका छन् । नगरपालिकामा ग्लोबल आई.एम.इ बैङ्क , प्रभु बैङ्क, एन.आइ.सि एसिया, सिद्धार्थ बैङ्क, एभरेस्ट बैङ्क, एन. सि. सि, कृषि विकास बैङ्क, साधना लघु वित्त, मेरो माइक्रो फाइनान्स, उत्थान लघुवित्त, सबैको लघुवित्त, आई. एम. ई तथा थुप्रै वचत तथा ऋण सहकारी संस्थाहरू रहेका छन् ।कुनैपनि स्थानको अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससंगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ । हाल नगरबासिमा बैङ्क खाता खोल्ने र बैंकिंग कारोबार गर्ने प्रविर्ती बढ्दो क्रममा रहेको छ । यसको विस्तारका लागि नगरपालिका एवं बैंक तथा वित्तीय संघ संस्थाहरूले विभिन्न किसिमले वित्तीय साक्षरता कार्यक्रम अघि बढाइरहेका छन् । यसले सबै नागरिकको वित्तिय पहुँच विस्तार हुने देखिन्छ ।

### ३.७.३ विद्युत

यस नगरपालिकाको सबै वडाहरूमा विद्युत लाइन विस्तार भएको भएता पनि कतिपय स्थानहरूमा बिजुली बत्तिको सुविधा पुगेको छैन । यस नगरपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ५८.३२ प्रतिशत रहेको छ। माथिको तथ्याङ्कलाई हेर्दा नगरपालिकामा

विद्युतीकरणको अवस्था सन्तोषजनक नै रहेको छ तथापी व्यवसाय संचालन तथा औद्योगिकरणका लागि आवश्यक क्षमताको विद्युत् लाइन जडान हुनसकेको छैन । नगरपालिकाका सबै वडाका धेरैजसो वस्तिहरूमा विद्युत जडान तथा ट्रान्सफर्महरूको जडान गरीएको छ ।

त्यसैगरी घरायसी प्रयोजनका लागि प्रयोग हुने विद्युतमा समेत low voltage का कारण समस्या आउने गरेको पाइन्छ । तसर्थ नगरपालिकामा विद्युत् प्रसारण लाइनमा सुधार गर्नुपर्ने साथै low voltage हुने स्थानहरूमा ट्रान्सफर्मरको स्तरोन्नती तथा नयाँ ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ । विद्युत सेवा सुधार तथा विस्तारका साथसाथै वैकल्पिक र नवीकरणीय ऊर्जा प्रवर्धनका लागि समेत ठोस कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने देखिन्छ

### ३.७.४ पदमार्ग

पर्यटन विकासकै लागि पर्यटकहरूलाई मध्य नजर गर्दै बनाईएको पदमार्ग यस नगरपालिकामा छैनन् । जैविक इन्जिनियरिङ प्रविधि प्रयोग गरी त्यस्ता पदमार्गहरू विकास गर्नु आवश्यक छ।

### ३.७.५ हवाई मार्ग

लुम्बिनी क्षेत्रमा हेलिप्याडको सुबिधा भए पनि विमानस्थल भने निर्माण गरिएको छैन । तर भैरहवाको गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल, लुम्बिनीबाट केवल २० कि.मि. को दुरीमा रहेको छ । त्यसैले राष्ट्रिय एवं अन्तराष्ट्रिय पर्यटकहरूलाइ लुम्बिनी आउनको लागि निकै सहज र सुबिधायुक्त छ ।

### ३.७.६ संचार

यस नगरपालिकाको अधिकांश स्थानमा संचार सुविधा रहेको छ । प्राय सबै स्थानहरूमा नेपाल टेलिकम र एनसेलको मोबाइल फोनको सुबिधा रहेको छ । नगरपालिकाका विभिन्न वडाहरूमा मोबाइल टावरहरू भएकाले network coverage को हिसाबले स्थिति सन्तोषजनक नै भएतापनि गुणस्तर सुधार गर्नु जरुरी छ । मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदानप्रदानमा एक प्रकारको क्रान्ति नै भएकोले यो नगरपालिकामा इन्टरनेट प्रविधिको पहुच पुगेको देखिन्छ। वडा नं. ३, १० र ९ मा तारसहितको टेलिफोनको सुविधा छ । यस नगरपालिकामा विभिन्न राष्ट्रिय दैनिक पत्रिका जस्तै गोरखापत्र, कान्तिपुर आदिको सहजै आपूर्ति भएतापनि स्थानीयहरू सूचनाको पहुँचबाट टाढै रहेका छन् । आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस नगरपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता छ ।

### ३.७.७ स्वच्छ खानेपानी र सरसफाई

यस नगरपालिकामा रहेका करिब १०६५१ घरधुरी मध्ये ९७.५७ प्रतिशत परिवारले पिउने पानीको मुख्य स्रोतको रूपमा टयुबवेल/हातेपम्प प्रयोग गरेको देखिन्छ भने इनारको पानीको प्रयोग गर्ने घरधुरी १.९१ प्रतिशत र ०.५२ प्रतिशत परिवारले पाइपधारा प्रयोग गरेको पाइन्छ। नगरपालिकामा उपलब्ध पिउने पानीको स्रोत मध्ये ०.७८ प्रतिशत मात्र पूर्णरूपले पिउन सुरक्षित रहेको पाइन्छ भने बाँकी स्रोतमा धमिलो फोहोर मिसिएको, गन्ध आउने, आइरनयुक्त, आर्सेनिक युक्त हुनाले पिउनका लागि पूर्ण रूपले सुरक्षित नरहेको पाइन्छ । साथै नगरपालिकाका अधिकांश घरपरिवारले पिउने पानीलाई कुनै शुद्धीकरण नगरी सिधैं पिउने गरेको देखिन्छ जुन जनस्वास्थ्यको दृष्टिकोणले जोखिमपूर्ण हो ।

सफा सुन्दर र स्वच्छ नगर सभ्यताको प्रमुख परिचायक हो । त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । शहरीकरणको सघनतामा वृद्धि भइरहेकाले नगरपालिकामा फोहोरमैलाको उत्सर्जन बढ्दो क्रममा रहेको र फोहोर व्यवस्थापन मुख्य चुनौतीका रूपमा रहेको छ। गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ३.७.८ सुरक्षा र सावधानी

शान्ति सुरक्षाको लागि नेपाल प्रहरीका इकाईहरू केही ठाउँमा रहेका छन् । यसर्थ नगरपालिकाले नगरमा शान्ति सुरक्षा कायम गर्न प्रत्येक वडामा प्रहरी चौकीहरूको प्रबन्ध गर्नुपर्ने र आवश्यक सङ्ख्यामा दरबन्दी कायम गरी शान्ति सुव्यवस्था कायम गर्नु आवश्यक छ । यसका साथै समयमै नगरपालिका प्रहरीको गठन गरी शान्ति सूरक्षा तथा अमनचयन सुनिश्चित गर्नु आवश्यक छ । नगरपालिकामा शान्ति सुव्यवस्था कायम गर्न वडा नं. ३ मा शसस्त्र बेस क्याम्प, वडा नं. ११ मा महादेवा शसस्त्र प्रहरी क्याम्प, वडा नं.१२ मा प्रहरी चौकी, वडा नं. १३ मा प्रहरी चौकी, बयर घाट शसस्त्र प्रहरी चौकी रहेको छ । प्रत्येक वडामा शान्ति सुरक्षा र अमनचैन कायम गर्न प्रहरी चौकी सहित सुरक्षा निकायहरूलाई विस्तार गर्नुपर्ने देखिन्छ ।

### ३.७.९ पर्यटन सूचना

पर्यटकहरूलाई जानकारी दिने र पर्यटक आगमनको तथ्यांक राख्ने नगरपालिकास्तरीय कुनै पनि पर्यटक सुचना केन्द्रहरूको व्यवस्था रहेको छैन । पालिकाका विभिन्न ठाउँहरूमा पर्यटक सूचना केन्द्रहरूको स्थापना गरि आवश्यक सूचना प्रवाहलाइ चुस्त दुरुस्त बनाउन जरुरी छ ।

### ३.७.१० हस्तकला चिनो पसल तथा बिक्री केन्द्र

यस नगरपालिका अन्तर्गतको मुख्य बजार क्षेत्र महिलवारमा हस्तकला चिनो पसलहरू उपलब्ध छन् । स्थानीय मौलिक उत्पादन जसले यो क्षेत्रको ठोस परिचय दिन्छ, त्यसप्रकारको उत्पादन व्यवसायीक र व्यवस्थित छैन भने विशेष बिक्री केन्द्रको समेत स्थापना गर्नुपर्ने देखिन्छ ।

### ३.७.११ संग्रहालय तथा साँस्कृतिक केन्द्र

बहुल जाति तथा बहुधार्मिक बसोबास गर्ने यस नगरपालिकामा थारु साँस्कृतिक संग्रहालय निर्माण गरिएको छ। विभिन्न जात जाति रहेका यस नगरपालिकामा यस्ता केन्द्रहरूले पर्यटन विकासमा टेवा पुर्याउने सम्भावना छ ।

### ३.७.१२ मानव संशाधन

पर्यटन विकासका सहयोगी मानव स्रोतहरू हुन् । तर हाल सम्म गाइड तथा अन्य पर्यटकहरूलाई आवश्यक पर्ने मानव संशाधनको यकिन तथ्यांक नरहेको देखिन्छ । अर्कोतर्फ त्यस प्रकारको मानव संसाधन उत्पादन गर्ने तालिमको व्यवस्था गरिएको छैन । पर्यटन व्यवसायलाई प्रवर्धन गर्नका लागि यस पालिकाका हरेक वडाबाट दक्ष जनशक्ति उत्पादनका लागि पर्यटन सम्बन्धी तालिम तथा अभिमुखीकरण गर्नु उत्तिकै जरुरी रहेको छ ।

## ३.८ बसोबासको सुविधा

(क) होटल, लज, गेष्ट हाउस र रिसोर्ट : यस नगरपालिकाका मुख्य बजारह महिलवार र पर्सामा थुप्रै सुबिधासम्पन्न होटल तथा गेस्ट हाउसहरू संचालनमा रहेका छन् । साना मझौला र ठुला सबै प्रकारका होटल तथा रिसोर्टहरू यहाँ निर्माण भएका छन् । यी मुख्य बजारहरूमा बाहेक पालिकाको अन्य वडाहरूमा बास सहितका होटलहरू संचालनमा छैनन् ।

(ख) क्याम्पिङ साइट : यस क्षेत्रमा पर्यटन क्याम्पिङ साइट निर्माण गरेको पाइएन । नदी किनार आसपासमा यस्ता क्याम्प साइटहरू संचालन हुन सक्ने सम्भावना प्रशस्तै रहेको छ ।

(ग) होम स्टे, घरबास : यस क्षेत्रको पर्यटन विकासमा घरबास ले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ तर यहाँ होम स्टेको संचालन हुन सकेको छैन । दीर्घकालीन योजना निर्माण गरी घरबास कार्यक्रम संचालन गर्न सकिने सम्भावना प्रचुर मात्रामा रहेको देखिन्छ ।

## ३.९ पर्यटन प्रवर्धनको लागि हालसम्म भएका प्रयासहरू

लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन विकासका लागि हालसम्म निम्नानुसारका कार्यक्रमहरू सञ्चालन भएका छन् :

१. लुम्बिनीको इतिहास र पहिचान सँग जोडिएको सबैभन्दा पुरानो रुमेन्देहि माइ मेला आयोजना हुने गरेको
२. हरेक वर्ष पर्सा चोकमा खाना महोत्सव आयोजना हुने गरेको
३. महिलवार बजार क्षेत्रमा नया वर्षमा होटल एसोसियसन लुम्बिनीको पहलमा खाना महोत्सव (Food Festivals) सुरुवात भएको
४. पर्यटकहरूको सेवा सुविधाका लागि उच्च स्तरीय होटल तथा रिसोर्ट निर्माण भएका
५. पर्यटकहरूको सहज यात्रा लाइ मध्यनजर गरेर काठमाडौं लुम्बिनी बस सेवा संचालन भएको
६. छठ पर्वको बेला विभिन्न स्थानका नदी किनारमा मेला लाग्ने गरेको
७. नवरात्रीका अवसरमा विभिन्न स्थानहरूमा पूजाआजा हुने गरेको
८. शिवरात्रीमा प्राचिन शिव मन्दिर एवं अन्य मन्दिरहरूमा मेला लाग्ने गरेको

### ३.९.१ पर्यटन प्रवर्धनका लागि हुने गरेका प्रवर्धनात्मक कार्यक्रमहरू

लुम्बिनी क्षेत्रमा पर्यटन प्रवर्धन गर्ने हेतुले समय समयमा भिभिन्न प्रवर्धनात्मक कार्यक्रमहरू आयोजना गर्ने गरिएको छ । जस मध्ये फुड फेस्टिभल, माघी महोत्सव, क्रिकेट टुर्नामेन्ट प्रमुख हुन् ।

**लुम्बिनी साँस्कृतिक तथा सडक खाना महोत्सव**

सन् २०१४ सालबाट हरेक वर्ष डिसेम्बर ३१ गते सञ्चालन हुने लुम्बिनी साँस्कृतिक तथा सडक खाना महोत्सवको आयोजक लुम्बिनी होटल तथा रेस्टुरेन्ट एसोसियन हो । लगातार ९ पटक सम्म सफलता पूर्वक यो लुम्बिनी फुड फेस्टिभल सम्पन्न भएको छ । समग्र लुम्बिनी क्षेत्रको आर्थिक तथा सामाजिक विकासका लागि पर्यटन, होटल व्यवसाय, कृषि, व्यापार तथा सँस्कृति प्रवर्धनमा टेवा पुऱ्याउने र पर्यटनमार्फत बाह्य लगानी भित्र्याउने उद्देश्यका साथ यो फेस्टिभल आयोजना गरिन्छ । यस फेस्टिभल मार्फत स्थानीय स्तरमा पाइने प्राङ्गारिक खाने कुराको प्रवर्धन, स्थानीय पर्यटकीय स्थानको प्रचार प्रसार, स्थानीय घरेलु उत्पादनमा वृद्धि, व्यापार व्यवसायमा वृद्धि हुनुका साथै आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा वृद्धि हुने गरेको पाइएको छ । फेष्टिभलमा स्थानीय जातीय खानेकुराको प्रदर्शनी, प्राङ्गारीक तरकारी प्रदर्शनी, हस्तकला, कृषि र घरेलु उत्पादनको प्रदर्शनी, मौलिक परम्परागत साँस्कृतिक तथा स्थानीय र राष्ट्रिय कलाकारका प्रस्तुतीहरू आकर्षणको रूपमा पाइन्छ । फेष्टिभलले लुकेर रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा प्राकृतिक पर्यटकीय स्थलहरूको प्रचार प्रसार गर्न पनि उल्लेख्य सहयोग पुऱ्याएको देखिन्छ ।

नवौं संस्करणको फुड फेष्टिभल भर्खरै ३१ डिसेम्बर २०२२ मा सम्पन्न भयो । उक्त महोत्सवमा करिब ५० हजार पर्यटक आइपुगेकोमा आन्तरिक एवं बाहिय पर्यटकहरू विशेषगरी छिमेकी देश भारतका विहार र उत्तर प्रदेशका थिए । उक्त फेष्टिभलमा करिब ५० देखि ६० लाख बराबरको व्यापार भएको थियो । महोत्सवको समयमा एकै दिन सँयौंको संख्यामा गाडीहरू, लुम्बिनी पुग्ने गरेकाले सवारी साधन पार्किङ्गस्थल प्रमुख चुनौतीको रूपमा रहेको छ । पर्याप्त पार्किङ्गस्थल अभावमा सडक किनारमा नै गाडीहरू पार्किङ्ग गर्ने व्यवस्था मिलाउने गरिएको छ जसले गर्दा आवागमनमा अवरोध पुग्ने गरेको स्थानीय व्यवसायीहरूको भनाइ रहेको छ ।

**माघी महोत्सव**

थारु समुदायको बसोबास रहेका गाउँहरूमा फरक किसिमले माघी मनाउने गरिन्छ । साँस्कृतिक पर्यटन प्रवर्धन गर्ने हेतुले माघे संक्रान्ति पर्वको अवसरमा माघी महोत्सव आयोजना गर्न थालनी गरिएको छ । लुम्बिनी साँस्कृतिक नगरपालिकाले आयोजना गरेको महोत्सवमा थारु सँस्कृति सँग जोडिएको खाना, नाच, बाजा प्रस्तुत गरिन्छ। महोत्सवमा मौलिक परिकार र साँस्कृतिक कार्यक्रम समावेश गरिनुकासाथै विभिन्न खेलकुद प्रतियोगिताहरू पनि सञ्चालन गरिन्छ। आगामी वर्षहरूमा पनि यस्ता किसिमका कार्यक्रमहरूलाई निरन्तरता दिनसके यस क्षेत्रमा पर्यटकहरूको आकर्षण थप बढ्ने देखिन्छ ।

### ३.९.२ पर्यटन क्षेत्रमा काम गरेका संस्थाहरू

लुम्बिनी क्षेत्रमा पार्टन विकासका लागि केहि संघ संस्थाहरूले आफ्नो तर्फबाट निरन्तर काम गर्दै आइरहेका छन् । लुम्बिनी होटल तथा रेस्टुरेन्ट एसोसिएसन (LHRA), लुम्बिनी टुरिजम एसोसिएसन (LTA), नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस् (NATTA) र अन्य संस्थाहरूले लुम्बिनीमा पर्यटन सम्बन्धी कार्यहरू गर्दै आइरहेका छन् । यद्धपि यी संघ संस्थाहरूको उपस्थिति लुम्बिनी विकास क्षेत्र बाहेक नगरपालिकाको अन्य क्षेत्रहरूमा खासै देखिदैन । लुम्बिनी होटल तथा रेस्टुरेन्ट एसोसिएसनले स्थापना कालदेखि नै विविध पर्यटकीय गतिविधि र क्रियाकलापहरू गर्दै आएको छ । यसले वर्षेनी लुम्बिनी साँस्कृतिक तथा सडक खाना महोत्सव आयोजना गर्ने गर्दछ । भर्खर मात्रै लुम्बिनी साँस्कृतिक तथा सडक खाना महोत्सवको नवौं संस्करण विभिन्न कार्यक्रम गरि सफलतापुर्वक सम्पन्न भयो । होटल एसोसिएसनको उपस्थिति भएता पनि हालसम्म होटलहरूको वर्गीकरण राम्रो सँग हुन नसकेको र अधिकांश होटल भित्रका संरचना तथा सरसफाईको अवस्था व्यवस्थित हुन सकेको छैन, जसलाई आगामी दिनहरूमा व्यवस्थित र सुधार गर्दै लैजानुपर्ने देखिन्छ ।

यस क्षेत्रको पर्यटनमा सहयोगी सस्थाहरू निम्न रहेका छन् :

| क.सं. | संघ/ संस्था | उदेश्य |
|---|---|---|
| १ | लुम्बिनी होटल तथा रेस्टुरेन्ट एसोसिएसन | होटल व्यवस्थापन तथा पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम संचालन |
| २ | लुम्बिनी टुरिजम एसोसिएसन | पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम संचालन |
| ३ | नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस् | भ्रमण व्यवस्थापन एवं प्याकेज संचालन |
| ४ | ग्रीन युथ अफ लुम्बिनी | प्रचार प्रसार प्राविधिक तथा भोल्युन्टर सहयोग |
| ५ | लुम्बिनी लिड्स | प्रचार प्रसार प्राविधिक तथा भोल्युन्टर सहयोग |
| ६ | लुम्बिनी नव युवा क्लब | प्रचार प्रसार प्राविधिक तथा भोल्युन्टर सहयोग |
| ७ | लुम्बिनी सामाजिक युवा समिति | प्रचार प्रसार प्राविधिक तथा भोल्युन्टर सहयोग |

# अध्याय –४ : पर्यटन विकास योजना तथा कार्यक्रमहरू

## ४.१ पर्यटन विकास गुरुयोजनाको लक्ष्य, उद्देश्य तथा रणनीति

पर्यटन विकास गुरुयोजना भन्नाले नगरपालिकाको भौगोलिक अवस्थिति, प्राकृतिक सम्पदा तथा सुन्दरता, सामाजिक, साँस्कृतिक, धार्मिक, ऐतिहासिक पुरातात्त्विक आदि पक्षहरूको पर्याप्तता तथा उपयुक्तताको आधारमा दिगो रूपमा सञ्चालन गर्न सकिने पर्यटकीय गतिविधिलाई लक्षित गरी तयार/सिफारिश गरिएको योजना हो । योजनाले आफ्नो लक्ष्य र उद्देश्य प्राप्तिका लागी आवश्यक रणनीति पनि तय गरेको हुन्छ । यसका लागी स्थानीय जनसहभागिता र उत्पादनलाई प्रमुख आधार बनाइएको छ किनभने आयातित वस्तु र सेवा तथा प्रविधिका साथै लगानीकर्ता समेत वाहिरबाट ल्याउँदा पर्यटनबाट हुने फाईदा पनि बाहिरिने हुन्छ । तसर्थ स्थानीय उत्पादनमा आधारित भई, स्थानीय व्यक्तिहरूबाटै नगरमा पर्यटकीय गतिविधि सञ्चालन गरिनु पर्दछ भन्ने मान्यताका आधारमा यो योजना तयार गरिएको छ

### योजनाको सोच

- "दिगो पर्यटन विकास लुम्बिनी साँस्कृतिक नगरपालिकाको सम्बृद्धिको आधार"

### योजनाको लक्ष्य

यस पर्यटन गुरुयोजनाले लुम्बिनी साँस्कृतिक नगरपालिकाका पर्यटन विकासका लागि निम्न लक्ष्य तय गरेको छ ।

- पर्यटनको विकास मार्फत् स्थानीय बासिन्दाहरूको रोजगारी र आय आर्जनमा वृद्धि गरी उनीहरूको वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक पक्षहरूको सन्तुलित र दिगो विकास गर्ने ।
- विविध पर्यटकीय गतिविधिहरू वृद्धि गरी लुम्बिनी साँस्कृतिक नगरपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ग्रागिण पर्यटनको अध्ययन अनुसन्धान तथा घुमफिरको लागि नमुना नगरपालिकाको रूपमा विकास गर्ने ।

### योजनाका उद्देश्यहरू

पर्यटन विकास गुरुयोजनाले यस नगरपालिकाको पर्यटन अन्तर्गत धार्मिक, साँस्कृतिक, सामाजिक तथा आर्थिक एवं अन्य सम्वन्धित क्षेत्रको व्यवस्थापन र विकासमा सहयोग पुऱ्याउने उद्देश्य लिएको छ । नगरपालिकाको समग्र विकासलाई समेत ध्यानमा राखी यो गुरुयोजनाको निर्माण गरिएको छ जसका निम्न उद्देश्यहरू रहेका छन् :

- नगरपालिकाको समग्र पर्यटन विकासको लागि व्यवस्थित कार्ययोजना निर्माण गरी कार्यान्वयनमा सहजता ल्याउने ।
- व्यवस्थित भौतिक तथा पर्यटकीय संरचना निर्माणमा जोड दिई जैविक विविधताको संरक्षण र दिगो विकासको मार्ग प्रशस्त गर्ने ।
- यस नगरपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलहरू तथा सम्भावित स्थलहरू समेतको पहिचान गरी, ती क्षेत्रहरूको प्रचारप्रसार, मर्मत सम्भार, निर्माण तथा अन्य पर्यटकीय पूर्वाधारहरूको समेत विकास गर्ने,
- स्थानीय सरकार, स्थानीय सरोकारवालाहरू, प्रदेश तथा संघीय सरकार लगायत सार्वजनिक र निजी साझेदारीको माध्यमद्वारा पर्यटनमा लगानी-मैत्री वातावरण तयार गर्ने,
- पर्यटन सम्बद्ध आर्थिक, वातावरणीय, सामाजिक, साँस्कृतिक एवं व्यवस्थापकीय पक्षहरूको व्यवस्थापनमा सहयोग गर्ने,
- पर्यटकीय सम्भाव्यताका क्षेत्रहरूको पहिचान गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने तथा आय आर्जनका उपायहरूको खोजी गर्ने,
- स्थानीय कला, सँस्कृति, भाषा, परम्परा र रीतिरिवाजहरूको संरक्षण, प्रवर्धन र विकासका साथै तिनीहरूको प्रचारप्रसार गरी स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुऱ्याउने।

## ४.२ मार्गदर्शक सिद्धान्तहरू

नगरपालिकामा रहेका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाहरूको संरक्षण तथा प्रवर्धन गर्दै दिगो पर्यटन विकास मार्फत स्थानीय जनसमुदायहरूको जीवनस्तरमा सुधार ल्याउन पर्यटन विकासको समग्र प्रक्रिया निम्नानुसारका बृहत सिद्धान्तहरूबाट निर्देशित भएको छ ।



## १. एकीकृत पर्यटन विकास तथा प्रबर्धन (Integrated Tourism Development and Promotion)

लुम्बिनी साँस्कृतिक नगरपालिकाको पर्यटन विकासको लागि रणनैतिक पर्यटन विकास (Strategic Tourism Plan) दृष्टिकोण अबलम्बन गरिने छ । हालसम्म यस नगरपालिका प्रवेश गर्ने पर्यटकहरूको मुख्य केन्द्रबिन्दु लुम्बिनी विकास क्षेत्र भित्र मात्र भएकोले पर्यटकको औसत बसाइ १-२ दिन मात्र हुने गरेको तथ्य देखिन्छ। बिशेष गरी यस क्षेत्रमा नजिकका पर्यटकहरू (रुपन्देही, कपिलवस्तु, नवलपरासी) दिउँसो आउने र बेलुकी फर्कने प्रचलन छ भने टाढाबाट आएका पर्यटकहरू कम्तिमा १ रात बस्ने गरेको तथ्यांक देखिन्छ । पर्यटकको आगमन संख्या मात्रै बढेर पर्यटन व्यवसाय फस्टाउन नसक्ने भएकोले बसाइ लम्ब्याउन आवश्यक पर्यटकीय पूर्वाधार निर्माण, नयाँ पर्यटकीय गतिविधि र गन्तब्यहरूको पहिचान तथा प्रवर्धन, नगरपालिकाभर रहेको विभिन्न प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाहरूको संरक्षण तथा प्रवर्धन गर्दै एकीकृत पर्यटन विकासको अवधारणा अबलम्बन गर्नु पर्दछ । लुम्बिनी घुम्न आउने पर्यटकहरूलाई आसपासका पर्यटकीय क्षेत्रमा घुमाउन सकिएमा मात्र पर्यटकको बसाइ लम्बाउन सकिने र यसले यस क्षेत्रको अर्थतन्त्रलाई थप चलायमान गराउन सक्छ । यसका लागि लुम्बिनी क्षेत्रलाई केन्द्रमा राखेर यस नगरपालिकाको पर्यटन विकासका कामहरू गरिनुपर्ने हुन्छ । त्यसै गरि स्थानीय समुदायको प्रत्यक्ष सहभागिता विना पर्यटन विकासका उद्देश्यहरू हासिल गर्न नसकिने हुदाँ पर्यटन विकास तथा प्रवर्धन योजनाको सुरुवाती चरणदेखि कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन सम्मका सबै प्रक्रियाहरूमा स्थानीयहरूको सक्रिय सहभागित सुनिश्चित गर्नु आवस्यक छ । साथै बसाइ लम्ब्याउन पर्यटन प्याकेजको विकास गरी त्यसको प्रचार प्रसार गर्न सकिन्छ । सोका लागि यस नगरपालिकामा प्रवेश गरेपछि गर्न सकिने गतिविधिहरूको पूर्ण विवरण सहितको जानकारी पर्यटनको पहुँचमा पुग्ने गरी व्यापक प्रचार प्रसार गर्ने ।

## २. सहकार्य तथा सहभागिता (Partnership and participation)

योजना निर्माण, निर्णय लिने तथा कार्यान्वयन तह सम्म स्थानीय बासिन्दाहरूको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नुका साथै व्यवस्थापन तथा समग्र पर्यटकीय क्रियाकलापहरू तथा गुणस्तरीय सेवा प्रवाहमा स्थानीय बासिन्दाहरूलाई जिम्मेवार गराइने छ । त्यसै गरि पर्यटन सँग सरोकार राख्ने लाइन एजेन्सीहरू, सरकारी तथा गैरसरकारी संस्थाहरू, स्थानीय पर्यटन विकास समिति लगायत सबै सरोकावालाहरू सँगको सहकार्यलाई उच्च महत्त्व दिई समग्र नगरपालिकालाई एक पर्यटकीय गन्तब्यको रूपमा विकास गरिनेछ ।

### ३. जनजीविका (Livelihoods)

स्थानिय बासिन्दाहरूको जीवनस्तरमा योगदान पुर्याउने खालको क्षमता विकास कार्यक्रमहरूलाई प्राथमिकता दिई योजना तर्जुमा गरिनु पर्दछ । यसरी योजना निर्माण गर्दा गरिवी तथा सामाजिक विभेद र अन्यायका कारणहरू खोतली न्यूनीकरणका उपायहरू पहिचान गरिने छ । त्यसैगरि मुख्यगरी पिछडीएका, न्युन आयस्तर भएका तथा जोखिमयुक्त समुदायहरूलाई पर्यटन विकासको केन्द्रमा राखी उनीहरूको जीवनस्तर सुधारलाई मूल मुद्दा बनाई योजना तर्जुमा गरिने छ । छोटकरीमा भन्नुपर्दा दिगो पर्यटन विकासको लागि स्थानीय जनसमुदायको प्रत्यक्ष सहभागिता प्रमुख कडी हो ।

### ३. दिगोपना (Sustainability)

दिगो पर्यटन विकास पर्यटन गुरुयोजनाको मूल मार्गनिर्देशक सिद्धान्त हो । तसर्थ दिगो पर्यटन विकासको लागि भविष्यमा बाह्य सहयोग बिना स्थानीय बासिन्दाहरूको क्षमताले ब्यबस्थापन गर्न सक्ने क्रियाकलापहरू मात्र गुरुयोजनामा समावेस गरिनुपर्छ । नेपालमा पर्यटनको मूल उद्देश्य दिगो पर्यटनको विकास मार्फत ग्रामिण क्षेत्रका बासिन्दाको जीवनस्तर उकास्ने रहेकोले पर्यटन विकासका लागि स्थानीय बासिन्दाहरूलाई आर्थिक तथा अन्य किसिमका लगानी गर्न प्रोत्साहन गर्नु पर्छ । यस प्रयासको मूल उद्देश्य भनेको पर्यटन विकासका हरेक क्रियाकलापहरूमा स्थानीय समुदायले अपनत्व महसुस गरुन भन्ने हो ।

## ४.३ योजनाका रणनीतिहरू

कुनैपनि योजना वा कार्यक्रमको सफल कार्यान्वयन गर्न के कस्ता उपाय अर्थात रणनिती अपनाईने हो भन्ने कुरा एकदमै महत्त्वपुर्ण हुन्छ । लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन गुरुयोजनामा सिफारिस गरिएका कार्यक्रमहरूको सफल कार्यान्वयनको लागि नगरपालिकाको भौगोलिक एवम् प्राकृतिक अवस्था, सामाजिक, साँस्कृतिक एवं धार्मिक परिवेश तथा छलफल र अन्तरक्रियामा सहभागीहरूबाट प्राप्त सुझाव समेतलाई विचार गरि गुरुयोजना कार्यान्वयनका लागी निम्नानुसारका रणनीतिहरू तयार गरिएको छ ।

- पर्यटनलाई नगरपालिकाको आर्थिक एवम् रोजगारीको एउटा सवल र स-शक्त माध्यमका रूपमा स्थापित गर्ने ।
- गरिबी न्युनिकरणमा ग्रामिण पर्यटन भन्ने सरकारको नीति अनुरूप विभिन्न पेशा, प्रविधि, सँस्कृति एवम् उत्पादनलाई केन्द्रविन्दुमा राखी न्युन आय आर्जन भएका समुदायलाई सहयोग मिल्ने खालका कार्यक्रम संचालन गर्ने ।

- पर्यटनलाई स्थानिय साधन, स्रोत र प्रविधीमा आधारित गराई स्थानिय स्तरमै स्वनिर्भर बनाउने ।
- नगरपालिकामा पर्यटनका क्षेत्रमा कार्यरत संघ, संस्था तथा सरोकारवाला निकायहरू बिच साझा संजाल स्थापना गरि सूचना आदान प्रदान गर्ने तथा सम्भाव्य पर्यटकीय सम्पदा, आर्कषण र गन्तव्यहरूको क्षेत्रगत प्रोफाईल तयार गर्ने ।
- पर्या-पर्यटनलाईलाई उच्च प्राथमिकता दिई पदमार्ग, दृश्यअवलोकन, स्थानीय प्राकृतिक उत्पादन तथा आर्गनिक फार्मिङ प्रणालीलाई जोड दिने।
- बजारीकरणलाई प्रभावकारी बनाउनका लागि प्रचार प्रसार सामग्रीहरू जस्तै होर्डिङ बोर्ड, ब्रोसर, पोष्टर, पम्पलेट, स्टिकर, सि.डि., युट्युब भिडियो, vlogs, फेसबुक, वेव साईट जस्ता कागज तथा डिजिटल सामाग्रीहरू तयार गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय वजारमा प्रचार प्रसार गर्ने।
- पर्यटन सम्बद्ध जनशक्ति विकासमा जोड दिई तालिम, सेमिनार, कार्यशाला, गोष्ठीका साथै शैक्षिक संस्थाहरूका पाठ्यक्रममा नगरपालिकाको पर्यटन सम्बन्धी जानकारी पनि समाविष्ट गराउने ।
- पर्यटन विकासका लागि सम्भाव्य गाँउ तथा स्थानहरूमा व्यापक रूपमा सचेतना तालिम सञ्चालन गरि पर्यटन र यसको सञ्चालन तथा आय आर्जनका पक्षहरूको जानकारी गराई व्यापक रूपमा जनउत्सुकता र जनसहभागिता सिर्जना गर्ने ।
- गुरुयोजनामा सिफारिस गरिएका पर्यटकीय गतिविधीहरू सञ्चालन वा कार्यक्रम कार्यान्वयन, प्रचार प्रसार र अनुगमन तथा मुल्याङ्कन गर्न नगर कार्यपालिकामा विषयगत समिति अन्तर्गत सरोकारवाला संघ, संस्था, तथा स्थानिय व्यक्तिहरू समेतको सहभागितामा एउटा अनुगमन समिति गठन गर्ने ।
- छिमेकी गाउँपालिका तथा नगरपालिकासँग सहकार्य गरि गन्तव्य स्थलको विकास गरि प्रचार प्रसार गर्ने ।
- साथै तल उल्लेखित विभिन्न रणनितिहरू अपनाउने ।
- लुम्बिनी साँस्कृतिक नगरपालिकामा पर्यटन प्रवर्धन र विकास गर्नका लागि नगरपालिकाले अन्य सरकारी, निजी, संघ संस्था र सामुदायिक क्षेत्रसँग सहकार्य गर्ने,
- नगरपालिका भित्रका पर्यटकीय स्थलहरूको प्रचारप्रसार गरी धेरैभन्दा धेरै आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्ने,
- पर्यटकीय स्थलहरूमा सबै प्रकारका पूर्वाधारहरूको एकिकृत र समन्वयात्मक विकास गर्नका लागि यथेष्ट लगानीको प्रबन्ध गर्ने,

- स्थानीय सीप, कला, कौशल, सँस्कृति, परम्परा, रीतिरिवाज आदिको प्रवर्धन, विकास तथा प्रचारप्रसार गरी स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुर्याउने ।
- यस क्षेत्रमा भित्रने पयर्टकहरूको रुची र चाहनाको बारेमा नमूना सर्वेक्षण गर्ने
- यस क्षेत्रमा भित्रने पर्यटकहरूको उमेर समूहको बारेमा नमुना सर्वेक्षण गर्ने
- यस क्षेत्रमा भित्रने पर्यटकहरूको वर्गीकरण गर्ने जसअनुसार उनीहरूको खर्च गर्ने क्षमता र पर्यटक सेवा र सुविधाको आकांक्षाहरूको नमूना सर्वेक्षण गर्ने
- यस क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरूको यस पूर्वको प्रस्थान विन्दुहरूको अध्ययन गर्ने, उदाहरणको लागि यहाँ आउने पर्यटक अधिकांश कुन क्षेत्रबाट आउँछन् जस्तो बुटवल, कपिलवस्तु, पाल्पा, गुल्मी, काठमाडौं, पोखरा, भारत, चिन आदि ।
- यस क्षेत्रमा भित्रने पर्यटकहरूको मुख्य पेशा वा व्यवसायको र रुचीको बारेमा नमूना सर्वेक्षण गर्ने
- प्रस्थान विन्दुहरूमा यस क्षेत्रको प्रचार प्रसारका लागि प्रचार प्रसार सामाग्री र सूचना केन्द्र स्थापना गर्न छिमेकी नगरपालिका वा नगरपालिकासँग सहकार्य गर्ने ।

## ४.४ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रमहरू

कुनै पनि योजनाको सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरू परिपूर्ती गर्नका लागि विस्तृत कार्ययोजना बनाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरू लागु गर्नु अत्यावश्यक हुन्छ । तबमात्र लक्षित उद्देश्यहरू हासिल भई अपेक्षित प्रतिफल प्राप्त गर्न सकिन्छ । यस लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन विकासमार्फत् समग्र विकासका लागि निम्न योजनाहरू प्रस्तुत गरिएको छ :

### ४.४.१ अल्पकालीन योजना

यस अन्तर्गत एक वर्ष भित्र सम्पन्न गर्नुपर्ने कार्यक्रमहरू सिफारिस गरिएको छ ।

- प्रस्तुत पर्यटन विकास गुरुयोजनालाई नगरसभाबाट अनुमोदन गराई वार्षिक रूपमा कार्यान्वयनका लागि निर्णय गराउने ।
- गुरुयोजनाले सिफारिस गरे अनुसार पर्यटकीय गतिविधीहरू सञ्चालन वा कार्यक्रम कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र प्रचारप्रसार गर्न नगरपालिका पर्यटन विकास समिति गठन गर्ने र सोहि समिति अन्तर्गत रहने गरी एउटा अनुगमन समिति गठन गर्ने ।
- सिफारिस गरिएका कार्यक्रमहरू कार्यान्वयनका लागि स्थानीय स्तरमा व्यवस्थापन तथा उपभोक्ता समिती गठन गरी वडा सभाबाट कार्यक्रमहरू पास गराई नगरपालिकामा पठाउने प्रक्रिया सुरु गराउने ।

- गुरुयोजना तथा विस्तृत् सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्न सिफारिस गरिएका कार्यक्रमहरू स्थानीय स्तरको सहभागितामा नगरपालिका स्तरबाट कार्यदल गठन गरी सर्वेक्षण गराई प्रतिवेदन तयार गर्ने ।
- पर्यटनसँग सम्वन्धित चालु कार्यक्रम र गुरु योजनामा सिफारिस गरिएका कार्यक्रमहरू कार्यान्वयनका लागि नगरपालिकाले नियमित रूपमा कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गर्ने र सम्वन्धित वडाहरूलाई पनि आफ्नो बजेटको केही अंश पर्यटन कार्यक्रमलाई छुट्याउन निर्देशन दिने ।

### ४.४.२ मध्यकालीन योजना

यस गुरुयोजनाले मध्यकालीन योजना अन्तर्गत ५ वर्ष भित्र प्रारम्भ गरी सम्पन्न गर्नुपर्ने कार्यक्रमहरूलाई समेटेको छ । लुम्बिनी साँस्कृतिक नगरपालिकामा पर्यटन विकासका लागि पहिचान भएका/गरिएका सम्भाव्य क्षेत्रहरूको सिलसिलेवार कार्यान्वयनका लागि जिम्मेवार निकाय तथा सम्भव भए सम्म सोको लागि आवश्यक पर्ने बजेट समेतको अनुमान गरी प्रस्तुत गरिएको छ। स्थानीय स्तरमा पर्यटनबाट केही न केही सकारात्मक प्रभाव पारी पर्यटन हाम्रो लागि र हाम्रो कार्यक्रम हो, यसको कार्यान्वयन र व्यवस्थापन हामीले नै गर्नु पर्दछ भन्ने प्रतिवद्धता सहित स्थानीय व्यक्तिहरूलाई सक्रिय वनाउनु यस योजना अर्थात कार्यक्रमको मूल पक्ष रहेको छ । मध्यावधि योजना अर्थात् आगामी ५ वर्ष भित्र कार्यान्वयमा ल्याई सक्नु पर्ने प्रस्तावित कार्यक्रमहरू निरन्तररूपमा सञ्चालन भइरहने दीर्घकालीन प्रकृतिका कार्यक्रम नै हुन् र तिनीहरूको सफल र प्रभावकारी कार्यान्वयनका लागि नियमित रूपमा विस्तार एवम् सुधारका कार्यक्रमहरू सञ्चालन भई नै रहने हुन्छन । यी कार्यक्रमहरूलाई आगामी ५ वर्ष भित्र कार्यान्वयन गर्नुपर्ने भन्नुको तात्पर्य यस अवधिभित्र यी कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया प्रारम्भ गर्नु हो ।

### ४.४.३ दीर्घकालीन योजना

लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन विकास गुरुयोजना एउटा दीर्घकालीन सोचको यथार्थपरक योजना हो । अल्पकालीन र मध्यकालीन योजना अर्थात् कार्यक्रमहरू दीर्घकालीन योजना कै प्रस्थान बिन्दु हुन् र यिनीहरू निरन्तररूपमा कार्यान्वयन भइरहन्छन् । नगरपालिकाको पर्यटन विकास गुरुयोजनाको दीर्घकालीन सोच अर्थात् लक्ष्य भनेको गुरुयोजनाले औंल्याएका लुम्बिनी साँस्कृतिक नगरपालिकामा उपलब्ध पर्यटकीय महत्त्व र आकर्षणका सम्पदाहरूलाई क्रमिकरूपमा कार्यान्वयनमा ल्याई नगरपालिकालाई नेपालकै एउटा नमूना पर्यटकीय क्षेत्रको रूपमा स्थापित गरी आर्थिक रूपले एउटा सम्बृद्धशाली स्थानीय तह बनाउनु हो ।

दीर्घकालीन योजना अनुसार क्रमिक रूपमा कार्यान्वयन गर्नका लागि सिफारिस गरिएका कार्यक्रमहरू :

- लोपोन्मुख कला र सँस्कृतिको संरक्षण गरी थारु बाहुल्यता रहेका क्षेत्रहरूलाई पर्यटकीय नगरका रूपमा विकास गरी होमस्टे पर्यटन सञ्चालन गर्ने । यसका लागि ति जातिहरूको कला, सँस्कृति र रितिरिवाजको संरक्षण गरी आवश्यक पुर्वाधार समेत तयार गरी कार्य अघि वढाउन स्थानीय स्तरमा समिति गठन गरी नगरपालिका र वडाको सहकार्यमा पर्यटकीय नगरको विकास गर्ने ।
- कला र सँस्कृतिको संरक्षण, सम्वर्धन तथा प्रवर्धनको लागि साँस्कृतिक संग्रहालय निर्माण गर्ने ।
- ताल तथा पोखरीहरूलाई पर्यटकीय हिसाबले सौन्दर्यकरण गरी डुङ्गाहरू सञ्चालन गर्ने ।
- पुर्निहावा ताल, कर्बाला ताल लगायतका ताल तथा पोखरीहरू वरपरको क्षेत्रलाई संरक्षण गरी बृहत पार्क बनाउने ।
- विभिन्न स्थानहरूमा दृश्यावलोकन केन्द्र तथा बर्ड वाचिंग सेन्टरहरू निर्माण गर्ने ।
- क्रिकेट तथा फुटवल खेल आयोजना गर्नको लागि सुविधा सम्पन्न बहुउद्देशीय रंगशाला निर्माण गर्न राष्ट्रिय स्तरमा पहल गर्ने ।
- पौहारी बाबा आश्रम, राम जानकी मन्दिर, प्राचिन दुर्गा मन्दिर जस्ता धार्मिक स्थलहरूलाई धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने।
- नगरपालिकाको पर्यटकीय केन्द्र तथा नदी किनारमा तटबन्ध गरि निजी क्षेत्र परिचालन गरी होटल तथा रिसोर्ट सञ्चालन गर्ने र साथमा अन्य गतिविधि जस्तै डुंगा सवार, फिसिंग आदि क्रियाकलाप पनि संचालन गर्ने ।
- प्रदेश स्तरीय क्रिकेट तथा फुटबल प्रतियोगिता सञ्चालन गर्दै थप परिस्कृत गर्दै लैजाने।
- महत्त्वपूर्ण पर्यटकीय क्षेत्रमा डि.पि.आर. तयार पार्ने र सोही अनुरूप निर्माण गर्ने ।
- जलमा आधारित पर्यटन अन्तर्गत दानव नदी, कोठी खोला र तेलार खोलामा जल यात्रा सञ्चालन गर्ने
- साइकल ट्रेल निर्माण गरि साइक्लिंग सञ्चालन गर्ने

## ४.५ विषयगत कार्य योजनाहरू

लुम्बिनी पर्यटन गुरुयोजनामा सिफारिस गरिएका र समावेस गरिएका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कार्ययोजनाहरू उप-अध्याय ४.५ मा बिस्तृतरूपमा प्रस्तुत गरिएको छ । यस कार्ययोजनामा संचालन गरीनु पर्ने गतिविधिहरू, जिम्मेवार निकायहरू, अनुमानित लागत तथा

प्राथमिकताहरू निर्धारण गरिएको छ । गुरुयोजनाको उद्देश्य अनुरूप कार्ययोजनालाई ९ वटा विषयगत क्षेत्रमा विभाजन गरिएको छ

### ४.५.१ पर्यटन विकास कार्ययोजना

पर्यटन विकासका लागि निम्न कार्यक्रमहरूलाई प्राथमिकतामा राखी लागु गरिने छ ।

१. प्राचिन दुर्गा मन्दिर, पौहारी बाबा आश्रम, प्राचिन शिव मन्दिर, राम जानकी मन्दिर, समाई माइ थान लगायतका क्षेत्रहरूलाई धार्मिक तथा आध्यात्मिक आकर्षणको केन्द्रका रूपमा विकास गरिने छ ।

२. आमा वन बाटिकालाई आध्यात्मिक पर्यटन केन्द्रको रूपमा व्यवस्थित गरिनेछ ।

३. पैसियामा रहेको नरसिंह र दुर्गा मन्दिर परिसरलाइ पार्क तथा पिकनिक स्थलको रूपमा निर्माण र विकास गरिनेछ ।

४. विभिन्न ताल तथा पोखरीलाइ सिमसार क्षेत्र र चरा अवलोकन केन्द्रको रूपमा विकास गरिनेछ ।

५. लुम्बिनी भ्रमण गर्न आउने धार्मिक पर्यटकहरूलाई पालिकाको अन्य धार्मिक स्थलको पनि भ्रमण गराउने व्यवस्था मिलाई त्यसको प्रचार प्रसार गर्न योजना निर्माण गरिने छ ।

६. लुम्बिनीमा रहेका सबै साँस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण तथा प्रवर्धन गरिनेछ ।

७. बन्जराइबाट अघौंली सम्म दानव नदीमा जलयात्रा सञ्चालन गरिनेछ । यसका लागि अन्य गाउँपालिका तथा नगरपालिका सँग समन्वय गरी सार्वजनिक-निजी क्षेत्र साझेदारीको अवधारणामा अगाडि बढिने छ ।

८. कोठी खोला र तेलार खोलामा पनि स्थानिय तथा पर्यटक लक्षित आधुनिक डुङ्गा सेवालाई व्यवस्थित गरी सञ्चालन गरिनेछ ।

९. होम स्टेको थप प्रवर्धन गरी यहाँको सँस्कृति अध्ययन अवलोकन गर्न चाहने स्वदेशी तथा विदेशी विद्यार्थी र अनुसन्धानकर्ताहरूका लागि सहज बनाइनेछ।

१०. नगरपालिकामा रहेका ताल तथा पोखरीहरूमा बोटिंग, फिसिंगको सम्भाब्यता अध्ययन गरि संचालन गरिनेछ

११. नगरपालिकाको विभिन्न स्थान सम्म पुग्ने साइकल ट्रेल तथा पदमार्ग निर्माण गरी यी क्षेत्रहरूको प्रचार प्रसार गरिनेछ ।

१२. बन्जराइ, अघौंली, पैसिया जस्ता पुरातात्त्विक महत्त्व भएका ऐतिहासिक स्थलको उत्खनन् तथा प्रचार प्रसार गरिनेछ ।

१३. एकीकृत पर्यटन विकासको अवधारणा अनुरूप एकीकृत भ्रमण प्याकेजहरू निर्माण गरि प्रचार प्रसार गरिने छ ।

### ४.५.२ मानव संसाधन क्षमता विकास कार्ययोजना

लुम्बिनीमा पर्यटन विकास गर्नुको मूल लक्ष्य स्थानिय रोजगारी सिर्जना र स्थानीय बासिन्दाको आर्थिकस्तर आम सुधार हो । तसर्थ समग्र पर्यटन विकासका लागि मानव संसाधन तथा क्षमता विकासलाई केन्द्रमा राखी निम्नानुसारका कार्यहरू गरिने छ ।

१. पर्यटक सत्कार, व्यवस्थापनको लागि होटल व्यवसायीहरू तथा सम्बन्धित स्थानीय समुदायहरूलाई चेतना अभिबृद्धि गर्नका लागि समुदाय र विद्यालयहरूमा तालिमहरू सञ्चालन गरिनेछ ।

२. फोहोर मैला व्यवस्थापनको लागि समुदायमा तालिम सञ्चालन गरिनेछ ।

३. होमस्टे कार्यक्रमको लागि छानिएका समुदायहरूलाई होमस्टे सञ्चालन सम्बन्धी तालिम र अवलोकन भ्रमण गराइनेछ र ठोस फोहर व्यवस्थापन गुरु योजना निर्माण गरी फोहोर व्यवस्थापनमा कदम चालिने छ ।

४. पर्यटकहरूलाई भ्रमण सहजीकरणका लागि नगरपालिका भित्रका युवायुवतीहरूलाई पर्यटक पथप्रदर्शन सम्बन्धी तालिम दिइनेछ ।

५. होटल र लज व्यवस्थापनको लागि यसका संचालकहरूलाई तालिम दिइनेछ ।

६. सँस्कृति संरक्षण र प्रदर्शनीका लागि स्थानीय क्लब, महिला समूह र समुदायलाई तालिम दिइनेछ ।

### ४.५.३ पर्यटन पूर्वाधार विकास कार्ययोजना

पर्यटन पूर्वाधार विकासका लागि गरिने कार्यक्रमहरू यस प्रकार छन्

१. सबै पर्यटकीय क्षेत्रसम्म पुग्न सडक यातायातको स्तरोन्नति र विकास गरिने छ ।

२. पर्सा, महिलवार आसपासका मुख्य बजार क्षेत्रमा रहेका होटल र लजहरूको स्तर उन्नती गरी बढी खर्च गर्ने क्षमता राख्ने बाह्य तथा आन्तरिक पर्यटकहरूलाई विभिन्न सेवा सुविधाहरू प्रदान गरी आकर्षित गर्ने एवम् उनीहरूको बसाईलाई लम्ब्याउने नीति अवलम्बन गरिनेछ ।

३. ग्रामिण पर्यटन विकासलाई प्रोत्साहन गर्न रामवापुर, लंकापुर, करमहवा, अदौलिया, मौवारी, लगायतका सम्भावित स्थानहरूमा होमस्टेहरूको लागि आवश्यक पर्यटन पूर्वाधार तयार पारिनेछ।

४. नगरपालिका भित्र रहेका सडक कालोपत्रे गरिनेछ ।

५. निर्माणाधिन सम्पदाहरूको निर्माण यथाशिघ्र सम्पन्न गरिनेछ ।

६. कार्यक्रममा उल्लेख विभिन्न पदमार्गहरू निर्माण तथा व्यवस्थित गरिनेछ ।

७. व्यवस्थित पार्किङ्ग स्थल निर्माण गरिने छ ।

८. निजीक्षेत्रको सक्रियतामा ग्लोबल पिस पार्क निर्माण गरिने छ ।

९. पदमार्ग तथा सडक मार्गको स्तरोन्नति गरिने छ ।

१०. बजारदेखि ग्रामीण क्षेत्रका यातायातलाई सहज बनाइनेछ ।

### ४.५.४ पर्यटन रोजगारी तथा सीप विकास कार्ययोजना

पर्यटन रोजगारी तथा सीप विकासका लागि निम्न कार्यहरू गरिनेछ ।

१. होटल, लज, रिसोर्ट, होमस्टे सञ्चालन गरी रोजगारीको अवसर सिर्जना गरिनेछ ।

२. स्थानीय बासिन्दाहरूलाई पर्यटक पथप्रदर्शन, डुङ्गा संचालक, सवारी चालक जस्ता क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरिनेछ ।

३. स्थानीय उत्पादनहरूको वृद्धि गरिनेछ र तिनीहरूको बजार प्रवर्धनको व्यवस्था गरिनेछ। स्थानीय उपजहरू उत्पादन वृद्धिबाट स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुग्न गई कृषि, पशुपालन जस्ता व्यवसायहरूलाई अधिकतम फाइदा पुग्नेछ ।

४. हस्तकला तथा चीनो उत्पादन र बिक्रीबाट घरेलु उद्योग सञ्चालन गर्न सकिनेछ।

### ४.५.५ पर्यटन प्रवर्धन र बजारीकरण विकास कार्ययोजना

पर्यटनबाट अधिकतम लाभ लिन नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पर्यटकीय उत्पादनहरूको व्यापक रूपमा प्रचार प्रसार गर्नु पर्दछ । तसर्थ लुम्बिनी क्षेत्रको पर्यटन बजारीकरणको लागि निम्न कार्यहरू गरिनेछ :

१. आन्तरिक तथा बाह्य पर्यटकहरूलाई मध्यनजर गर्दै महिलवार आधुनिक पर्यटन सूचना तथा सेवा केन्द्र स्थापना गरिनेछ ।

२. पर्यटकीय स्थलहरू बारेका पुस्तिका, नक्सा, वृत्तचित्र पोष्टर तथा पर्चा निर्माण गरी प्रचारप्रसार गरिनेछ ।

३. लुम्बिनी साँस्कृतिक नगरपालिका वेबसाइटमा यस क्षेत्रका पर्यटकीय गन्तव्य र उत्पादनहरूको विवरण राखी प्रचारप्रसार गरिनेछ ।

४. यस क्षेत्रका समुदाय, सँस्कृति र सम्पदाहरूको अनुसन्धानमुलक पुस्तक प्रकाशन गरिनेछ।

५. पर्यटन बजारीकरणका लागि युट्युब, vloggers, फेसबुक, एफएम, रेडियो र टेलिभिजन मार्फत् प्रचारप्रसार गरिनेछ ।

६. पर्यटनसँग सम्बन्धित संघीय सरकार, प्रादेशिक सरकार, नेपाल पर्यटन बोर्ड, विभिन्न संघ संस्था, नेपाल एशोसियसन अफ टुर एजेन्सिज्, र अन्य संघ संस्थाहरू सँग समन्वय गरी पर्यटन बजार प्रवर्धन गरिनेछ ।

### ४.५.६ पर्यटकीय तथा वातावरण सचेतना कार्यक्रम

पर्यटनका कारण प्राकृतिक श्रोत साधनहरू र साँस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणका लागि आवश्यक कार्ययोजना तर्जुमा गरि कडाईका साथ् कार्यान्वयन गर्नुपर्छ । फोहोर मैला बिसर्जन, वनजंगल विनास, जनसंख्या वृद्धि, साँस्कृतिक तथा ऐतिहासिक धरोहर माथिको बढ्दो दवाब जस्ता समस्याले गर्दा पर्यटनबाट समुचित लाभ लिन कठिन हुन्छ । तसर्थ उपलब्ध श्रोतसाधनहरूको संरक्षण गर्दै स्थानीय बासिन्दाहरूको आवश्यकता परिपूर्ति गर्न पर्यटन तथा वातावरण सचेतना कार्यक्रम (Tourism and Environment Awareness Program: TEAP) अबलम्बन गरिनेछ ।

१. परम्परागत ज्ञान तथा शिपहरू संकलित दस्तावेज तयार गर्ने

२. पर्यटन, सँस्कृति तथा वातावरण सचेतना कार्यक्रमहरू संचालन गर्ने

३. पर्यटकीय श्रोतहरू र तिनको संरक्षण गर्नुपर्ने आवश्यकता बुझाउने बोर्डहरू राखे

४. विद्यालय तथा क्याम्पसहरूमा पर्यटन, सँस्कृति र वातावरण क्लबहरू स्थापन गर्ने

५. परम्परागत शिप तथा ज्ञानको महत्त्वको विषयमा स्थानीय समुदायहरूलाई सचेत गराउने

६. स्कूल तथा कलेजमा पर्यटन (Tourism) विषय पढाउने आवश्यक पहल गर्ने

७. वडा स्तरमा पर्यटन विकास समिति गठन गर्ने

### ४.५.७ नविन पर्यटन उत्पादन विकास तथा पर्यटकीय क्रियाकलाप विविधिकरण कार्ययोजना

पर्यटन विकासबाट हुने आर्थिक फाइदाहरूलाई बृहत समुदायमा पुर्याउनका लागि लुम्बिनी विकास क्षेत्र आसपासका सिमित क्षेत्रहरूमा मात्र सिमित अत्यन्त छोटो (१-२ दिन) पर्यटकीय बसाई अवधि मुख्य रणनैतिक मुद्दा हो । तसर्थ परम्परागत अभ्यासहरूमा आधारित नविन पर्यटन उत्पादन विकास तथा पर्यटकीय क्रियाकलाप विविधिकरण लुम्बिनी क्षेत्रमा पर्यटन विकासको लागि अत्यन्त आवश्यक छ । जसका लागि यसप्रकारका कार्यक्रमहरू संचालन गरिने छन् ।

१. नविन पर्यटकीय उत्पादनहरूका लागि सम्भाव्यता अध्ययन गर्ने

२. सम्भावित पर्यटन उद्यमहरू पहिचान गर्ने, दुवै पर्यटन उत्पादन र सेवा र अन्य सहायक उत्पादन तथा सेवाहरूको थालनी गर्ने

३. स्थानीय उत्पादन तथा सेवाहरू अधिकतम उपयोगका लागि पर्यटन उद्यमशिलता तथा क्षमता अभिवृद्धि तालिम संचालन गर्ने

४. होम स्टे संचालनका लागि पिछडिएका तथा महिला समुदायहरूलाई निश्चित रकम उपलब्ध गराउने

५. नव उद्यमीहरूलाई पर्यटन उत्पादन विकास, प्याकेजिंग, प्राइसिंग तथा बजारीकरण (development, packaging, pricing and marketing) सम्बन्धी तालिम प्रदान गर्ने

६. स्थानीयवासीहरूलाई उच्च मूल्यका कृषि उत्पादनतर्फ अग्रसर बनाई आफ्नो उत्पादनलाई ब्रान्डीङ गर्न तालिम दिने ।

### ४.५.८ जैविक विविधता तथा भू-परिदृष्य संरक्षण तथा व्यवस्थापन कार्ययोजना

प्राकृतिक वातावरण, जैविक विविधता र भू-परिदृष्य लुम्बिनी पर्यटन विकासको मुख्य आधार हो । यस्ता प्राकृतिक श्रोतसाधन माथि अधिक दोहन तथा संरक्षणमा हेल्चेक्रयाइ गरियो भने यस क्षेत्रको पर्यटन विकासका सम्भाबनाहरू अपेक्षित रूपमा विस्तार हुन नसक्नुका साथै यस्ता

क्रियाकलापले हालको पर्यटकीय उत्पादन गुणस्तर खस्कन जान्छ र समग्र पर्यटन क्षेत्रनै खुम्चन जान्छ । तसर्थ लुम्बिनीमा दिगो पर्यटन विकासका लागि नदी, नाला, ताल तलैया, पोखरी, सिमसार क्षेत्र, जलश्रोत, भू-परिदृष्य आदिको संरक्षण तथा व्यवस्थापनका लागि पर्यटन तथा वातावरण सचेतना कार्यक्रमहरू संचालन गर्नुका साथै तल उल्लेखित कार्यक्रमहरू गरिनेछ ।

१. राष्ट्रिय, धार्मिक तथा सामुदायिक वन संरक्षण गर्ने

२. सार्वजनिक खुल्ला क्षेत्रहरू, ताल, जलाधर क्षेत्र, पोखरी तथा सार्वजनिक सम्पतिहरूको संरक्षण गर्ने

३. सुधारिएको चुलो, बायो ब्रिकेट, बैकल्पिक उर्जा प्रयोग, उर्जा प्रयोग हुने भाडाहरू प्रयोगलाई प्रोत्साहन गर्न निश्चित रकम सहुलियत दिने

४. वैज्ञानिक भू-उपयोग योजना निर्माण गरी लागु गर्ने

५. पर्यापर्यटन विकास तथा प्रवर्धनका लागि स्थानीय समितिको क्षमता अभिवृद्धि गरिनेछ ।

६. भ्रमण संचालक, पर्यटन व्यवसायी तथा स्थानीय समुदायहरूले पालना गर्नुपर्ने वातावरणीय आचारसंहिता निर्माण गरि कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

७. लुम्बिनीलाइ पर्या-पर्यटन गन्तब्यको रूपमा विकास गरिनेछ ।

### ४.५.९ संस्थागत विकास कार्ययोजना

दिगो र सक्रिय स्थानीय संस्थाले मात्र दिगो पर्यटन विकासको आधार खडा गरि पर्यटनका उपलब्धिहरूलाई जनस्तरमा पुऱ्याउन सक्दछ । यहि वास्तविकतालाई मध्यनजर गर्दै लुम्बिनी साँस्कृतिक न.पा. पर्यटन विकासका लागी निम्नानुसार कार्यहरू गरिनेछ ।

१. लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन विकास समिति गठन गर्ने

२. अन्तर स्थानीय तह पर्यटन सहजीकरण समिति गठन गर्ने (गैडहावा गा.पा., मायादेवी गा.पा., सिद्धार्थनगर न.पा., तिलोत्तमा न.पा. आदि)

३. वडास्तरमा पर्यटन विकास समितिहरू गठन गर्ने

४. सबै पर्यटन विकास समितिहरूको क्षमता अभिवृद्धि गर्ने

५. पर्या-पर्यटनको लागि सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि गर्ने

६. होमस्टे पर्यटन विकास समिति गठन गर्ने

७. कम्तीमा वर्षको २ पटक पर्यटन सम्बद्ध सरोकारवालासँग अन्तरकृया तथा गोष्ठि गर्ने।

## ४.६ पर्यटन विकास गुरुयोजनामा सिफारिस गरिएका कार्यक्रमहरू

### ४.६.१ पर्यटन क्षेत्रविशेष कार्यक्रमहरू

ग्रामिण पर्यटन (घरवास पर्यटन)

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | होम स्टे संचालनका लागि नगरपालिकाका हरेक वडामा स्थान पहिचान गरि सम्भाव्यता अध्ययन गर्ने | | | | | स्था.स, न.पा. | | |
| २ | दक्ष जनशक्ति उत्पादनका लागि होम स्टे सञ्चालन सम्बन्धी आवश्यक तालिम दिने | √ | | | | स्था.स, न.पा. | | १ |
| ३ | होम स्टे व्यवस्थित गर्न स्थानीय परिकार र स्थानीय परम्परागत सँस्कृति प्रवर्धन सम्बन्धी कार्यक्रम गर्ने | | | | | स्था.स, न.पा. | | |
| ४ | स्वास्थ्य तथा सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने | | | | | स्था.स, न.पा. | | |
| ५ | आवश्यक स्थानमा खानेपानी तथा बिजुली बत्तिको व्यवस्था गर्नु | √ | | | | स्था.स, न.पा. | | १ |
| ६ | पर्यटकीय स्थल सम्म पुग्ने सडकको स्तरोन्नति गरि सडक बत्ति जडान गर्नु | | | | | स्था.स, न.पा. | | |

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| ७ | होमस्टे संचालन सम्बन्धी पालिका तथा वडा स्तरिय समिति गठन गर्ने | | | | | स्था.स, न.पा. | | |
| ८ | पुराना डिजाइनका घर र अन्य पूर्वाधार निर्माणमा सहुलियत प्रदान गर्ने | | | | | स्था.स, न.पा. | | |
| ९ | होम स्टे दर्ता प्रक्रिया सहज बनाइ दर्तामा सहुलियत प्रदान गर्ने | | | | | स्था.स, न.पा. | | |
| १० | वडा नं. ९ को सोनवर्षीमा थारु सामुदायिक होमस्टे संचालन गर्न स्थानीय तथा निजी क्षेत्रलाइ प्रोत्साहन गर्ने | | | | | स्था.स, न.पा. | | |
| ११ | थारू सँस्कृति झल्किने घर टहरा निर्माणमा सहुलियत प्रदान गर्ने | | | | | स्था.स, न.पा. | | |
| १२ | वडा नं १३ को ओडवालियामा होम स्टे संचालन गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने | | | | | स्था.स, न.पा. | | |
| १३ | वडा नं. १२ को आमा गाउँमा होमस्टे संचालनका लागि स्थानीय र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने | | | | | स्था.स, न.पा. | | |

**पर्या-पर्यटन र प्रकृति पर्यटन**

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | वडा नं. १ को भगवानपुर पोखरीलाइ तारबार गरि सौन्दर्यकरण गर्ने | √ | | | ५० | न.पा., | प्र.स. | २ |
| २ | भगवानपुर पोखरीको बीच भागमा मुर्ति स्थापना गरि छठको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने | | | | | न.पा., | | |
| ३ | मुजहनाको नौखानियाताललाइ तारबार र सौन्दर्यकरण गरि पिकनिक स्थलका रूपमा विकास गर्ने | | √ | | | न.पा., | | २ |
| ४ | कोठी नदी सरसफाई अभियान लागु गर्ने | | √ | | | न.पा., | | २ |
| ५ | कोठी नदी किनारमा स्थान पहिचान गरि छठ पर्वका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने | | √ | | २० | न.पा., | | ३ |
| ६ | तेलार खोला किनारलाई सिमसार क्षेत्रका रूपमा विकास गर्न आवश्यक अध्ययन अनुसन्धान गर्ने | | √ | √ | ३० | न.पा., | | २ |
| ७ | तेलार खोला किनारलाइ बर्ड वाचिंग सेन्टरका रूपमा स्थापित गर्न आवश्यक पुर्वाधारहरू निर्माण गर्ने | √ | | | ४० | न.पा., | प्र.स, NTB, | १ |
| ८ | वडा नं. ७ को कर्बाला पोखरीलाई तारबार र सौन्दर्यकरण गर्ने र पिकनिक स्थलको रूपमा विकास गर्न पूर्वाधार निर्माण गर्ने | | | | | न.पा., | दा. नि. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | १० नं वडाको थरुनिका थाललाई सौन्दर्यकरण गर्न डि. पि. आर तयार गर्ने | | √ | | ५० | न.पा., | | २ |
| १० | बिचौवापुरको नौखानिया तालमा बोटिंग संचालन गर्ने | | √ | | ५० | न.पा., | | ३ |
| ११ | कमलको जरा प्रसोधन गरि बजारीकरण गर्ने | √ | | | ५० | न.पा., | जी.स.स | १ |
| १२ | वडा नं. १२ को पुर्निहावाताललाई सौन्दर्यकरण गरि बिचमा मन्दिर निर्माण गर्ने | | | | | न.पा., | | |
| १३ | पुर्निहावा तालमा बोटिंग र फिसिंग संचालन गर्न सम्भाव्यता अध्ययन गर्ने | | | √ | १०० | न.पा., | प्र.स., NTB | ३ |
| १४ | दानव खोलाको बन्जराइ देखि अर्घौली क्षेत्रमा तटबन्ध निर्माण गर्ने | | | | | न.पा., | | |
| १५ | दानव नदीमा मोटर बोट संचालनका लागि सम्भाव्यता अध्ययन गर्ने | | √ | | ५० | न.पा., | | |
| १६ | पालिकामा रहेका साना ठुला ताल एकिकृत संरक्षण योजना निर्माण गरी कार्यान्वयन गर्ने | | | | | न.पा., | | |
| १७ | पालिकाका ताल तथा पोखरी वरिपरि Refreshing Center निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने | | √ | | १०० | न.पा., | | |
| १८ | बाँदर पाकड़ी/ बाँदर रुख लाइ तारबार गर्ने | √ | | | १०० | न.पा., | जी.स.स., NARC | १ |
| १९ | बाँदर पाकड़ी नजिकै रहेको समाई माइ थान पुनः निर्माण गर्ने | | | | ५० | न.पा., | | |
| २० | आवश्यकता पहिचान गरि विभिन्न पर्यटकीय स्थानमा खानेपानी र सार्वजनिक शौचालय निर्माण गर्ने | √ | | | ४० | न.पा., | | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | सुविधायुक्त दुरबिन सहितको दृश्यावलोकन केन्द्र निर्माण गर्ने | | | | | न.पा., | | |
| २२ | सरसफाई एवं फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | | | | | न.पा., | | |
| २३ | कुहिने र नकुहिने फोहोरलाई छुट्टा छुट्टै व्यवस्थापन गर्ने । | | | | | न.पा., | | |
| २४ | विभिन्न स्थानमा पर्यटकहरूलाई बस्न प्रतिक्षालय निर्माण गर्ने | | | | | न.पा., | | |
| २५ | पर्यटकीय स्थल सम्म पुग्ने सडक निर्माण तथा सडकको स्तरउन्नति गर्ने | | | | | न.पा., | | |
| २६ | पर्यटकीय स्थलमा सवारी साधन पार्किंगको उचित व्यवस्था गर्ने | √ | √ | √ | १०० | न.पा., | NTB, प्र.स. | १ |
| २७ | प्राकृतिक सम्पदाहरूको प्रचार प्रसार गर्ने (प्रिन्ट मिडिया, एफ.एम., रेडियो, टिभी आदि) | √ | | | १० | न.पा., | | |
| २८ | स्थानीय, होटल व्यवसायी तथा अन्य निजी क्षेत्रसँग समन्वय गरी होटल निर्माणमा सहजीकरण गर्ने | | √ | | | न.पा., | | |
| २९ | पर्यटकीय स्थल नजिक प्राथमिक स्वास्थ्य उपचार केन्द्र निर्माण तथा व्यवस्थापन गर्ने | | √ | | १० | न.पा., | | |
| ३० | वडा नं. १३ को कालिदह लाइ सौन्दर्यकरण गरि मेला महोत्सव आयोजना गर्ने | | | | | न.पा., | | |

**दृष्यावलोकन केन्द्र तथा मनोरंजन स्थलहरू**

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | वडा नं. १२ को आमा वन वाटिकालाइ आध्यात्मिक पार्कका रूपमा स्तरोन्नति गर्ने | √ | √ | | ५० | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | TAAn, HAn | १ |
| २ | आमा वन वाटिकामा साना टहराहरू निर्माण गर्ने | √ | √ | | १० | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | | २ |
| ३ | बन्जराइमा रहेको झोलुंगे पुललाइ सौन्दर्यकरण गर्ने | √ | | | ५० | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | | २ |
| ४ | झोलुंगे पुल सम्म जाने सडकको स्तरोन्नति गर्ने | | √ | | ३० | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | | २ |
| ५ | झोलुंगे पुलमा (Lighting System) बत्ति जडान गर्ने | √ | | | ३० | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | NTB, जी.स.स, NARC | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | वडा नं. १३ को ग्लोबल पिस पार्क निर्माणको कार्यलाई निरन्तरता दिने | | √ | √ | २० | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | | |
| ७ | अर्घौलीमा अवस्थित झोलुंगे पुल सम्मको सडक स्तरोन्नति गर्ने | √ | √ | | १० | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | | |
| ८ | अर्घौलीको झोलुंगे पुलमा बत्ति जडान गरि सौन्दर्यकरण गर्ने | √ | | | ५० | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | NTB, जी.स.स, NARC | १ |
| ९ | कर्महवाको करबला पोखरीमा पार्क निर्माण गर्ने | | √ | | | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | | |
| १० | पैसिया क्षेत्रलाइ तारबार गरि पिकनिक स्थल/ पार्क निर्माण गर्ने | | √ | √ | ३० | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | | |
| ११ | वडा नं ४ को सानो महुवारि बोर्डर जाने सडकमा स्थान पहिचान गरि पार्क/पिकनिक स्थल निर्माण गर्ने | | √ | | | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | | |
| १२ | वडा नं ११ को नौखानिया तालमा पिकनिक स्थल निर्माण गर्ने | √ | √ | | ४० | न.पा., निजी क्षेत्र, स्था.क्ल., स्था.स | स.प.ना.उ.म., | १ |

## ऐतिहासिक पर्यटन

| क्र.सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | नगरपालिकाका ऐतिहासिक क्षेत्रहरूको विवरण संकलन गरि अध्ययन अनुसन्धानको कार्यलाई अघि बढाउने | √ | | | ३० | न.पा., व.का | स्था.नि., दा.नि. | १ |
| २ | वडा नं. १२ को बन्जराइ क्षेत्र संरक्षणका लागि दानव नदी किनारमा तटबन्ध निर्माण गर्ने | | √ | √ | ३० | न.पा., व.का | स्था.नि., दा.नि. | १ |
| ३ | बन्जराइको पुरातात्त्विक अवशेष अवलोकनका लागि डि. पि.आर निर्माण गर्ने | | | √ | | न.पा., व.का | स्था.नि., दा.नि. | |
| ४ | बन्जराइ क्षेत्र सम्म पुग्ने सडक स्तरोन्नति गर्ने | | √ | | | न.पा., व.का | स्था.नि., दा.नि. | |
| ५ | वडा नं. २ को अघौंली क्षेत्रमा तटबन्ध निर्माण गर्ने | | √ | √ | ५ | न.पा., व.का | स्था.नि., दा.नि. | १ |
| ६ | अघौंली क्षेत्र वरपर बेन्च सहितको बस्ने विश्राम स्थल निर्माण गर्ने | √ | √ | | | न.पा., व.का | स्था.नि., दा.नि. | |
| ७ | बन्जराइ तथा अघौंली क्षेत्रमा प्राप्त भएका पुरातात्त्विक अवशेषहरू संकलन गरि संग्रहालय निर्माण गर्ने | | | √ | | न.पा., व.का | स्था.नि., दा.नि. | |
| ८ | अघौंली क्षेत्र सम्म पुग्ने सडक स्तरोन्नति गर्ने | | √ | | | न.पा., व.का | स्था.नि., दा.नि. | |

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| ९ | वडा नं. १३ को पैसिया क्षेत्रमा रहेको दुर्गा र नरसिंह मन्दिर परिसर तारबार गर्ने वा घेराबार निर्माण गर्ने | | √ | | २० | न.पा., व.का | स्था.नि., दा.नि. | ४ |
| १० | पैसियामा रहेका दुवै ऐतिहासिक मन्दिरहरूको मर्मत संभार गरि व्यवस्थित बनाउने | | √ | | ३० | न.पा., व.का | स्था.नि., दा.नि. | २ |
| ११ | ऐतिहासिक जानकारी लेखिएको स्तम्भ निर्माण गर्ने | | √ | | | न.पा., व.का | स्था.नि., दा.नि. | |
| १२ | व्यक्तिको नाममा दर्ता जग्गा प्राप्त गरी तार, जाली र घेराबार गर्ने | | | √ | १०० | न.पा., व.का | स्था.नि., दा.नि. | ४ |
| १३ | नगरपालिकाका ऐतिहासिक स्थलहरूको प्रचार प्रसार गर्ने (प्रिन्ट मिडिया, रेडियो, टिभी, वेबसाइट आदि) | √ | | | | न.पा., व.का | स्था.नि., दा.नि. | |
| १४ | इतिहास झल्किने चित्रकला र मूर्तिकलाहरू निर्माण गर्न बजेट बिनियोजन गर्ने | √ | | | | न.पा., व.का | स्था.नि., दा.नि. | ३ |
| १५ | ऐतिहासिक स्थलहरूको विवरण सहितका बोर्ड पालिकाका विभिन्न स्थानमा राख्ने | √ | | | ५० | न.पा., व.का | स्था.नि., दा.नि. | ज्ञ |

### धार्मिक पर्यटन

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | वडा नं १ को खुनगाइमा प्राचिन लक्ष्मीनारायण हनुमान मन्दिरको नाममा रहेको जग्गामा लक्ष्मीनारायण हनुमान मन्दिर पुनः निर्माण गर्ने । | | √ | | ४० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | २ |
| २ | मन्दिरको जगामा आगन्तुक बस्नका लागि धर्मशाला निर्माण गर्ने | | √ | | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | २ |
| ३ | वडा नं. २ केवटलियाको पौहारी बाबा आश्रम सम्मको सडक स्तरोन्नति गर्ने | | | √ | २० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | २ |
| ४ | आश्रम वरपर घेराबार निर्माण गर्ने | √ | | | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |
| ५ | आश्रम अगाडि रहेकको पोखरीलाई तारबार गरि सौन्दर्यकरण गर्ने | √ | | | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | २ |
| ६ | आश्रम परिसर मर्मत संभार गरि व्यवस्थित गर्ने | √ | √ | | १०० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |
| ७ | अखण्ड धुनी रहेको स्थानलाई थव व्यवस्थित गर्न बजेट बिनियोजन गर्ने | √ | | | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |
| ८ | आश्रममा धार्मिक गतिविधि संचालनका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने | | √ | | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| ९ | पौहारी बाबाको समाधि रहेको स्थानलाई तारबार गर्ने | √ | | | | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |
| १० | वडा नं १२ को आजमामा रहेको प्राचिन राम जानकी मन्दिरको मर्मत संभार गर्ने | | √ | | १०० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | २ |
| ११ | मन्दिरमा निर्माणाधिन धर्मशालालाइ पूर्णता दिई संचालनमा ल्याउने | √ | | | ३० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |
| १२ | रामजानकी मन्दिर परिसर वरपर घरबार निर्माण गर्ने | | √ | | २०० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | १ |
| १३ | मन्दिरमा रहेको पौहारी बाबाको खराउलाई उचित स्थान निर्माण गरि स्थापना गर्ने | √ | | | २०० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |
| १४ | मन्दिर बाहिर रहेको यज्ञशालालाई व्यवस्थापन गर्ने | | | √ | २० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | १ |
| १५ | मन्दिर व्यवस्थापन समिति गठन गरि विभिन्न धार्मिक कार्यक्रम संचालन गर्ने | √ | | | ११०० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | १ |
| १६ | मन्दिर तथा मन्दिरमा रहेका मुर्तिहरू रंग रोगन गर्ने | √ | | | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | १ |
| १७ | भबइमा रहेको दुर्गा मन्दिर व्यवस्थित गर्ने | | √ | | ४० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | २ |

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| १८ | वडा नं. १३ को कालिदहमा रहेको समाई माइ थान तारबार गर्ने | | √ | | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |
| १९ | पैसियामा रहेका नरसिंह र दुर्गा मन्दिर पुनः निर्माण गर्ने | | | √ | १० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | १ |
| २० | वडा नं ६ को शान्ति वन विहार मर्मत संभार गरी व्यवस्थित गर्ने | | √ | | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | १ |
| २१ | जिर्ण अवस्थामा रहेको रामवापुर चर्चको मर्मत संभार गर्ने | | √ | | | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |
| २२ | पालिकामा रहेका विभिन्न मठ मन्दिरहरूको मर्मत संभार गर्न क्रमश: बजेट बिनियोजन गर्ने | | √ | √ | | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |
| २३ | पालिकामा रहेका मस्जिद तथा चर्चहरूको मर्मत संभार गर्ने | | √ | √ | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | १ |
| २४ | मन्दिर, मस्जिद तथा चर्चमा संचालक समिति गठन गर्ने | √ | | | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | २ |
| २५ | धार्मिक स्थलहरूको महत्त्व सहित प्रचार प्रसार गर्ने | √ | √ | √ | ५० | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | २ |
| २६ | धार्मिक गतिविधि जस्तै यज्ञ, भण्डारा आदि संचालन गर्ने | √ | √ | √ | | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म., दा.नि., | |

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| २७ | मोसडमा रहेको जामा मस्जिद साथै पालिकामा रहेका अन्य मस्जिहरूको आवश्यक मर्मत संभार गर्ने | √ | √ | | | न.पा., स्था.स., धा.स. | स.प.ना.उ.म ., दा.नि., | |

**पार्क तथा वनभोज स्थल**

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | आमा वन वाटिकालाइ अध्यात्मिक पार्कको रूपमा विकास गर्न आवश्यक संरचना निर्माण गर्ने | √ | √ | | १०० | न.पा., | दा. नि. प्रा. स. | १ |
| २ | पैसिया क्षेत्रलाइ तारबार गरि आवश्यक भौतिक संरचना निर्माण गरि पिकनिक स्थलको रूपमा विकास गर्ने | | √ | | ५० | न.पा., नि.क्षे., DCPBC | NTB, प्र.स. | १ |
| ३ | वडा नं १३ मा ग्लोबल पिस पार्क निर्माणको कार्यलाइ अगाडि बढाउने | | √ | | ३० | न.पा., नि.क्षे., DCPBC | NTB, प्र.स. | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | नौखानियाताललाई सौन्दर्यकरण गरी पार्क तथा पिकनिक स्थलको रूपमा निर्माण गर्ने | | √ | | ३० | न.पा., नि.क्षे., DCPBC | NTB, प्र.स. | १ |

**शैक्षिक पर्यटन**

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | बन्जराइ क्षेत्रको अध्ययन अनुसन्धान गर्ने | | √ | | ५ | जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, शै.स | दा. नि. | ३ |
| २ | अघौंली क्षेत्रको अध्ययन अनुसन्धान गर्ने | | √ | | १० | जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, शै.स | दा. नि. | ३ |
| ३ | काला निमक धानको उत्पादन वृद्धि सम्बन्धी खोज अनुसन्धान गर्ने | √ | | | १० | | | २ |
| ४ | पैसिया पुरातात्त्विक क्षेत्रको अनुसन्धानमुलक कार्यक्रम गर्ने | | | | | | | |
| ५ | दानव नदी कटान क्षेत्रको अध्ययन गरि जोखिम न्यूनीकरणका कार्यहरू अघि बढाउने | | | | | | | |

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| ६ | नगरपालिकाको संस्कृती, जातजाति आदिका बारे शोध अध्ययन गर्ने विद्यार्थीलाई विशेष छात्रवृत्ति कोषको स्थापना गर्ने | | | | | | | |

**खेल पर्यटन**

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | वडा नं १ मा क्रिकेट रंगशाला निर्माण गर्ने | | | √ | १०० | न.पा., स्थानीय क्लब, खेलकुद परिषद् | स.स., युवा तथा खेलकुद मन्त्रालय | २ |
| २ | अन्तर वार्ड क्रिकेट प्रतियोगिता संचालन गर्ने । | √ | | | २०० | न.पा., स्थानीय क्लब, खेलकुद परिषद् | स.स., युवा तथा खेलकुद मन्त्रालय | २ |
| ३ | रङ्गशालामा खानेपानी, शौचालय र कबर्ड हल निर्माण गर्ने | | √ | √ | २०० | न.पा., स्थानीय क्लब, खेलकुद परिषद् | स.स., युवा तथा खेलकुद मन्त्रालय | १ |
| ४ | हरेक स्कूलमा खेल मैदान निर्माण गर्ने | √ | √ | | १०० | न.पा., स्थानीय क्लब, खेलकुद परिषद् | स.स., युवा तथा खेलकुद मन्त्रालय | २ |

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| ५ | खेल प्रशिक्षकका लागि आवश्यक तालिम संचालन गर्ने | √ | | | १०० | न.पा., स्थानीय क्लब, खेलकुद परिषद् | स.स., युवा तथा खेलकुद मन्त्रालय | २ |
| ६ | क्लब स्तरीय खेलकुद आयोजना गर्ने | √ | | | २०० | न.पा., स्थानीय क्लब, खेलकुद परिषद् | स.स., युवा तथा खेलकुद मन्त्रालय | |
| ७ | वडा नं. १ को भगवानपुर आ.वि. रहेको जग्गालाई नगर खेलकुद मैदानको रूपमा विकास गर्ने | | √ | | | न.पा., स्थानीय क्लब, खेलकुद परिषद् | स.स., युवा तथा खेलकुद मन्त्रालय | |
| ८ | नगर खेलकुद विकास समिति गठन गरि खेलकुद विकास रणनीति बनाउने | √ | | | | न.पा., स्थानीय क्लब, खेलकुद परिषद् | स.स., युवा तथा खेलकुद मन्त्रालय | |

**साँस्कृतिक पर्यटन**

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | थारु साँस्कृतिक संग्रहालयलाइ संचालनमा ल्याउने | √ | √ | √ | २०० | न.पा., प्र.स. | NTB, जनजाति. संघ संस्था | २ |

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| २ | परम्परागत घरहरू निर्माणका लागि सहुलियत प्रदान गर्ने | √ | | | मापदण्ड अनुसार | न.पा., निजी क्षेत्र | प्र.स | ज्ञ |
| ३ | बिराहा सँस्कृति प्रवर्धनका लागि आवश्यक सामग्री तथा आर्थिक सहयोग उपलब्ध गराउने | | √ | | २० | न.पा., निजी क्षेत्र | प्र.स | ज्ञ |
| ४ | स्थानीय कला सँस्कृति प्रवर्धनका लागि (नृत्य, गायन, नौटंकी आदि) साँस्कृतिक कार्यक्रम आयोजना गर्ने | | | | | | | |
| ५ | बहुसाँस्कृतिक संग्रहालय निर्माण गर्ने | | | | | | | |
| ६ | चैत्र पुर्णिमा, बुद्ध जयन्ति जस्ता महोत्सवलाई व्यवस्थित गराउने | | | | | | | |
| ७ | लुम्बिनीको सबैभन्दा पुरानो ऐतिहासिक रुमिन्देही माइ मेलालाइ लुम्बिनी विकास कोष सँग समन्वय गरि व्यवस्थित गराउने | | | | | | | |
| ८ | माघी /खिचडी पर्वलाइ व्यवस्थित गर्न आवश्यक आर्थिक सहयोग प्रदान गर्ने | | | | | | | |
| ९ | वर्षभरी सञ्चालन हुने चाडपर्व तथा साँस्कृतिक कृयाकलाप व्यवस्थित रूपमा सञ्चालन गर्न वार्षिक साँस्कृतिक पात्रो निर्माण गरी कार्यान्वयन गर्ने | | | | | | | |
| १० | पालिकामा रहेका अमूर्त साँस्कृतिक सम्पदाको Inventory तयार गर्ने | | | | | | | |

## कृषि पर्यटन

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | लुम्बिनी साँस्कृतिक न.पा.का केहि क्षेत्रलाई अर्गानिक क्षेत्र घोषणा गर्ने | | | √ | | न.पा., प्र.स. | कृषक समूह, निजी संस्था, दा.नी. | २ |
| २ | काला निमक धान उत्पादनलाई प्रोत्साहन गरि त्यसको उचित मूल्य र बजारिकरणको व्यवस्था मिलाउने | √ | | | | न.पा., प्र.स. | कृषक समूह, निजी संस्था, दा.नी. | |
| ३ | पर्यटकहरूलाई स्थानीय अर्गानिक खाना खुवाउन नगरपालिका, वडा र होटल एसोसियसनले संयुक्त रूपमा पहल गर्ने | √ | | | | न.पा., प्र.स. | कृषक समूह, निजी संस्था, दा.नी. | |
| ४ | नगरपालिकाका केही क्षेत्रलाई रासायनिक मल र किटनाशक विषादी मुक्त घोषणा गरि स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने | | √ | | | न.पा., प्र.स. | कृषक समूह, निजी संस्था, दा.नी. | |
| ५ | लुम्बिनीलाई Organic Products Hub बनाउन प्रोत्साहन कार्यक्रम लागु गर्ने | | √ | | | न.पा., प्र.स. | कृषक समूह, निजी संस्था, दा.नी. | |
| ६ | एक वडा एक कृषि पकेट पकेट क्षेत्र कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्ने | √ | | | | न.पा., प्र.स. | कृषक समूह, निजी संस्था, दा.नी. | |
| ७ | स्थानीय उत्पादलाइ प्याकेजिंग र ब्रान्डीङ गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा बिक्रि बितरण गर्न प्रोत्साहन कार्यक्रम संचालन गर्ने | | √ | | | न.पा., प्र.स. | कृषक समूह, निजी संस्था, दा.नी. | |

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| ८ | कृषि प्रवर्धनका लागि वार्षिक रूपमा कृषि मेला आयोजना गर्ने | √ | | | | न.पा., प्र.स. | कृषक समूह, निजी संस्था, दा.नी. | |
| ९ | कृषकहरूका लागि अध्ययन अवलोकन भ्रमण आयोजना गर्ने | √ | √ | | | न.पा., प्र.स. | कृषक समूह, निजी संस्था, दा.नी. | |
| १० | अन्तर पालिका/ जिल्ला कृषक छलफल तथा अनतरकृया कार्यक्रम आयोजना गर्ने | √ | | | | न.पा., प्र.स. | कृषक समूह, निजी संस्था, दा.नी. | |

### ४.६.२ मानव संसाधन क्षमता विकास कार्यक्रम

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथिमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | पर्यटन विकास सचेतना कार्यक्रम (वडा तथा समुदाय स्तरमा) | √ | √ | | २० | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | १ |
| २ | साना तथा मझौला होटेल व्यवस्थापन तालिम ***Hospitality Training (100 Persons), Cooking, House keeping(150 Persons), · Waiter/waitress (300 persons with focus to women groups)*** | √ | √ | | ५० | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | १ |
| ३ | घरवास पर्यटन ब्यबस्थापन तालिम (२०० जना) संचालन गर्ने | √ | √ | | ३० | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | ि१ |

| क्र.सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| ४ | पर्यटक गाइड तालिम (५० जना) संचालन गर्ने | √ | √ | | २५ | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | ि१ |
| ५ | विदेशी भाषा तालिम (English, German, French, Spanish, Chinese, Japanese) १० जना प्रत्येक भाषा | √ | | | ३० | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | १ |
| ६ | पर्यटन सूचना केन्द्रमा काम गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने | √ | | | ५ | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | १ |
| ७ | स्थानीय सँस्कृति सम्बन्धी तालिमहरू (स्थानीय सँस्कृति समूह) तथा उद्घोषण तालिम संचालन गर्ने (१० जना) | | √ | | १० | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | ि२ |
| ८ | हस्तकला सामग्री गुणस्तर सुधार तालिम संचालन गर्ने (५० जना) | √ | | | ५ | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | २ |
| ९ | सम्भावित उद्यमीहरूको लागि व्यवस्थापन क्षमता सुधार तालिम संचालन गर्ने | √ | √ | | ५ | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | १ |
| १० | जनजाति समुदाय तथा महिलाहरूमा परम्परागत सँस्कृति, रितिरिवाज क्षमता अभिवृद्धि तालिम संचालन गर्ने | | √ | √ | २० | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | २ |
| ११ | स्थानीय विद्यालयका छनोट गरिएका शिक्षकहरूलाई पर्यटन, वातावरण र स्थानीय | | √ | | १० | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | २ |

| क्र.सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| | सँस्कृतिसम्बन्धी ज्ञान र तालिम प्रदान गरी प्रशिक्षक तयार गर्ने | | | | | | | |
| १२ | सामुदायिक संस्थाहरूका (Community Based Organizations) लागि पर्यटन योजना, विकास, तथा व्यवस्थापन तालिम संचालन गर्ने | | √ | | १० | न.पा., स्थानिय जनता | स.प.ना.उ.म | १ |

### ४.६.३ पर्यटन प्रवर्धन, बजारीकरण तथा अनुसन्धान विकास कार्ययोजना

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथिमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | छुट्टै लुम्बिनी साँस्कृतिक नगरपालिका पर्यटन बोर्ड स्थापना गर्ने | √ | | | २० | न.पा., | स्था.स. | १ |
| २ | पर्यटन सुचना तथा सेवा केन्द्र स्थापना गर्ने | | √ | | १०० | न.पा., | स्था.स. | १ |
| ३ | पर्टकीय स्थलहरू बारेका पुस्तिका, नक्सा, वृत्तचित्र, पोष्टर तथा पर्चा निर्माण | | √ | | १० | न.पा., | स्था.स. | १ |
| ४ | लुम्बिनी साँस्कृतिक न.पा.को वेबसाइटमा यस क्षेत्रका पर्यटकीय गन्तव्य र उत्पादनहरूको विवरण राखी प्रचारप्रसार गर्ने | √ | | | २ | न.पा., | स्था.स. | १ |
| ५ | यस क्षेत्रका समुदाय, सँस्कृति र सम्पदाहरूको अनुसन्धानमुलक पुस्तक प्रकाशन गर्ने | | √ | | ५ | न.पा., | स्था.स. | २ |
| ६ | पर्यटन बजारीकरणका लागि युट्युब, फेसबुक, एफ.एम., रेडियो र टेलिभिजन मार्फत् प्रचारप्रसार गर्ने | √ | | | १० | न.पा., | स्था.स. | १ |

| क्र.सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथिमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| ७ | लुम्बिनी साँस्कृतिक तथा सडक खाना महोत्सवलाई निरन्तरता दिँदै थप प्रवर्धन गर्ने | √ | | | ५० | न.पा., | स्था.स. | १ |
| ८ | माघी तथा छठ महोत्सवलाई निरन्तरता दिँदै थप प्रवर्धन गर्ने | √ | | | ५० | न.पा., | स्था.स. | १ |
| ९ | अन्य प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने | | √ | | ४० | न.पा., | स्था.स. | २ |
| १० | पर्यटन ब्रान्डको प्रवर्धन गर्ने | | | | १० | न.पा., | स्था.स. | १ |
| ११ | साँस्कृतिक धरोहरहरू (जीवनशैली, भाषा, सँगीत, नाच, जात्रा आदी)को पहिचान दस्तावेज तयार पार्ने र वार्षिक साँस्कृतिक क्यालेन्डर बनाउने | √ | √ | √ | १० | न.पा., | स्था.स. | १ |
| १२ | एक गाउँ एक उत्पादनको पहिचान गरि प्रवर्धन गर्ने (जस्तै Festivals, Dance, Music, Handicrafts, Souvenir Items, Organic Farming Etc.,) । | √ | √ | √ | १० | न.पा., | स्था.स. | १ |
| १३ | स्थानीय जात्रा, रितिरिवाज, संगीत, नाचहरूको डकुमेन्ट्री (Audio/Visual) निर्माण गरी प्रवर्धन गर्ने | √ | √ | √ | | न.पा., | स्था.स. | २ |

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथिमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| १४ | ICT मा आधारित प्रचार सामग्रीहरू निर्माण गर्ने | √ | √ | √ | १० | न.पा., | स्था.स. | २ |
| १५ | पर्यटन आगमनको तथ्याङ्क तथा प्रोफाइल अद्यावधिक राख्ने | √ | √ | √ | १० | न.पा., | स्था.स. | |
| १६ | सम्भावित पर्यटन बजारको पहिचान तथा प्रवर्धन गर्न (International as well as domestic) अध्ययन गर्ने | √ | | | १० | न.पा., | स्था.स. | |
| १७ | आन्तरिक, वैदेशिक तथा भारतीय पर्यटक लक्षित tourism packages बनाउने | √ | √ | √ | १० | न.पा., | स्था.स. | |
| १८ | पर्यटक तथा tour operator हरू सँग नियमित प्रतिक्रिया लिने र समन्वय गर्ने | √ | √ | √ | १० | न.पा., | स्था.स. | १ |
| १९ | लुम्बिनीको बृहत गाइड बुक तथा Coffee Table Book बनाउने र प्रचार प्रसार गर्ने | | √ | | २५ | न.पा., | स्था.स. | १ |
| २० | भैरहवा एयरपोर्ट र बुटवलमा लुम्बिनीको पर्यटकीय सम्पदा झल्किने गरी डिजिटल होर्डिङ बोर्ड राख्ने | | | | | न.पा., | स्था.स. | |

### ४.६.४ पर्यटकीय तथा वातावरण सचेतना कार्ययोजना

| क्र. सं. | प्रस्तावित कार्यक्रम | कार्यान्वयन अवधि | | | अनुमानित लागत (लाखमा) | जिम्मेवार निकाय कार्यान्वयन अवधि | सहयोगी निकाय | प्राथिमिकिकरण |
|---|---|---|---|---|---|---|---|---|
| | | अल्पकालीन | मध्यकालीन | दीर्घकालीन | | | | |
| १ | परम्परागत ज्ञान तथा शिपहरू संकलित दस्तावेज तयार गर्ने | √ | | | | न.पा., शैक्षिक संस्था | | |
| २ | पर्यटन, सँस्कृति तथा वातावरण सचेतना कार्यक्रमहरू संचालन गर्ने | √ | | | | न.पा., शैक्षिक संस्था | | |
